# माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको दसौँपत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


<u>शोधार्थी</u>

पबित्रा सिलवाल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ


२०६४

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी शोधार्थी पबित्रा सिलवालले **माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

............................

**कृष्णप्रसाद आचार्य**

**उप. प्राध्यापक**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर**

मितिः २०६४/१/२७

# स्वीकृति – पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा पवित्रा सिलवालले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँपत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

| क्र.सं. | नाम | | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रा. घनश्याम उपाध्याय कँडेल | (विभागीय प्रमुख) | ........................ |
| २. | उप.प्रा. कृष्णप्रसाद आचार्य | (शोध निर्देशक) | ........................ |
| ३. | मोहनराज शर्मा | (बाह्य परीक्षक) | ........................ |

मितिः २०६४/१/२७

# कृतज्ञताज्ञापन

**माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनका लागि आदरणीय गुरु उप. प्राध्यापक श्री कृष्णप्रसाद आचार्यज्यूको निर्देशनमा तयार पारेकी हूँ । शोधपत्रको तयारीको क्रममा आवश्यक सल्लाह, सुझाव र उचित मार्ग निर्देशन दिनुभई पूर्ण सहयोग गरिदिनु हुने आदरणीय गुरुप्रति म हृदय देखि नै आभार र कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको शीर्षकलाई स्वीकृत प्रदान गरी लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. घनश्याम उपाध्याय कँडेल र नेपाली केन्द्रीय विभागप्रति म आभारी छु । यसका साथै प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने अरू गुरुप्रति पनि म आभार प्रकट गर्न चाहान्छु । शोधपत्रको सामग्रीको निम्ति छिटो छरितो ढङ्गबाट पुस्तकहरू उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय तथा मदन पुरस्कार पुस्तकालय पाटनढोकाका महानुभाव प्रति पनि हार्दिक धन्यावाद व्यक्त गर्न चाहान्छु ।

मेरो अध्ययनलाई यहाँ सम्म पुऱ्याउन सदैव प्रेम, स्नेह र आशीर्वाद दिएर सहयोग गर्नुहुने मेरा पिता टोपप्रसाद सिलवाल, माता उमादेवी सिलवाल तथा श्रीमान गिरीराज कँडेलप्रति आभार प्रकट गर्न चाहन्छु । त्यस्तै शोधकार्यका क्रममा अन्य विभिन्न तहबाट सहयोग गर्ने मेरा आफन्तहरू तथा साथीहरूमा शीला रानाभाट, सान्नानी बुर्लाकोटी, खेम प्रसाई, शंकर ढुङ्गाना लगायतका व्यक्तिहरू प्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । सङ्कलित सामग्रीहरू होसियारीपूर्वक टङकन गरी सहयोग पुऱ्याउनु हुने युनिर्भसल फोटो कपी तथा कम्प्युटर सेन्टरका सुभाष खत्रीलाई पनि धन्यावाद दिन चाहन्छु ।

अन्त्यमा, म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

**शैक्षिक सत्र २०५८-२०५९**
**मितिः २०६४/१/२७**

**पवित्रा सिलवाल (कँडेल)**
**नेपाली केन्द्रीय विभाग**
**त्रि.वि. कीर्तिपुर**

# विषय सूची

## पहिलो परिच्छेद

## शोध परिचय


१.१ शोध शीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य ७

१.८ शोधकार्यको सीमाङ्कन ७

१.९ सामग्री सङ्कलन र शोधविधि ७

१.१० शोधपत्रको रूपरेखा ८


## दोस्रो परिच्छेद

## नेपाली कविताको माध्यमिककाल र प्रमुख माध्यमिककालीन कविहरू तथा काव्य प्रवृत्ति


२.१ माध्यमिककालीन प्रमुख कविहरू ९

२.१.१ राजीवलोचन जोशी (१९०५-१९६३) १०

२.१.२ होमनाथ खतिवडा (१९११-१९८४) ११

२.१.३ शिखरनाथ सुवेदी (१९२१-२००५) ११

२.१.४ लक्ष्मीदत्त पन्त (१९२२-१९६२) १२

२.१.५ मोतीराम भट्ट (१९२३-१९५३) १२

२.१.६ कुञ्जविलास गौतम (१९२९-१९९१) १३

२.१.७ तीर्थ राज पाण्डे (१९२९-१९७९) १४

२.१.८ गोपीनाथ लोहनी (१९३०-१९७५) १४

२.१.९ भवानी प्रसाद खतिवडा (१९३१-१९८६) १५
२.१.१० कुलचन्द्र गौतम (१९ ३२-२०१५) १५
२.१.११ कृष्ण प्रसाद रेग्मी (१९४०-१९८५) १६
२.१.१२ चक्रपाणि चालिसे (१९४०-२०१५) १७
२.१.१३ सोमनाथ सिग्देल (१९४१-२०२९) १७
२.१.१४ शम्भुप्रसाद ढुङ्गेल (१९४६-१९८६) १८
२.२ माध्यमिककालीन काव्यप्रवृत्ति २०
२.२.१ श्रृङ्गारिक धारा २२
२.२.२ भक्तिधारा २२
२.३ माध्यमिककालीन काव्यरुप २२
(क) पद्याख्यान २२
(ख) गजल, भजन, सवाई र बालूनको प्रयोग २२
(ग) लहरी साहित्य २३
(घ) अड्का र खाँडो २३
(ङ) उपदेश र समस्यापूर्ति २४

## तेस्रो परिच्छेद

## धादिङ जिल्लाका माध्यमिककालीन कविहरू र तिनका कवितात्मक कृतिहरूको अध्ययन

३.१ धादिङका माध्यमिककालीन कविहरू २५
३.१.१ होमनाथ खतिवडा र उनका कृतिहरू २६
(क) रामाश्वमेघ २७
(ख) महाभारत विराटपर्व २८
(ग) महाभारत सभा पर्व २९
(घ) श्रीमद्भागवत् कृष्ण चरित्र (प्रेम सागर) ३१
(ङ) नृसिंह चरित्र ३१

३.१.२ कुञ्जविलास गौतम र उनका कृतिहरू ३१
(क) महाभारत (गदापर्व) ३२
(ख) महाभारत (सौप्तिक पर्व) ३३
(ग) महाभारत (स्त्रीपर्व) ३४
(घ) महाभारत (शल्यपर्व) ३५
(ङ) गुहसेनोद्वाह (काव्य) ३५
(च) शशिमुखी लोहजंघोपाख्यान ३६
३.१.३ भवानीप्रसाद खतिवडा र उनका कविता कृति
ढ्याङरो ३९
(क) आत्मपरिचय ३९
(ख) हाम्रो पाताल यात्रा ३९
(ग) धनगौरव ४०
(घ) कूटनीति ४०
(ङ) देशदशा ४१
(च) उचित राय ४१
(छ) मर्मवेदना ४२
(ज) प्रबोधन ४३
(झ) के गरौं ४३
(ञ) सुधार आतंक ४३
(ट) सावधान ४४
(ठ) स्वर्ग-सोपान ४४
(ड) धूर्त वर्णना ४४
(ढ) अहंकार ४५
(ण) बराह वर्णन ४५
(त) हितोपदेश ४६

(थ) विश्वनाथ वर्णन ४६

३.१.४ कुलचन्द्र गौतम र उनका कृतिहरू ४६

(क) अलङ्कार चन्द्रोदय (लक्षणग्रन्थ) ५०

(ख) आदर्श दम्पति सीतारामौ ५०

(ग) राघवालङ्कार ५१

(घ) दत्तचर्या र दत्तचर्यासार संग्रह ५२

(ङ) तुलसीकृत रामायण ५३

(च) उन्माद ५४

३.१.५ केदारनाथ खतिवडा र उनका कृतिहरू ५४

३.१.६ कृष्ण प्रसाद रेग्मी र उनका कृतिहरू ५६

(क) विरह लहरी र प्रभावती चरित्र ५८

(ख) ठूलो भक्तमाला र लक्ष्मण प्रश्नोत्तरी ५९

(ग) देवी भागवत (पुराणकाव्य) ६१

(घ) रम्भाशुक संवाद, ऋतुमाला र श्रृङ्गारमाला ६२

(ङ) पट्टापट्टी ६४

(च) शिवगीता (नेपाली भाषा अनुवाद) ६४

(छ) हरिहर स्तुति ६५

(ज) महाभारत उद्योग पर्व ६५

(झ) कुखुरा कराए (फुटकर) ६५

## चौथो परिच्छेद

## माध्यमिककालीन कवितामा धादिङ जिल्लाको योगदान

४.१ माध्यमिककालीन कविताका प्रवृत्तिहरू ६६

४.१.१ श्रृङ्गारिक धारा ६६

(क) मोतीराम भट्ट ६७

(ख) लक्ष्मीदत्त पन्त ६८

(ग) कृष्णप्रसाद रेग्मी ६९
४.१.२ भक्तिधारा ७०
(क) होमनाथ खतिवडा ७०
(ख) शिखरनाथ सुवेदी ७१
(ग) कुलचन्द्र गौतम ७१
(घ) कुञ्जविलास गौतम ७२
(ङ) केदारनाथ खतिवडा ७३
४.१.३ अन्य धारा तथा प्रवृत्ति ७३
(क) भवानी प्रसाद खतिवडा ७४
४.२ निष्कर्ष ७६

**पाँचौ परिच्छेद**

**उपसंहार**

निष्कर्ष ८३
सन्दर्भग्रन्थ सूची ८५

# सङ्क्षेपीकरण

| सङ्क्षिप्त रूप | पूर्णरूप |
|---|---|
| ई. | ई.सम्वत् |
| क्र.सं. | क्रम संङ्ख्या |
| काठ. | काठमाडौं |
| चौ.सं. | चौथो संस्करण |
| त्रि.वि.वि | त्रिभुवन विश्वविद्यालय |
| ते.सं. | तेस्रो संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पाँ.सं. | पाँचौ संस्करण |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग कीर्तिपुरको स्नातकोत्तर (एम.ए) तहको दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको छ ।

## १.३ विषय परिचय

पूर्वमा काठमाडौ रसुवा र नुवाकोट, पश्चिममा गोरखा, उत्तरमा तिब्बत र रसुवा तथा दक्षिणमा चितवन र मकवानपुर जिल्लाको सीमाले वेष्ठित बन्दै बाग्मती अञ्चलको पश्चिम भागमा अवस्थित धादिङ जिल्ला प्राकृतिक, सामाजिक, साँस्कृतिकका साथै साहित्यिक दृष्टिबाट उर्वर जिल्लाको रूपमा परिचित छ । साहित्यकै कारणले धादिङ जिल्लाको राष्ट्रिय स्तरमा छुट्टै पहिचान रहिआएको छ । हालसम्म प्राप्त प्रमाण र जानकारी अनुसार अठारौ शताब्दीको अन्ततिर धादिङ जिल्लाको साहित्यिक लेखनको श्रीगणेश गर्ने श्रेय विद्यारण्य केशरी अर्ज्याललाई जान्छ । नेपाली भाषामा लेखिएका उनका केही मौलिक रचनाहरू सँगै यस जिल्लाको साहित्यिक यात्राको औपचारिक थालनी भएको मानिन्छ । "युगलगीत" र "द्रौपदी स्तुति" जस्ता भगवत् भक्ति र प्रार्थनामा आधारित उनका अनुवादमूलक कृतिहरू नै प्राथमिककालीन साहित्यिक उपलब्धि हुन् । यसपछि धादिङको साहित्यिक इतिहासले निरन्तरता पाउन करिब सात

दशक पर्खनु परेको देखिन्छ । लामो समयको पर्खाइपछि माध्यमिक कालको सुरूवातसँगै यस जिल्लाको साहित्यिक यात्रा पुनः सक्रिय हुनथालेको पाइन्छ । होमनाथ खतिवडा, कुञ्जविलास गौतम, भवानीप्रसाद खतिवडा, पं. कुलचन्द्र गौतम, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी जस्ता साहित्यकारहरूले कलम चलाई धादिङ जिल्लाको साहित्यिक इतिहासलाई तीब्र गतिमा अगाडि बढाई माध्यमिककालीन साहित्यको उर्वर भूमिका रूपमा धादिङ जिल्लालाई चिनाएको पाइन्छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रको मूलसमस्या माध्यमिकिलीन नेपाली कवितामा धादिङ जिल्लाको योगदानमा केन्द्रीत रहेको छ । शोधसमस्यासँग सम्बन्धित प्रस्तुत शोध शीर्षकसँगै निम्न समस्याहरू देखा पर्दछन् ।

(क) नेपाली कविताको माध्यमिककाल र प्रमुख माध्यमिककालीन कविहरु तथा काव्य प्रवृत्तिहरु के कस्ता रहेका छन्?

(ख) धादिङ जिल्लाका माध्यमिककालीन कविहरू को-को हुन् र तिनले के कस्ता कृतिहरू लेखेका छन्?

(ग) माध्यमिककालीन प्रमुख कविहरूका प्रमुख कृतिहरूको मूल स्वर वा प्रवृति के रहेको छ?

(घ) माध्यमिककालीन नेपाली साहित्यको विकासमा धादिङ जिल्लाका कविहरूको के कस्तो योगदान रहेको छ ?

उपर्युक्त समस्याहरूलाई नै यस शोधकार्यको मूल समस्याका रूपमा लिइएको छ र यिनै समस्याहरूको केन्द्रीयतामा रहेर शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

धादिङ जिल्लाका माध्यमिककालीन कवि र तिनका कविता कृतिहरूको अध्ययनमा आधारित भई समस्याकथनमा उठेका समस्याहरूको ठोस, विस्तृत र तथ्यपरक अध्ययन विश्लेषण गर्नका लागि प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रीत रहेको छ ।

(क) नेपाली कविताको माध्यमिककाल र प्रमुख माध्यमिककालीन कविहरु तथा तिनका काव्य प्रवृत्तिहरुको निर्क्योल गर्नु,

(ख) धादिङ जिल्लाका माध्यमिककालीन कविहरूको खोजी गर्दै तिनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु,

(ग) धादिङ जिल्लाका माध्यमिककालीन प्रमुख कविहरूका प्रमुख कृतिहरूको मूलस्वर वा प्रवृतिको निर्क्यौल गर्नु,

(घ) माध्यमिककालीन नेपाली साहित्यको विकासमा धादिङ जिल्लाको साहित्यको योगदान पत्ता लगाउनु,

## १.६ पूर्वकार्यको समीक्षा

'माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदान' विषयमा आजसम्म कुनै अध्ययन हुनसकेको छैन । यद्यपि धादिङ जिल्लाका साहित्यकारहरूको परिचय र मूल्याङ्कन विषयमा भने अध्ययन भएको देखिन्छ । कतिपय समीक्षकहरूले यस जिल्लाका माध्यमिककालीन कविका बारेमा आंशिक अध्ययन र चर्चा गरेको पाइन्छ जसलाई कालक्रमिक ढङ्गमा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**१. कमल दीक्षितः कालो अक्षर ते.सं. (काठमाडौः साझा प्रकाशन २०२८)**

यस पुस्तकको पृष्ठ ५४ मा 'कुखुरा कराये' शीर्षकको कविताका बारेमा चर्चा गर्दा कृष्णप्रसाद रेग्मीबारे लेखिएको छ । उनका काव्यगत वैशिष्टयको मूल्यांङ्कन गरिएको यस समीक्षामा कृष्णप्रसादको 'पट्ठापट्ठी' नामक कृतिबारे विशेष समीक्षा गरिएको छ । यसमा उनलाई धादिङका साहित्यकारका रूपमा नभई माध्यमिककालीन श्रृङगारिक धाराका कविका रूपमा विशेष परिचय गराइएको छ ।

**२. दयाराम श्रेष्ठ र मोहनराज शर्माः नेपाली साहित्यको संक्षिप्त इतिहास 'प्रथम संस्करण (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३४)**

यस कृतिमा नेपाली साहित्यको विधागत इतिहास उल्लेख गर्ने क्रममा केही धादिङे साहित्यकारका नाम परेका छन् तर तिनीहरूलाई धादिङका साहित्यकारका रूपमा नभई नेपाली साहित्यको खास खास विधाका साधकका रूपमा परिचित गराइएको पाइन्छ । यसमा कविता विधामा कलम चलाउने यस जिल्लाका माध्यमिककालीन कवि केदारनाथ खतिवडा, होमनाथ खतिवडा, कृष्ण प्रसाद रेग्मी, कुञ्जविलास गौतम र कुलचन्द्र गौतमको नाम उल्लेख गरिएको छ ।

**३. शरद्चन्द्र शर्मा (भट्टराईः) नेपाली साहित्यको इतिहास (माध्यमिककाल) ( पा.वि.केन्द्र त्रि.वि.वि. प्रथम संस्करण २०३७)**

शर्माको यस कृतिमा माध्यमिककालीन प्रबृति अन्तर्गत श्रृङ्गारिक प्रबृतिका कविताहरु रचना गर्ने कवि कृष्णप्रसाद रेग्मीको चर्चा गरिएको छ र अन्य कविहरुमा होमनाथ खतिवडा र कुलचन्द्र गौतमको नाम मात्र उल्लेख गरिएको छ ।

**४. तारानाथ शर्माः नेपाली साहित्यको इतिहास दो.सं. (काठः संकल्प प्रकाशन, २०३९)**

शर्माको यस कृतिमा नेपाली साहित्यको सेवामा लागेका सबैजसो साहित्यकारहरूको छोटो परिचय दिने क्रममा उनीहरूको विधागत योगदान समेत उल्लेख गरिएको पाइन्छ । यस क्रममा धादिङका माध्यमिककालीन साहित्यकार केदारनाथ खतिवडा, भवानीप्रसाद खतिवडा र कुञ्जविलास गौतमको पनि नाम उल्लेख भएको पाइन्छ । धादिङ जिल्लाका माध्यमिककालीन साहित्यकारका सन्दर्भमा यस कृतिमा भएको प्रयासले खासै महत्व राख्दैन ।

**५. घटराज भट्टराईः प्रतिभै प्रतिभा र नेपाली साहित्य (काठमाडौः नेशन रिसर्च एसोसियट्स २०४०)**

भट्टराईको यस कृतिमा आदिकवि भानुभक्त आचार्यदेखि परशु प्रधान सम्मका नेपाली साहित्यकारहरूको परिचय दिने क्रममा धादिङ जिल्लाका माध्यमिककालीन कविहरू होमनाथ खतिवडा, कुलचन्द्र गौतम, कृष्णप्रासद रेग्मी जस्ता साहित्यकारको पनि परिचय दिएको पाइन्छ ।

यी साहित्यकारको परिचय दिने क्रममा केहीको मात्र धादिङसित रहेको संलग्नता उल्लेख गरिएको छ । तसर्थ यो परिचयलाई धादिङका माध्यमिककालीन साहित्यकारहरूको पर्याप्त परिचय मान्न सकिदैन ।

**६. डिल्लीराम तिम्सिना र माघव भण्डारीः हाम्रो साहित्य र साहित्यकारहरू पा.सं. (वाराणसीः नभसंगम, २०४१)**

लेखक द्धयको यस कृतिमा नेपाली साहित्यकाहरूको संक्षिप्त परिचय दिने क्रममा केही पुराना र केही नयाँ साहित्यकारहरूको नाम उल्लेख भएको पाइन्छ तर तिनीहरूलाई धादिङका साहित्यकार भनेर चिनाउने काम भएको छैन । यस कृतिभित्र धादिङ जिल्लाका माध्यमिककालीन कवि होमनाथ खतिवडा, कुलचन्द्र

गौतम, कृष्णप्रसाद रेग्मीका नाम मात्र समावेश गरिएको छ । तसर्थ यो पनि धादिङ जिल्लाका माध्यमिककालीन साहित्यकारको पूर्ण परिचय हुन सक्दैन ।

**७. वासुदेव त्रिपाठी र अन्य** (संपा): **नेपाली कविता 'भाग ४'** (**पुल्चोक: साझा प्रकाशन २०४६**)

यस कृतिमा माध्यमिककालीन श्रृङगारिक धाराका मुख्य कविको रूपमा कृष्णप्रसाद रेग्मी, भक्ति, धाराका मुख्य कविको रूपमा होमनाथ खतिवडा, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी र कुञ्जविलास गौतमका नाम उल्लेखित छन् ।

**८. रामहरि लम्साल: धादिङ जिल्लाका साहित्यकारहरूको परिचय र मूल्याङ्कन** ( **केन्द्रीय पुस्तकालय त्रि.वि. कीर्तिपुर ०५३**)

शोधकर्ता लम्सालले धादिङ जिल्लाका साहित्यकारहरूको परिचय र मूल्याङ्कन गर्ने क्रममा यस जिल्लाका माध्यमिककालीन कविहरू होमनाथ खतिवडा, केदारनाथ खतिवडा, कुलचन्द्र गौतम, भवानीप्रसाद खतिवडा, कृष्ण प्रसाद रेग्मीको परिचय दिदै तिनका कृतिको कृतिगत विशेषतालाई संक्षेपमा केलाएका छन् ।

उपर्युक्त लिखित जतिपनि पूर्वकार्यहरू भएका छन् ती सबै संक्षिप्त चर्चा र व्यक्ति प्रतिभाको अध्ययन मै केन्द्रीत छन् । जिल्लाका माध्यमिककालीन कवि, तिनको कृतित्व र तिनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको ठोस, विस्तृत र विशट अध्ययन गरिनु सान्दर्भिक भएकाले प्रस्तुत शोधपत्रमा यही कुराको अध्ययन गरिएकोछ ।

## १.७ शोधकार्यको औचित्य

प्राथमिककालीन कवि विद्यारण्य केसरीबाट सुरू भएको धादिङ जिल्लाको साहित्यिक लेखन माध्यमिक कालमा आएर निकै मौलाएको पाइन्छ । होमनाथ खतिवडा, कुञ्जविलास गौतम, भवानीप्रसाद खतिवडा, पं कुलचन्द्र गौतम, केदारनाथ खतिवडा कृष्णप्रसाद रेग्मी जस्ता साहित्यकारहरूले आफ्नो सिर्जनाशीलताको कारणबाट एक उर्वरभूमिका रूपमा चिनाएका छन् । माध्यमिककालीन नेपालीसाहित्यमा धादिङ जिल्लाको उल्लेख्य योगदान रहेपनि यसको गहन र विस्तृत अध्ययन हुन नसकिरहेको अवस्थामा प्रस्तुत शोध पत्रको औचित्य स्वतः स्पष्टिन्छ । अतः अलग अलग, फाट्टफूट्ट वा मोटामोटी अध्ययनमात्र भइरहेको स्थितिमा धादिङ जिल्लाका माध्यमिककालीन कविहरूको अध्ययनले उल्लेख महत्व राख्दछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

धादिङ जिल्लाको भौगोलिक सीमाभित्र केन्द्रीत रही जिल्लाका माध्यमिककालीन कवि र तिनका कविता कृतिहरूको विवेचना गरी तिनका योगदान पत्ता लगाउनुमा प्रस्तुत शोधपत्र सीमित रहेकोछ । अध्ययनका क्रममा यस जिल्लाको प्राथमिककालीन साहित्यिक लेखन परम्परालाई पृष्ठभूमिको रूपमा नलिइकन यस जिल्लाका माध्यमिककालीन कविहरूको मात्र अध्ययन गरिएको छ । हालसम्म प्राप्त माध्यमिककालको सम्पूर्ण कविहरूको परिचय मूल्याङ्कन र योगदानको अध्ययन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा पुस्तकालयीय अध्ययन पद्धतिलाई नै प्रमुख आधार बनाइनेछ । पुस्तकालयीय विधिबाट अध्ययन गर्दा प्राप्त सामग्रीको अध्ययन गर्दा आवश्यकता अनुसार वर्णनात्मक, विवरणात्मक एवं

विश्लेषणात्मक पद्धतिलाई आधार बनाइएको छ । कृतिको विश्लेषण र मूल्याङ्कन गर्दा कृतिपरक तथा वस्तुपरक समालोचना प्रणालीलाई मुख्य माध्यम बनाई प्रवृत्तिमूलक अध्ययन गरिएकोछ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधकार्यलाई स्पष्ट, सुव्यवस्थित एवं सुगठित पार्न निम्न परिच्छेदहरूमा बाँडेर अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद- नेपाली कविताको माध्यमिक काल र प्रमुख माध्यमिककालीन कविहरू तथा काव्य प्रवृत्ति ।

तेस्रो परिच्छेदः- धादिङ जिल्लाका माध्यमिककालीन कविहरू र तिनका कविता कृतिहरूको अध्ययन

चौथो परिच्छेदः- माध्यमिककालीन नेपाली कवितामा धादिङ जिल्लाको योगदानः

पाँचौ परिच्छेदः- उपसंहार

# दोस्रो परिच्छेद

# नेपाली कविताको माध्यमिककाल र प्रमुख माध्यमिककालीन कविहरू तथा काव्य प्रवृत्ति

नेपाली साहित्यको अध्येताहरूले माध्यमिक काल भन्नाले भानुभक्त पछि र लेखनाथ अघिको समयलाई मोटामोटी रूपमा स्वीकारेका छन् । कसैकसैले 'सूक्तिसिन्धु' को प्रकाशन सम्मको समयलाई माध्यमिककाल मानेका छन् । नेपाली कविताको प्राथमिककाल वीरधारां (१८०१-१८७२) र भक्तिधारा (१८७३-१९३९) सम्म रहयो र मोतीरामको साहित्यिक यात्रा (१९४०) सँगै माध्यमिक कालको प्रारम्भ भएको हो । पूर्व माध्यमिक काल (१९४०-१९६१) र उत्तर माध्यमिक काल (१९६२-१९७४) गरी दुई चरणमा विभाजित गरिएको पनि पाइन्छ । पूर्व माध्यमिक कालमा मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, चिरन्जीवी पौड्याल, होमनाथ खतिवडा, कुलचन्द्र गौतम, लेखनाथ पौड्याल आदि प्रतिभाहरूको उदय भएको पाइन्छ भने उत्तर माध्यमिक कालमा प्रतिभाहरूमा सोमनाथ सिग्देल, लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, कुलचन्द्र गौतम, कृष्णप्रसाद रेग्मी, लक्ष्मीदत्त पन्त आदिको नाम लिनुपर्छ । प्राथमिक कालका मूल प्रवृत्ति वीर, कृष्णभक्तिधारा, रामभक्तिधारा, जोसमनीसन्तधारा थियो भने माध्यमिक कालका मूल प्रवृत्तिमा श्रृङगार, हाँस्य करूण, वीर धर्म, नीति, मनोरञ्जन आदि प्रमुख हुन् । उपर्युक्त प्रवृत्तिहरूलाई विकसित गर्न गराउन माध्यमिक कालमा कवि लेखकहरूको महत्वपूर्ण भूमिका छ ।

## २.१ माध्यमिककालीन प्रमुख कविहरू

माध्यमिककालीन नेपाली पद्यको फाँटलाई हेर्दा युवाकवि मोतीराम भट्ट, तीर्थप्रसाद आचार्य, तुलसीदत्त भट्टराई, शम्भुप्रसाद ढुँगेल, हरि प्रसाद नेपाली श्रृङ्गारिक पुस्तक लेख्ने कविका रूपमा देखिन्छन्  भने लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, तेजबहादुर राना, चक्रपाणि चालिसे तीर्थराज पाण्डे शिखरनाथ सुवेदी,

राजीवलोचन जोशी, देवीदत्त पराजुली आदि प्रतिभाहरूको फुटकर कविता र बाह्रमासे ऋतुवर्णन साहित्य लेखनीमा उल्लेखनीय योगदान रहन गएको देखिन्छ । त्यसैगरी होमनाथ, केदारनाथ आदिको भक्ति भावयुक्त कविता कृतिहरू पनि माध्यमिक कालमा नै रचिए र प्रकाशित पनि भए । माध्यमिक कालका केही प्रमुख कविहरूको परिचय यस प्रकार छ ।

### २.१.१ राजीवलोचन जोशी (१९०५–१९६३)

वि.सं. १९०५ मा काठमाडौमा जन्मन पुगेका राजीवलोचन जोशीले नेपाली कविता साहित्यमा महत्वपूर्ण देन दिन पुगेको देखिन्छ । मोतीराम भट्टभन्दा केही वर्ष जेठा भए पनि मोतीरामसँगको सम्पर्कले निकै साहित्य सृजना गर्न यिनलाई प्रेरणा मिलेको देखिन्छ । थुप्रै टुक्रे पद्यहरूको रचना गर्ने यिनका पतिव्रताधर्म र केदारकल्प महत्वपूर्ण कृति मानिन्छ । कर्मकाण्ड, हिन्दुधर्म र पौराणिक विषयमा कविता लेख्न सक्ने जोशीले संस्कृतको राम्रो अध्ययन गरेका थिए भन्ने कुराको अनुमान गर्न सकिन्छ तापनि यिनको शैक्षिक योग्यता कति थियो भन्ने कुरामा चाहि यसै भन्न सकिन्न । उनका उपलब्ध कृतिहरू यस प्रकार छन् ।ः

१. केदारकल्प (१९४९)

२. चानक भाषा श्लोक (१९५०)

३. पतिव्रता धर्म (१९५२)

४. चाणक्यनीति (पाण्डुलिपि) १९५०

५. विस्मतहर्ष तरंगिणी १९६८

६. फुटकर कविताहरू (श्लोक संग्रह, सूक्तिसिन्धु र गफाष्टकमा)

७. कुट कविता (भारतराज पन्तसँग सुरक्षित)

### २.१.२ होमनाथ खतिवडा (१९११–१९८४)

सुब्बा होमनाथ केदारनाथका नामबाट प्रकाशन संस्था खोली नेपाली भाषा साहित्यको विकासमा वनारसमा बसेर पनि कविता र काव्यहरूको लेखनी गर्ने, प्रकाशन गर्ने होमनाथ खतिवडाको जन्म वि.सं. १९११ मा काठमाडौमा भएको हो । पैतृक थलो धादिङ जिल्लाको कल्लेरी भएका यिनले सुब्बाको जागिर पनि खाएका थिए । पछि १९३८ मा नेपालको इतिहासमा घटेको राजकाजी पर्वमा परी यिनलाई देशनिकाला गरियो । त्यसपछि यिनले बनारसमा बसी पुस्तक लेखन तथा प्रकाशनको कार्य गरे । यिनका प्रकाशित पुस्तकहरू यस प्रकार छन् ।

१. रामाश्वमेघ (१९६०)

२. विराटपर्व (१९६३)

३. सभापर्व (१९६३)

४. कृष्ण चरित्र (१९६५)

५. नृसिंह चरित्र (१९६३)

### २.१.३ शिखरनाथ सुवेदी (१९२१–२००५)

काठमाडौ जिल्लाको मच्छेगाउँमा वि.सं. १९२१ मा जन्मन पुगेका शिखरनाथ सुवेदी संस्कृतका ज्ञाता थिए । यिनले वनारसमा अध्ययन गर्ने मौका पाएका थिए । पुस्तक प्रकाशन संस्था खोलेर लोकप्रिय उपयोगी पुस्तक तयार पारेर उनको सेवा आफ्नो समयमा निकै चर्चित रहेको थियो । बनारसमा नै सोमनाथ सिग्देल, चक्रपाणि, चालिसे जस्ता साहित्यिक महारथीसँग टक्कर लिन खोज्ने सुवेदीका कृतिहरू यस प्रकार छन् ।

१. वीरषष्टिका (१९५५ काव्य)

२. शिखरनाथ भाष्य (१९५९)

३. श्रृङगार दर्पण (१९५५)

४. कर्ण पर्व

५. दुर्गा कवच (१९७८)

६. वृहत कृष्ण चरित्र (१९६५)

७. द्यूतमुद्राष्टक (१९७२)

८. अक्षरमाला (१९६९)

९. रामाश्वमेघ राजा (१९७३)

१०. थरगोत्र प्रवरावली (१९६८)

११. शिखरनाथ गोरखाशौचनिर्णय

## २.१.४ लक्ष्मीदत्त पन्त (१९२२–१९६२)

वि.सं. १९२२ मा काठमाडौमा जन्मिएका लक्ष्मीदत्त पन्तले माध्यमिक कालको नेपाली कविता साहित्यलाई अगाडि बढाउन निकै ठूलो योगदान दिएका थिए । 'मोतीमण्डली' नामक संस्थाको एक सदस्यका रूपमा काम गरेका यिनले धेरै पुस्तक नलेखे पनि कविता र गजल निकै लेखेका छन् । साथै यिनका गजलहरू निकै उत्कृष्ट रहेका छन् । संगीत चन्द्रोदय, गफाष्टक, मोतीरामको जीवनी पद्य संग्रह आदिमा पनि यिनका निकै गजलहरू छापिएका छन् । रसिला कवि पन्तको ४० वर्षको उमेरमा मृत्यु भए पनि यिनले प्रशस्त श्रृङ्गार परम्पराका साथै भक्तिकालीन परम्पराका कविताहरू पनि लेखेका छन् ।

## २.१.५ मोतीराम भट्ट (१९२३–१९५३)

वि.सं. १९२३ मा काठमाडौको भोसिको टोलमा जन्मिएका मोतीराम भट्टको बाल्यकाल वनारसमा वित्यो । उनले आफ्नो छोटो समयमा पनि धेरै नै महत्वपूर्ण साहित्यिक योगदान दिएका छन् । उर्दू, हिन्दी, अंग्रेजी, संस्कृत जस्ता भाषाका ज्ञाता यिनले नेपाली भाषाको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिएका छन् ।

छापाखानाको स्थापना, पुस्तकालयको परिचालनको साथै 'मोतीमण्डली' जस्तो संस्था खोलेर नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिने भट्ट माध्यामिक कालका प्रमुख कवि र श्रृङगार धाराका प्रवर्तक पनि हुन् । यिनको मृत्यु ३० वर्षको उमेरमा वि.सं. १९५३ मा भएको हो । यिनका प्रकाशित रचनाहरू हुन् ।

(क) मनोद्धवेगप्रवाह (कविता संग्रह, १९३८-४३)

(ख) गजेन्द्रमोक्ष (काव्य, १९४८)

(ग) पंचकप्रपंच (काव्य, १९४८)

(घ) गफाष्टक (हास्य कविता संग्रह)

(ङ) प्रह्लाद भक्तिकथा (काव्य, १९४८)

(च) प्रियदर्शिका (नाटक, २०१६)

(छ) संगीत चन्द्रोदय (गजल संग्रह, १९६९)

(ज) उषा चरित्र (काव्य, १९५५)

(झ) पिकदूत (काव्य, २०१९)

(ट) भानुभक्तको जीवन चरित्र (१९४८)

(ठ) भानुभक्तीय रामायण (सम्पादन)

(ञ) कमलभ्रमर संवाद (काव्य)

### २.१.६ कुञ्जविलास गौतम (१९२९–१९९१)

वि.सं. १९२९ मा जन्मिएका कवि कुञ्जविलास गौतमको पुख्यौली थलो धादिङ जिल्लाको जीवनपुर भन्ने गाउँ हो । बालकृष्ण गौतमका छोरा कुञ्जविलासको योगदान पद्याख्यानमा रहेको छ । उनी आफ्नो समयका राम्रा कवि थिए र यिनको कवित्व शक्ति माध्यमिककालका अन्य साहित्यकारको हाराहारीमा नै छ । उनको रचनामा सरलताको आभास पाइन्छ । खासगरी महाभारतको पर्व र घटनाहरू वर्णन गरिएको उनका कवितामा मौलिकताको

आभास पाइन्छ । उनका प्रमुख कृतिहरूमा महाभारतका पर्वहरू (स्त्री, गदा र सौप्तिक), गुहसेनोद्वाह, शशिमुखी लोहजंगोपाख्यान आदि छन् ।

### २.१.७ तीर्थ राज पाण्डे (१९२९–१९७९)

पश्चिम ३ नं. दोर्दोरमा जन्मी काठमाडौंको नक्साल भगवती बहालमा बस्ने तीर्थराज पाण्डेले नेपाली साहित्यमा विभिन्न कृतिहरू रची ठूलो योगदान दिएका छन् । उनी संस्कृतमा रचित पुराण शास्त्रादिका ज्ञाता देखिन्छन् । उनको अध्ययन क्षेत्र व्यापक थियो र आफूले अध्ययन गरेको विषय नेपाली भाषामा, नेपाली पद्यमा संक्षिप्त र रोचक पाराले उतार्नु उनको ठूलो विशेषता हो । शास्त्रीय प्रत्येक कथाबाट उपदेश दिँदै उनले 'उपदेश मञ्जरी' भाग १,२ र ३ रचेको देखिन्छ तापनि भाग २ र ३ प्रकाशित हुन सकेनन् । 'माधवानलकामकन्दला, व्यवहारमञ्जरी' जस्ता कृति फेला पार्न नसकिए पनि विद्या सुन्दर संवाद (१९६१) र उपदेश मञ्जरी (भाग १) भने उनका प्रकाशित कृतिहरू हुन् ।

### २.१.८ गोपीनाथ लोहनी (१९३०–१९७५)

वि.सं. १९३० मा बाग्मती अंचलको काठमाडौं जिल्लामा जन्मने गोपीनाथ लोहनी मोतीमण्डलीका सक्रिय सदस्य र त्यस युगका नामी प्रतिभा थिए । संस्कृत, अंग्रेजी र नेपालीमा राम्रो अध्ययन भएका लोहनी दरवारमा पुराणवाचन गर्ने काममा ख्यतिप्राप्त थिए । श्रृङगार र भक्ति दुबै प्रवृत्तिका कविता लेख्ने लोहनीका कृतिहरू फुटकर कविता र गजलका अतिरिक्त सत्यदुर्गा (१९४६ काव्य), ध्रुव चरित्र (१९४६ काव्य), नृग चरित्र (१९४९ काव्य), नलोपाख्यान ( १९५५ काव्य), सत्यहरिश्चन्द्र कथा (पद्याख्यान १९८१) प्रकाशित छन् । मोतीरामपछिका सशक्त कविका रूपमा देखिएका लोहनीले नीतिपरक, भक्तिपरक श्रृङ्गारपरक जस्ता विभिन्न धाराका कविताहरू लेखेका देखिन्छन् ।

## २.१.९ भवानी प्रसाद खतिवडा (१९३१–१९८६)

वि.सं. १९३१ मा धादिङ जिल्लाको कल्लेरीमा सुव्वा टंकनाथका कान्छा छोराको रूपमा जन्मिएका भवानीप्रसाद खतिवडाले राजनैतिक चेतनाका लागि आफ्नो देश छाडेर विदेशिनु परेको थियो । बनारसमा रहेर पनि आफ्नो रचना शक्तिद्वारा राणाशासनलाई तर्साउन सामाजिक जागृति र चेतना जगाउने काममा सक्रिय रहे । 'गोरखा संसार' र 'तरूण गोखा' मा अनेक उपनामबाट कविता प्रकाशित गर्ने खतिवडाको रचनाकाल पुरानो भएपनि उनको, विचार, कल्पना र शैली आधुनिक देखिन्छ । उनका कविताहरूको संगालो 'ढयाङग्रो' २०३१ मा प्रकाशित भएको छ ।

## २.१.१० कुलचन्द्र गौतम (१९३२–२०१५)

वि.सं. १९३२ मा पिता अग्निहोत्री श्री रमाकान्त गौतम र माता श्रीमती गौतमबाट धादिङ जिल्लाको जीवनपुरमा कवि कुलचन्द्र गौतमको जन्म भएको हो । विद्वच्छिरोमणि उपाधिले विभूषित कुलचन्द्र गौतम आफ्नो समयका नामूद विद्वान र माध्यमिक कालीन नेपाली साहित्यका महत्वपूर्ण प्रतिभा हुन् । उनले संस्कृत र नेपाली भाषामा धेरै महत्वपूर्ण कृतिहरू रचना गरेर आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिएका छन् । उनका केही पुस्तकाकार कृतिहरू यस प्रकार छन्ः

(१) पुरूषार्थ कल्पवली (उपदेश पद्यमा)

(२) अमरकोश

(३) स्वंयबैद्य

(४) अलङ्कार चन्द्रोदय

(५) दत्तचर्या र दत्तचर्यासार संग्रह

(६) प्रपंच चर्चा

(७) तुलसीकृत रामायर्ण (१९९६)

(८) महिम्न स्तोत्र

(९) उन्माद

(१०) आदर्श दम्पति सीतारामौ

(११) अलङकार संग्रह

(१२) राघवालङ्कार (२०१५)

(१३) दुर्गे पाहिमाम्

(१४) लोकशिक्षा

(१५) तत्वबोध

(१६) शिवमहिमा स्तोत्र

(१७) स्वर्ण तुलादान आदि

### २.१.११ कृष्ण प्रसाद रेग्मी (१९४०–१९८५)

वि.सं. १९४० मा धादिङ जिल्लाको धुनीवेशी गाउँमा जन्मिएका कृष्णप्रसाद रेग्मीको पनि माध्यकालीन नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान रहेको छ । संस्कृतको विशेष अध्ययन गर्ने रेग्मीले वनासरमा रहँदा निकै पुस्तकहरू लेखेको देखिन्छ । यिनका श्रृङ्गारिक कविताहरू निकै रोचक छन् । धुनीबेशी गाउँघरमा विहेबटुलोमा पनि राम्रा राम्रा श्लोक र अड्काहरू सुनाउने यिनले थुप्रै कितावहरू लेखेका छन् । जसमध्ये महाभारत आदिपर्व (१९६०) महाभारत उद्योगपर्व (१९६२) विरहलहरी र प्रभावती चरित्र (१९६२), वनपर्व ( १९६३), पट्ठापट्ठी श्रृङगार काव्य, १९६२) श्रृङगार माला (१९७९) बाह्रमासे ऋतुमाला (१९७९), देवी भागवत (पद्याख्यान १९८६) महत्वपूर्ण छन् ।

### २.१.१२ चक्रपाणि चालिसे (१९४०–२०१५)

वि.सं. १९४० मा भक्तपुर जिल्लाको कटुन्जे भन्ने ठाउँमा चक्रपाणि चालिसेको जन्म भएको हो । वनारस गई संस्कृतिको विशेष अध्ययन गरेका यिनलाई अनेक दुःखकष्ट आइलाग्यो । साहित्य सिर्जना गरेबापत छोरा दुर्गानन्द चालिसेको जेलमा परी जेलमा नै असामयिक दुःखद निधन हुनु, पत्नी वियोग हुनु जस्ता अनेक दुर्घटना आफूमा आइ लागे पनि रतिभर विचलित नभई यिनले नेपाली भाषा साहित्यको सेवा गरिनै रहे । गोर्खा भाषा प्रकाशिनी समिति र गोरखापत्रमा काम गर्दै नेपाली भाषा र साहित्यको राम्रो सेवा गर्ने यिनले नेपाली गद्य पद्यलाई सम्बृद्ध गर्ने काम गरे । सरल शैलीमा लेखिएका यिनका कृतिहरूको आफ्नै विशिष्टता रहेको छ । यिनका प्रकाशित कृतिहरू यस प्रकार छन् ।

(१) नेपाली संक्षित रामायण (१९७५)

(२) नीतिरत्न मन्जुषा (१९६२)

(३) मेघदूत छाया (१९९४)

(४) नेपाली वंगाली कोश (१९९८)

(५) साहित्य मीमांसा (२०००)

(६) मनुस्मृति (२००४)

(७) चक्र कविता तरंगिणी (२०१५)

(८) जैमनीय भारत (२०२०)

(९) भगवती भोला - भजन माला

### २.१.१३ सोमनाथ सिग्देल (१९४१–२०२९)

संस्कृतका विद्धान जगन्नाथ उपाध्याय सिग्द्याल र लक्ष्मीलीलादेवीका सुपुत्रका रूपमा वि.सं. १९४१ मा काठमाडौमा जन्मिएका सोमनाथ सिग्देल नेपाली भाषा र साहित्य अनि संस्कृत रचना र अध्यापनका फाँटहरूमा चम्किला

तारा बनेर चम्किरहे । भानु संस्कृत माध्यमिक विद्यालयको प्रधानाध्यापक तथा बाल्मीकि विद्या पिठको प्राचार्य समेत भएका यिनको शिक्षा दीक्षा वनारसमा नै भएको थियो । काव्य, व्याकरण र न्याय ग्रन्थहरूको अध्ययन गरेको यिनले नेपाली भाषा साहित्यको सेवा गरिनै रहे । जागीरे जीवनले साहित्यको आराधनामा खासै प्रभाव नपरेको यिनलाई पण्डितराज जस्तो पदवीका साथै त्रिभुवन प्रज्ञा पुरस्कार समेतले सम्मान गरियो । वि.सं. २०२९ मा स्वर्ग भएका यिनको थुप्रै रचनाहरू मध्ये मध्येचन्द्रिका (व्याकरण) र आदर्श राघव (महाकाव्य) निकै उच्च कोटीको मानिन्छ । यी दुई ग्रन्थको नेपाली साहित्यको इतिहासमा विशिष्ट स्थान रहन गएको छ । यिनका केही  प्रसिद्ध पुस्तकहरू यस प्रकार छन् ।

ज्ञ। मध्यचन्द्रिका (१९७६ व्याकरण)

द्द। लघु चन्द्रिका (१९९१ व्याकरण)

घ। आदर्श राघव (महाकाव्य २००५)

द्ध। उपदेश शतक (अनुवाद)

छ। साहित्य प्रदीप (लक्षण ग्रन्थ, २०१५)

ट। अनुवाद चन्द्रिका (१-४)

ठ। संस्कृत चन्द्रिका

ड। सुन्दर चम्पू

ढ। प्रति संस्कृता सिद्धान्त कौमुदी

### २.१.१४ शम्भुप्रसाद ढुङ्ग्याल (१९४६–१९८६)

वि.सं. १९४६ मा काठमाडौको भाटभटेनीमा पिता देवीरमण र माता श्रीमती ढुङ्गेबाट जन्मन पुगेका शम्भुप्रसाद ढुङ्गेले घरमै बसेर निकै ठूलो अध्ययन गरेका थिए । नेपाली, अग्रेजी, हिन्दी उर्दू, नेवारी, संस्कृत, भाषामा राम्रो

दखल गरेको यिनले यिनै विविध भाषामा झण्डै दुई सय जति पुस्तक लेखेका थिए भन्ने कुरा थाहा पाउन सकिन्छ । नेपाली गद्य र पद्य दुबै क्षेत्रमा कलम चलाउने यिनको रचना निर्माणको क्षमतालाई देखेर होला यिनलाई आशुकवि भनिन्थ्यो । कविता, काव्य, नाटक, गद्याख्यान, उपन्यास, निबन्ध, आदि विविध विधामा यिनले कलम चलाएका छन् । यौवन अवस्थामा नै मृत्यु भए तापनि यिनले आफ्नो समयमा असाधारण काम गरेका थिए भन्ने कुरा यिनको पुस्तक लेखनबाट थाहा पाउन सकिन्छ । यिनका रचनामा पौराणिक विषय र मानवीय जागृतिको आह्वान पनि पर्याप्त पाइन्छन् । यिनका केही प्रसिद्ध काव्यहरूको सूची यस प्रकार छ :-

ज्ञ। महाभारत (पर्व १-१८), (१९७५-८१)

द्द। पञ्चक प्रपञ्च (काव्य १९६१)

घ। चन्द्रप्रताप वर्णन (काव्य १९७०)

द्ध। गफसिन्धु (कविता संग्रह)

छ। रत्नावली (नाटिका) (१९७२)

ट। चन्द्रवदनी (काव्य १९७१)

ठ। द्युत सतक (१९७६ अघि)

ड। मैतालु छोरी (काव्य १९८३)

ढ। वेश्या वर्णन (काव्य १९८३)

यसप्रकार माध्यमिककालीन नेपाली कविताका क्षेत्रमा माथि उल्लेखित प्रतिभाहरू बाहेक पनि चिरन्जीवी पौडेल, कालिदास पराजुली, जगन्नाथ सेढाई, दीपकेश्वर लोहनी, केदारनाथ खतिवडा, भुवन प्रसाद ढुङ्गेल, रामप्रसाद सत्याल इत्यादि थुप्रै प्रतिभाहरूको पनि योगदान रहेको छ ।

## २.२ माध्यमिककालीन काव्यप्रवृत्ति

माध्यमिक कालमा कविहरूमा परम्परागत र संस्कारका रूपमा विकसित भएको भक्तिभाव, युवावस्थामा उद्भव हुने श्रृङ्गारिक मनोभाव, धार्मिक र आध्यामित्मक चेतना, सामाजिक स्थिति र अनूभूति छन्दोबद्ध रचनामा आवद्ध गरेर अभिव्यक्ति दिनु संस्कृतशास्त्रमा पाइने अनेक आख्यानलाई पद्यबद्ध गरी रोचक बनाउनु माध्यमिक कालका काव्यप्रवृत्ति हुन् । यसरी माध्यमिक कालमा रचित कविता नेपाली जनजीवनमा अतिप्रिय बन्न पुगे । माध्यमिककालका कविता र काव्यको विकासस्थल चाँहि खासगरी वनारस हुन पुग्यो । तीर्थ गर्न जाने नेपालीहरूले यस्ता पुस्तक किनेर नेपालका गाउँगाउँमा र कुना कुनामा पुऱ्याए ।

यसरी नेपाली श्लोकले नेपाली पहाडी कन्दरा घन्के । नेपालीले नेपाली पद्य र गद्य पढ्न सिके, बानी बसाले । पुस्तक प्रकाशन गरेर, विक्री गरेर पनि व्यवसाय चल्न सक्छ, बाँच्न सकिन्छ भन्ने भावना प्रकाशकहरूमा भर्ने काम माध्यमिक कालले गऱ्यो । लेखक पाठकको रूचिलाई ख्याल गरेर लेख्थे, प्रकाशक पाठकलाई ध्यानमा राखेर पुस्तक छाप्थे अनि पुस्तक प्रकाशन व्यवसाय राम्ररी चल्थ्यो । माध्यमिक कालका कविता र काव्य यसै पृष्ठभूमिका लोकप्रिय सामग्री बन्न गएका छन् ।

माध्यमिक कालमा काव्य प्रवृत्तिहरू मोटोमोटी रूपमा लिदा पनि अनेक धारामा विभाजित पाइन्छन् । शैली र अभिव्यक्ति, विषयवस्तु र प्रस्तुतिका आधारमा यस कालको काव्यधारा केलाउनु पर्ने हुन्छ । माध्यमिक कालका काव्यप्रवृत्तिबारे अध्ययन गर्न साधारणतः श्रृङगार धारा, भक्तिधारा, पद्याख्यान, गजल, भजन, सवाई आदिको प्रयोग, झ्याउरे छन्दको उपयोग, उपदेश, समस्यापूर्ति, कुट, खाँडो, अड्का आदि विषयमा अभिव्यक्ति दिने कुशलता यस समयका मूल प्रवृत्ति हुन् । माध्यामिक कालमा कविहरूका बीच स्वस्थ प्रतिस्पर्धा,

भेटघाट, छलफलका आधारमा पनि कविता लेखिन्थ्यो । मोतीमण्डली, जोगवीर साहूका घरमा हुने जमघट, लेखनाथ र शम्भुप्रसादका बीचको कवितात्मक छेडछाड यस प्रसङ्गका उदाहरण हुन् ।

## २.२.१ श्रृङ्गारिक धारा

माध्यमिक कालको प्रमुख काव्यप्रवृत्ति श्रृङ्गारिक अभिव्यक्ति हो । यस प्रवृत्तिले हुर्कने, फैलने वातावरण मोतीराम भट्टका कविताबाट प्राप्त गऱ्यो । गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, पहलमान सिंह स्वाँर, शिखरनाथ सुवेदी आदि कविका कवितामा यो धारा व्यापक र विस्तृत बनेर झाँगिदै गयो । कृष्ण प्रसाद रेग्मीले पनि यस धारालाई निकै माथि उठाए । अरू निकै कविहरूले श्रृङ्गारिक कविता लेखेपनि यस धाराको एक प्रकारको पूर्णरूप सूक्तिसिन्धु १९७३ नै भयो । त्यसपछि लेखिएका श्रृङ्गारिक कविताले सूक्तिसिन्धुलाई उछिन्न सकेनन् । यस कालका श्रृङ्गार रसका कविका कविताले पाठकहरूलाई मनोरञ्जन दिन्छन् । नारी र पुरूषका मनस्थितिका केही मात्रामा भए पनि विश्लेषण गर्छन् र कविताका पाठक जन्माउने काम गर्दछन् । सामाजिक पृष्ठभूमिमा जीवनका अनुभूति कुँदेर लेखिएका कविता अति प्रिय बनेको पहिलो उदाहरण सूक्तिसिन्धु नै हो । यस अघि नै प्रकाशित भएका गफाष्टक, कविता कल्पद्रुम, मनोद्धेगप्रवाह, श्लोकसंग्रह जस्ता संग्रहले केही न केही योगदान गरेका भएपनि व्यापक र विशेष योगदान चाँहि श्रृङ्गारधारामा सूक्तिसिन्धुको रहेको छ ।

## २.२.२ भक्तिधारा

नेपाली साहित्यको प्राथमिक कालमै जन्मेर हुर्केको भक्तिधारा माध्यमिक कालमा पनि आफ्नो गतिविधि देखाउन सफल भयो । मोतीराम, गोपीनाथ, शम्भुप्रसाद, शिखरनाथ आदि थुप्रै कविहरूले भक्तिधारालाई पनि महत्व दिएर

कविता लेखे । कसैले भगवानको गुणगान गरेर, कसैले शासकको प्रशंसा गरेर, कसैले भगवतीका अनेक स्वरूपको स्तुति, भक्ति गरेर पनि यस धारालाई अगाडि बढाए । होमनाथ, केदारनाथ, बैजनाथ सेढाइँ आदि अनेक कविहरूका कवितामा पनि भक्तिभाव प्रकट भएका छन् । निर्गुण र सगुण भक्ति प्रकट गर्दै लेखिएका भजन र पद्यहरू त्यस बेलाको जनजीवनमा निकै रूचिको विषय बन्न गए ।

## २.३. माध्यमिककालीन काव्यरुप

### (क) पद्याख्यान

पुराण, रामायण, महाभारत संहिता आदि हिन्दू संस्कृतिका आधार ग्रन्थहरूमा वर्णित रोचक कथाहरूलाई श्लोकबद्ध गर्ने काम यस कालमा निकै भयो । नेपाली श्लोक पढ्न र कष्ठस्थ पार्न सुगम भएकोले यस्ता पद्याख्यान नेपाली जनजीवनले निकै रूचायो । पद्याख्यानका रचयिताहरूमा भानुभक्तकै अग्रणी भूमिका रहे पनि माध्यमिक कालमा पनि पद्यरचनाको ठूलो क्षेत्र र योगदान छ । मोतीरामको 'प्रल्हाद भक्तिकथा', 'गोपीनाथको 'नलदमयन्ती' होमनाथ केदारनाथको 'महाभारत', शम्भुप्रसादको 'महाभारत', र 'कृष्ण चरित्र', शिखरनाथको 'रामाश्वमेधराजा', रेवतीरमणको 'विश्वजीत लीला' आदि अनेक उदाहरण छन् । पुराना गौरवमय प्रसंग बुभ्न चाहने तर संस्कृतका ग्रन्थ पढ्न नसक्नेहरूका लागि यस्ता पद्याख्यानहरूले निकै ठूलो योगदान गरे ।

### (ख) गजल, भजन, सवाई र बालूनको प्रयोग

माध्यमिक कालमा प्रशस्त गजलहरू लेखिए । यसको सुरूवात मोतीराम भट्टले गरे भने गोपीनाथ, शम्भुप्रसाद, लक्ष्मीदत्त पन्त आदि कविहरूले गजल सृजनालाई व्यापक रूप प्रदान गरे । श्रृङ्गारिक भाव, गीतिलय र भावपूर्ण अभिव्यक्तिले गर्दा गजलको प्रतिष्ठा माध्यमिक कालको नेपाली साहित्यमा निकै बढ्न गएको पाइन्छ ।

गीतिलयमा निर्गुण र सगुण भजन लेखेर गाएर आनन्दित हुने भगवद्‌भक्तहरू पनि यस कालमा देखिए । कुनै घटना वा प्रसंग अँगालेर सवाई लेख्ने, छपाउने, पढ्ने चलन पनि यस कालमा निकै प्रिय बन्न पुग्यो । जङ्गबहादुरको सवाई, दार्जीलिङका पैराको सवाई, दुई दाजुभाइको सवाई, सवाई पच्चीसा जस्ता थुप्रै पुस्तकहरू लेखिए र लोकप्रिय पनि भए । बालून पनि यस कालको महत्वपूर्ण विधा हो । रामायण, महाभारतका घटनाका आधारमा पनि सवाई, बालून रचिएका छन् । गीतिमयता, सरलता, रोचकता जस्ता विशिष्ट गुणहरूले गर्दा यस्ता विधा लोकप्रिय बन्न पुगेका हुन् ।

### (ग) लहरी साहित्य

झ्याउने लयमा सरल रूपमा श्रृङ्गारिक भाव व्यक्त भएका रचना लहरी साहित्यका रूपमा चिनिन्छन् । 'उदयलहरी', 'समुद्रलहरी', 'मदनलहरी,' 'मदन मञ्जरी,' 'मनलहरी,' 'प्रेमलहरी' आदि थुप्रै लहरी साहित्यका पुस्तकहरूले नेपाली रचना पढ्न रूचि जगाए । मलयामा भर्ती भएर आफ्नो घरपरिवारबाट टाढा रहन बाध्य भएका सिपाहीहरू अनि गाउँले स्वतन्त्र तरूणतरूणीहरूले प्रेमका छेउछाड भएका श्रृङ्गारिक भाव कुदिएका सरल लयात्मक रचनालाई निकै रूचाए । कतिपय यस्ता रचना निकै हल्का रूपमा रचिएका भएपनि साधारण लेखपढ गर्न जान्नेहरूका लागि यो विधा निकै प्रिय बन्न पुग्यो ।

### (घ) अड्‌का र खाँडो

माध्यमिक कालका काव्यात्मक प्रवृत्तिमा अड्‌का र खाँडो पनि पर्छन् । अड्‌का भनेको कुटश्लोक हो । यस्ता श्लोकको रचना बैयाकरण नेपाल, राजीवलोचन जोशी, रेवतीरमण न्यौपाने, शम्भुप्रसाद ढुङ्गेल आदिबाट गरिएका छन् । बौद्धिक जगतका लागि उत्तर पत्ता लगाउन यस्ता अड्‌का रचिएका देखिन्छन् । दुई तीन अर्थ लाग्ने श्लोकहरू रचना गर्ने परिपाटी महाभारतमा

भेटिन्छ । केही क्षण भए पनि पण्डितहरूलाई घोरिन बाध्य गराउने यस्ता श्लोकहरू पनि माध्यामिक कालकै उपलब्धि हुन् । त्यस्तै खाँडो एक प्रकारको वीरलाई राष्ट्रियताको सुरक्षाका लागि सन्देश दिने एक प्रकारको राष्ट्रिय गीत हो ।[१] विवाह सकिदा यज्ञमा यो खाँडो जगाउने चलन अझैपनि छ । यस्ता रचना पनि माध्यमिक कालका उपज नै हुन् ।

**(ङ) उपदेश र समस्यापूर्ति**

कविताका माध्यमबाट उपदेश दिने धार्मिक वा आध्यात्मिक चरित्रका आधारमा शिक्षा दिने चलन पुरानो भएपनि माध्यमिक कालमा यस्तो प्रवृत्ति निकै नै रहयो । तीर्थराज पाण्डेको 'उपदेशमञ्जरी' लेखेर निकै ठूलो काम गरे ।[२]

यस कालको अर्को प्रवृत्ति समस्यापूर्ति हो । गुमानी पन्तबाट बीजारोपण भएको यो प्रवृत्तिलाई मोती मण्डलीले अगाडि बढायो । माध्यमिक कालभरि जस्तो यो प्रवृत्ति कायम रहयो । सुन्दरी, गोर्खाली, जस्ता पत्रिकाले झन् अगाडि बढाए । कुनै समस्या दिने र त्यसमा अनेक कविहरूले पूर्ति गर्ने जस्ता पारिपाटी हालपनि जारी नै छ । यो पनि माध्यमिक कालको एउटा प्रवृत्ति नै हो ।

माध्यमिक कालका कवितागत प्रवृत्ति, श्लोकसंग्रह, कविता, कल्पद्रुम, गफाष्टक, सूक्तिसिन्धु जस्ता कविता संग्रहमा पर्याप्त भेटिन्छ र यी माथि उल्लेख गरिएका प्रतिनिधिमूलक कविता संग्रहका साथै माधवी, सुन्दरी, चन्द्र, चन्द्रिका जस्ता पत्रिकाहरूमा प्रकाशित कविताहरूले पनि यस कालको कविता क्षेत्रमा ठूलो योगदान दिएका छन् ।

[१] घटराज भट्टराई (सम्पा) **माध्यमिककालीन कवि र कविता** (काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी २०४५) पेज ज ।

[२] ऐ.ऐ. ।

# तेस्रो परिच्छेद
# धादिङ जिल्लाका माध्यमिककालीन कविहरू र तिनका कवितात्मक कृतिहरूको अध्ययन

## ३.१ धादिङका माध्यमिककालीन कविहरू

नेपाली कविताको माध्यमिककालीन प्रमुख विशेषता श्रृङ्गारिक भएकोले यसकालका सहित्यकारलाई श्रृङ्गारकालीन साहित्यकारका रूपमा चिनाउन सकिन्छ । 'नेपाली साहित्यको संक्षिप्त इतिहास' मा वि.सं. १९४० देखि वि.सं. १९७४ सम्मको अवधिलाई उत्तर मध्यकाल भनी वर्गीकरण गरिएको पाइन्छ । होमनाथ खतिवडा, कुञ्जविलास गौतम र भवानी प्रसाद खतिवडा जस्ता साहित्यकारहरूको माध्यमिक काल शुरू हुनु भन्दा पहिले नै जन्मिएका भए पनि उनीहरूले साहित्य साधनमा लागेर लेखन प्रकाशन गर्ने काम वि.सं. १९४० भन्दा पछि नै भएको पाइएको छ । अतः यी लगायत अन्य केही साहित्यकारहरूलाई उत्तर मध्यकालीन साहित्यकार भन्न सकिन्छ । माध्यमिक कालका कवि तथा प्रकाशक होमनाथ खतिवडाको रामाश्वमेघ काण्ड (रामायण) वि.सं. १९६० मा प्रकाशित भएपछि मात्र यसकालका अन्य रचनाहरू प्रकाशित हुन थालेका छन् । यस कालका रचनाहरूमा महाभारत, रामायण भागवत तथा संस्कृतका धार्मिक पौराणिक ग्रन्थहरू रूपान्तरण र अनुवाद गर्ने होडबाजी चल्ने गरेको पाइन्छ । तत्कालीन नेपाली समाजको माग अनुरूपको धार्मिक ग्रन्थको लेखन तथा प्रकाशन त्यस समयमा प्रशस्तै भएको पाइन्छ । तत्कालीन नेपाली समाजले भगवानका चरित्र गाथाको वर्णन तथा स्तुतिगानमा केन्द्रीत रचनाहरू बढी रचाएको पाइयो । होमनाथ खतिवडा, कुञ्जविलास गौतम, भवानीप्रसाद खतिवडा, कुलचन्द्र गौतम, केदारनाथ खतिवडा र कृष्ण प्रसाद रेग्मी जस्ता साहित्यकारहरूले असख्य कृतिहरू लेखेर माध्यमिककालीन नेपाली साहित्यको

भण्डार भर्ने काम गरेको छन् । यस कालका साहित्यिक प्रतिभाहरूको परिचय र तिनीहरूले रचना गरेका कृतिहरूको चिनारी क्रमशः प्रस्तुत गरिएको छ ।

### ३.१.१ होमनाथ खतिवडा र उनका कृतिहरू

नेपाली साहित्यिक इतिहासमा माध्यमिककालीन साहित्यिक धारा भित्र रहेर लेखन तथा प्रकाशनको क्षेत्रमा महत्वपूर्ण योगदान दिने साहित्यकार होमनाथ खतिवडाको जन्म वि.सं. १९११ मा काठमाडौमा भएको हो । यिनको पैतृक थलो भने धादिङ जिल्लाको कल्लेरी भन्ने गाउँ हो । यिनी बलि अहद महाराज श्री ५ त्रैलोक्य विक्रमका दुधे भाइ (धाइका छोरा) थिए । त्यसैले दरवारीया निगाहा तथा प्रतिष्ठा प्राप्त उनी सुब्बा पदले शोभित भएका थिए तर उनको मान प्रतिष्ठा र पद धेरै समय टिक्न सकेन । उनी वि.सं. १९३८ को ऐतिहासिक षडयन्त्रमा मुछिएर खजाञ्ची शिवनाथ सुब्बा टंकनाथ आदिका साथ मुडिएर निकालिएका थिए ।[३] यसकारण उनको आफ्नो पैतृक थलो कल्लेरीमा केही समय बसी त्यसैबाट वनारस पुगेका हुन् । ३८ साल पर्वका नायक नरेन्द्र विक्रम शाहले आफ्ना दिवंगत दाजु त्रैलोक्य विक्रम शाहका योजना अनुसार रणोद्धीप सिंह र धीर शमशेरका छोराहरूलाई समाप्त पारी आफ्ना भतिजा श्री ५ महाराजधिराज पृथ्वीवीरविक्रम शाहको मार्ग निष्कण्टक बनाउन षडयन्त्रको योजना बनाएका थिए । यस षडयन्त्रको पोल खुलेका कारणले नरेन्द्र विक्रम लगायत ५२ जना पक्रिए । त्यसमा नरेन्द्र विक्रम शाह लगायत ३३ जनाको हत्या गरिएको, अन्य केहीको सर्वश्वहरण गरिएको र दश जना बाहुन चाँहि सर्वश्वहरण सहित मुडिएर देश निकालामा परेका थिए । तिनै दश जना मध्ये सुब्बा होमनाथ पनि एक थिए । यस घटनापछि होमनाथ आफ्नो गाउँ कल्लेरीमा केही समय बसी पछि वनारस पुगे । यसै बेलाबाट नै उनको मनमा राणाविरोधी भाव जागेको पाइन्छ ।

[३] घटराज भट्टराईः **प्रतिभै प्रतिभा र नेपाली साहित्य** नेपाल रिसर्च एसोसियट्स, २०४० पृष्ठ १५ ।

वनारस पुगेका सुब्बा होमनाथले केही वर्ष राजकाजी दाउपेचको काम गरेपनि त्यसरी राणा शासनको जग हल्लाउन सम्भव नभएकोले प्रकाशन संस्था खोल्ने र नेपाली पद्यमा धार्मिक ग्रन्थहरू लेख्ने जस्ता काममा लागे । यसरी वनारसमा रहेर लामो समयसम्म नेपालीभाषा र साहित्यको सेवामा आफूलाई सुम्पेका होमनाथले नेपाली भाषामा पुस्तकहरूको प्रकाशन संस्था खोलेर गाउँ गाउँ र कुना कुनाका साक्षर नेपालीका लागि गरेको उपकार भने अविस्मरणीय छ । उनको देहावसान वनारसमा वि.सं. १९८४ मा भएको थियो । उनका महत्वपूर्ण कृतिहरूले उनलाई अमर तुल्याएका छन् ।

नेपाली साहित्यका माध्यमिक कालका रचना र प्रकाशन दुबै क्षेत्रमा महत्वपूर्ण कार्य गरी साहित्यकारका रूपमा प्रस्तुत भएका सुब्बा होमनाथ खतिवडा धादिङका विशिष्ट साहित्यकार मनिन्छन् । उनका महत्वपूर्ण कृतिहरू यस प्रकार रहेको छन् ।

ज्ञ। रामाश्वमेघ (१९६०)

द्द। विराटपर्व महाभारत (१९६३)

घ। कृष्ण चरित्र (१९६५)

ड्ढ। सभा पर्व महाभारत (१९६३)

छ। नृसिंह चरित्र (१९६३)

**(क) रामाश्वमेघ (१९६०)**

यस कृतिको प्रकाशन वि.सं. १९६० मा भएको जानकारी घटराज भट्टराईद्वारा लिखित प्रतिभै प्रतिभा र नेपाली साहित्य नामक ग्रन्थबाट पाइन्छ । रामाश्वमेघ काव्य कृति हो । यसमा जम्मा ११९७ श्लोक छन् । संस्कृतमा लिखित रामायणमा वर्णन भएको अश्वमेघयज्ञ सम्बन्धी घटनाहरू समावेश भएको कथा नै यसको विषयवस्तु बनेको छ । अर्थात रामाश्वमेघ काण्ड

भानुभक्तीय रामायण्को आठौ काण्ड भएर निस्केको देखिन्छ । रामले गर्भवती सीतालाई त्याग गरी एक्लै वनमा छोड्न लगाएपछि अश्वमेघ यज्ञ गरेको, लवले यज्ञको घोडा समाती आफ्नो पराक्रम प्रदर्शन गरेको र रामराज्य लवले प्राप्त गरेको घटनाहरू यस काव्यका मुख्य विषयवस्तु हुन् । वात्स्यायन ऋषिले शेषनागलाई रामाश्वमेघ यज्ञ गरिनुको कारण सुनाउँदै जाँदा बुनिएको कथानकको व्यवस्थित उठान, विस्तृतीकरण र अन्त्य अवस्थाको कवितात्मक प्रस्तुतिको उपज नै रामाश्वमेघ काण्ड हो । यस कृतिको मौलिकताले नै होमनाथलाई महत्वपूर्ण साहित्यकार बन्न सहयोग पुऱ्याएको छ । यसमा केदारनाथले थपेका केही छेपकको नमूना पनि प्रस्तुत गरिएको छ ।

"सीता त्यागिसकया पछि रघुपति मानुँ मनुष्यै सरी
राज हुन्थ्यो सबकाम छोडिकन ठिक् सुर्तापऱ्या झै सरी"[४]

यसरी केदारनाथले होमनाथका कतिपय अपूर्ण कामलाई पूर्णता प्रदान गरेको छन् । तसर्थ यी दुबै जना एकै साथ साहित्यिक गतिविधिमा संलग्न भएको पाइन्छ ।

### (ख) महाभारत विराटपर्व

यो ग्रन्थ पौराणिक महाभारतको अनुवाद हो । यसमा जम्मा ९८६ श्लोकहरू छन् । यो ग्रन्थ काव्य कृति हो । पाण्डवहरू गुप्तबास बिताउन विराटका दरबारमा विभिन्न छद्म नाम बताएर प्रवेश गरेका र एक वर्ष विताउने क्रममा घटेका विभिन्न घटनाहरू यसमा वर्णन गरिएका छन् । साथमा कीचक बध र विराटका गाई कौरवहरूले लुट्दा बाणको बर्षा गरी अर्जुनले तिनीहरूलाई भगाएको घटना समेत यस ग्रन्थमा वर्णित छ । यो कृति होमनाथद्वारा पद्यमा अनुवाद गरिएको हो तरपनि यसमा होमनाथका मौलिकता प्रशस्त झल्किएको पाइन्छ । यस अन्तर्गतको कालिकास्तुति अति लोकप्रिय भएको छ । यस लोकप्रिय

[४] होमनाथ खतिवडा, **रामायण (रामश्वमेघ काण्ड)** सुब्बा होमनाथ, केदारनाथ, वनारस १९८६ पृ. २८० श्लोक ७ ।

कालिका स्तुति त धेरै नेपालीले विहान विहानको जप र पाठमा नै प्रयोग गरे । यसो हुनुमा यी श्लोकहरूको सरलता, सरसता र सुवोधता नै हो । नमूनाका लागि कालिका स्तुतिका केही श्लोकहरू यहाँ प्रस्तुत गरिएको छ ।

गुप्ती नाम धरी सकी नगरमा पस्न्या बखतमा पनि ।
कस्ता रित्सित कष्टभोग् गरि यहाँ उत्तीर्ण हुँला भनी ॥
चिन्ता त्यै घरि फेर युधिष्ठिरजिका मन्मा बहुत् भैगयो ।
संझी झट् जगदम्विका कनपुकार गर्ने इरादा भयो ॥
मालिक चौध भुवन कि भक्तहरूका खातिर ब्रजैमा गई ।
लीला गर्नु भयो यशोमतिजिका कोख्बाट पैदा भई ॥
नन्दैका कुललाई उज्वल गरी भक्तै उपर प्रेम धरी ।
कंसैको पनि गर्भ नास् हुन गयो जस्का प्रभाव्ले गरी ॥
राजन् ! भन्छु म ऐले तिमिहरू जति छौ मत्स्यदेश्मा त जाऊ ।
जान्या छैनन् कसैले सहजसँग तहाँ वर्ष दिन यो विताऊ ॥
भन्या रक्षा सबैको गरिकन वरदान धर्मराजलाई दीई ।
पाल्नूभो धाममा फेर् त्रिभुवन जननी अन्तरै ध्यान लीई ॥[५]

**(ग) महाभारत सभा पर्व**

महाभारत सभा पर्व होमनाथद्वारा रचिएको काव्य कृति हो । यो महाभारत सभापर्वमा आधारित विषयवस्तु भएको कृति हो । अनुवादमूलक यस कृतिको प्रकाशन वि.सं. १९६३ मा विश्वराज हरिहर शर्माद्वारा भएको हो । यस कृतिमा जम्मा ३४५ श्लोक छन् । यस कृतिमा कौरव सभाको वर्णन गरिएको छ । यस कृतिमा युधिष्ठिरले जुवा खेलेको, जुवामा हारेपछि द्रौपदीलाई कौरवका दूतले बोलाएको, द्रौपदी अचम्म मान्दै कसरी पतिले आफ्नी पत्नीलाई जुवामा थाप्छन्

[५] होमनाथ खतिवडा **महाभारत विराट पर्व,** पं विश्वराज - हरिहर शर्मा बनारस सं १९६३ ।

भन्दै पत्याउन नसकी रहेको, पछि दुर्योधनले दुशासनलाई द्रौपदीलाई लिन पठाएको, दुशासनले द्रौपदीलाई चुल्ठोमा समाती घिसारेर सभामा पुऱ्याएको घटना वर्णन गरिएको छ । त्यसैगरी द्रौपदीले सभामा नजान अनेक विन्तिभाउ गर्दा पनि जबरजस्ती उनलाई सभामा पुऱ्याएर उनको वस्त्र हरण गर्न लागेको बेला कुनै उपाय नदेखी श्रीहरिलाई सम्झेर रूदै पुकारा गरेको र उनको भक्ति बुझेका श्रीहरिले द्रौपदीका बस्त्र बनी उनको शरीरमा रहेर इज्जत बचाएको विषय वस्तुलाई बढी मौलिक ढंङ्गमा प्रस्तुत गरिएको छ । यस कृतिको केही श्लोकको नमूना तल प्रस्तुत गरिएको छ ।

प्रभो ! दुशासन यो इजत लिन मेरो अघि सऱ्यो ।
समाती सारीमा बलसित उतार्न्या मन गऱ्यो ॥
कउन रित्ले बस्नू हुरमत बचाएर मइले ।
पऱ्यो उद्धार गर्नु मकन हजुरै आइ अहिले ॥
मलाई निर्वाङ्गै गरिकन सभाका बिचमहाँ ।
तमास् हेर्ने खोज्छन् सकल कुरूवंशीहरू यहाँ ॥
हजूर जस्ता नाथ भैकन पनि अनाथ् कै सरि भयाँ ।
इ कौरवका खेलले गरिकन म फन्दा परि गयाँ ॥
रूँदै यै रित्ने पुकार जब गरिन् श्री द्रौपदीले तहाँ ।
तिन्को भक्ति बहुन् बुझेर प्रभुजी आएर त्यै विच्महाँ ॥
बस्त्रै द्रौंपदिका भयी शरिरभर बस्नू भएथ्यो जसै ।
लाग्यो खोस्न लुगा ति दौंपदिजिको दुःशासनैले तर्सै ॥
खोस्थ्यो त्यो जति बस्त्र द्रौपदिजिको पारूँ विइज्जन भनी ।
निस्कन्थ्या उति बस्त्र तेस् बखतमा नाना रकमका बनी ॥
लाखौ बस्त्र झिक्यो तथापि रतिभर अन्त्यै नमिल्दा महाँ ।
लज्जित् भैकन फेरि तेस् अधमले लायो अधोमुख तहाँ ॥[६]

---

[६] होमनाथ खतिवडा **महाभारत सभा पर्व,** पं विश्वराज, हरिहरशर्मा बनारस १९०७ इ. ।

### (घ) श्रीमद्भागवत् कृष्ण चरित्र (प्रेम सागर)

यो कृति होमनाथ खतिवडा रचित सबभन्दा ठूलो काव्यकृति हो । प्रकाशन मिति नभेटिएको यस ग्रन्थमा जम्मा १६१० श्लोक छन् । कृष्णको जन्मलीलादेखि जीवनान्त पर्यन्तका घटनाहरूका क्रमिक रूपमा वर्णन गरिएको यस ग्रन्थलाई पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा विभाजन गरिएको छ । ब्रजलीला र मथुरागमनका घटनाहरू पूर्वार्धमा वर्णित छन् भने जरासन्ध युद्धलीलादेखि स्वर्गारोहण पर्यन्तका घटनाहरू उत्तरार्धमा संगठित र वर्णित छन् । नेपाली लोकलयमा सिलोक हालेर घरघरमा भट्याइने यो कृति नेपाली समाजमा एकपटक निकै लोकप्रिय भएको थियो । यसलाई धार्मिक, ऐतिहासिक र पौराणिक ग्रन्थको रूपमा लिन सकिन्छ ।

### (ङ) नृसिंह चरित्र

नृसिहं चरित्र पनि होमनाथ खतिवडाद्वारा रचित काव्यकृति हो । जम्मा १३७ श्लोकमा रचित यस कृतिको विषयवस्तु भगवानको नृसिंह अवतारसित सम्बन्धित छ । शिवप्रसाद उर्फ राधोरामद्वारा प्रकाशित यस कृतिको प्रकाशन मिति उल्लेख भएको पाइएको छैन । भगवान नृसिंहद्वारा भक्त प्रल्हादको उद्धार भएको कथा नै यस कृतिको वर्णन योग्य विषय रहेको छ । यस कृतिमा भगवानको नृसिंह अवतारको विराट, भयानक र विद्रुप स्वरूपको सरल र सहज वर्णन गरिएको छ ।

## ३.१.२ कुञ्जविलास गौतम र उनका कृतिहरू

कुञ्जविलास गौतम माध्यमिककालीन साहित्यकार हुन् । उनको पुर्ख्यौली थलो धादिङ जिल्लाको जीवनपुर भन्ने गाउँ हो । कवि कुञ्जविलासको जन्म वि.सं. १९२९ मा भएको हो । पिता बालकृष्ण गौतम र माता श्रीमती गौतमका छोरा कुञ्जविलास मूलत कवि हुन् । उनको योगदान पद्याख्यानमा रहेको छ ।

उनी आफ्नो समयका राम्रा कवि थिए । उनको रचनामा महाभारतका विभिन्न घटनाहरूको वर्ण गरिएको पाइन्छ । उनको कवित्व माध्यमिककालीन अन्त्य कविहरूको हाराहारीमै रहेको पाइन्छ । उनका रचनाहरू बोधगम्य भएकोले पाठकहरूलाई पढन् मन लाग्ने खालका छन् । उनका कृतिहरू यसप्रकार रहेका छन् ।

१. महाभारत (स्त्रीपर्व १९६०)

२. महाभारत (सौप्तिक पर्व १९६०)

३. महाभारत (गदापर्वः १०६०)

४. महाभारत (शल्यपर्व १९५६)

५. गुहसेनोद्‌वाह (काव्य १९५६)

६. शाशिमुखी लोहंजघोपाख्यान आदि ।

कवि कुञ्जविलास गौतमको देहान्त वि.स.. १९९१ मा भएको थियो ।[७]

**(क) महाभारत (गदापर्व)**

कवि कुञ्जविलास गौतमद्वारा रचना गरिएको महाभारतको गदापर्व प्रभावकारी कम्पनी वनारसबाट सम्बत् १९६० मा प्रकाशित भएको हो । यसको प्रकाशक श्री मुरलीधर शर्मा हुन् । यो काव्य १४० पेजको छ । यस काव्यमा महाभारतको युद्धमा कौरव पक्ष र पाण्डव पक्षबीच भएको बैमनस्य र भीमले दुर्योधनलाई गदायुद्धमा जितेर भूमिमा गिराएको प्रसंगलाई सरल ढंगले प्रस्तुत गरिएको छ । दुर्योधनले लडाइदेखि विमुख भई तलाउमा गएर लुकेदेखि सुरू भएको कथा प्रसंग देखि पाण्डवहरू तथा श्रीकृष्णको छेउछाडले गर्दा कुरूक्षेत्रको तीर्थमा स्नान गरी लडाई सुरू गरेको घटनाक्रमलाई श्लोकबद्ध गर्ने काम भएको छ । यस काव्यमा श्री कृष्ण र अर्जुन तथा धृतराष्ट्र र सञ्जय बीच भएको

[७] घटराज भट्टराईः **माध्यमिककालीन कवि र कविता**, पृ. ९० ।

कुराकानीलाई संवादको रूपमा प्रस्तुत गरिएको छ । कौरवपक्षका दुर्योधन र पाण्डवहरू तथा श्रीकृष्णका बीच भएका कुराकानी र दुर्योधनलाई गदा लिई युद्धमा निस्कन तयार गराउने वातावरण पनि सिर्जना गरिएको छ । यस काव्यमा पाण्डहरूको साथ दिने श्रीकृष्ण र उनकै दाजु बलरामजी बीच पनि केही भनाभन भएको र दुर्योधनलाई जित्नको लागि भीमले दुर्योधनको तिघ्रामा गदाले हानेको घटना प्रस्तुत गरिएको छ । भीमले दुर्योधनलाई तिघ्रामा गदा प्रहार गरेर शिरमा लात मारेपछि श्रीबलरामले यो अन्याययुद्ध भयो भनी भीमलाई धिक्कादै कृष्ण लगायत पाण्डवहरूसँग युद्ध लड्ने हाँक  दिएको कथा वस्तुका साथै कृष्णले भीम र बलराम दुबैलाई सम्झाएको र बलराम द्वाराका गएका घटनाहरू यस काव्यमा वर्णित छन् । भीमले गदाले तिघ्रामा हानी दुर्योधनलाई ढालेपछि पाण्डहरूतर्फको जयजयकार र कौरवतर्फको शोकाकुल अवस्था आएको देखाई काव्य टुङ्ग्याउने काम गरिएको छ । यसरी यस काव्यमा मुख्य रूपमा भीमले दुर्योधनलाई गदायुद्धमा जिती दुर्योधन भुईमा गिरेको र कृष्णको सल्लाह अनुसार यो सबै काम भएको देखाएर गदायुद्धको झलक देखाइएको छ ।

**(ख) महाभारत (सौप्तिक पर्व)**

कवि कुञ्जविलास गौतमद्वारा रचना गरिएको यो महाभारत सौप्तिक पर्व पनि प्रभावकारी कम्पनी वनारसबाट वि.सं. १९६० मा प्रकाशित भएको हो । यसका प्रकाशक श्री मुरलीघर शर्मा हुन् । ३९६ श्लोक भएको यस काव्यको पृष्ठ संख्या ७२ रहेको छ । यस काव्यमा दुर्योधन गिरेपछि बाँकी रहेको फौज कृतवर्म कृपाचार्य र अवस्थामाले के गरे भन्ने देखाउन खोजिएको छ । दुर्योधन पृथ्वीमा गिरको सुनी धृतराष्ट्रको विलाप एकापट्टि छ भने, अर्कोतर्फ अश्वस्थामाले पाण्डवहरूलाई रातमै मार्ने इच्छा गरेको देखाइएको छ । अश्वस्थामाले ढोकामा कृपाचार्य र कृतवर्मालाई राखी धृष्टद्युम्न आदि वीरहरूलाई पाण्डवहरूको छाउनीमा नै गई मारेको कथा देखाइएको छ । पाण्डवहरूका प्रतिविन्ध्य आदि पाँच छोरा, शिखण्डी र अरू फौजको हत्याको विभत्स घटना र पालमा आगो

लगाइएकोले फौजको विलाप भएको घटना पनि देखाइएको छ । छाउनीबाट पाण्डवसेना सखाप पारेर निस्किएका अश्वस्थामाले सो खबर सुनाएपछि खुसीभै दुर्योधनले प्राण त्याग गरेको घटनालाई सरल ढंगबाट प्रस्तुत गरिएको छ । त्यसैगरी आफ्ना पाँच छोरा र धृष्टद्युम्नको हत्या भएको सुनी विलापमा परेकी द्रौपदीले अश्वस्थामाको पछि लागेको, व्यासको आश्रममा भेटिएका अश्वस्थामाले कृष्ण, अर्जुन, र भीमसेन आफूलाई मार्न आएको ठानी ब्रम्हस्त्र छोडेको र अर्जुनले व्यासजीका वचनले ब्रम्हस्त्र खिचेको घटना वर्णन गरिएको छ । अश्वस्थामाको मणि द्रौंपदीलाई दिएपछि श्रीमहादेवको प्रभाव वर्णनका साथ काव्य समाप्त गरिएको छ ।

**(ग) महाभारत (स्त्रीपर्व)**

कवि कुञ्जविलास गौतमद्वारा रचना गरिएको यो महाभारतको स्त्रीपर्व पनि प्रभाकरी कम्पनी वनारसबाट प्रकासित भएको हो । यस काव्यका प्रकाशक श्री मुरलीघर शर्मा हुन् । यस काव्यमा जम्मा ७३ पेज र ४१४ श्लोक रहेको छ । ऋषि बैशम्पायनसित जन्मजेयको प्रश्नका साथ सुरू भएको यस काव्यमा राजा धृतराष्ट्रलाई सञ्जयले सम्भ्काई बुभ्काई गरेको र गान्धारीले पुत्रशोकले विहल बनेर विलाप गरेको घटना वर्णन गरिएको छ । पाण्डव पक्षका कैयौ फौज तथा धृष्टद्युम्न र द्रौपदीका छोराहरूको हत्या र कौरवपक्षका दुर्योधन लगायत कैयौ फौजहरूको हत्यापछि त्यहाँ उत्पन्न शोक र विलापलाई कारूणिक ढंगबाट प्रस्तुत गर्ने काम कवि कुञ्जविलास गौतमबाट भएको छ । युद्धभूमिमा रहेको आफ्ना पतिहरूका शवलाई खोज्न नारीहरूले नै सुरू गरेका छन् । शरीरका अङ्गहरू क्षतविक्षत बनेका र चिन्नै नसकिने भएका आफ्ना आफ्ना पतिका लासलाई देखी मुर्छा पर्दै विलाप गर्दै पृथ्वीमा ढलेका नारीहरूको कारूणिक दृष्यलाई प्रस्तुत गर्न यो काव्य सफल देखिन्छ । कुन्तीद्वारा कर्ण पनि आफ्नो छोरा भएको खुलासा गरिएको छ । अनेक संवाद, लडाइँको मैदानमा रहेको शवहरूको विभत्स रास, शोक, विलाप आदि घटनाहरूका साथमा स्त्री जातिको पेटमा कुरा

अड्ने छैन भन्ने सराप भएपछि ग्रन्थ समाप्त गरिएको छ । यसरी कवि कुञ्जविलास गौतमद्वारा महाभारतका विभिन्न घटनाहरूलाई समावेश गरी काव्यात्मक रूप दिने काम भएको छ । महाभारत गदापर्व, सौप्तिक पर्व र स्त्री पर्व, यी तीनवटै काव्यलाई एउटै कडा गाताबन्दी गरी संयुक्त पुस्तकको रूपमा मदन पुरस्कार पुस्तकालय पाटनढोकामा सुरक्षित राखिएको छ ।

**(घ) महाभारत (शल्यपर्व)**

कवि कुञ्जविलास गौतमद्वारा लेखिएको महाभारतको शल्यपर्व पनि प्रकाशित छ । प्रकाशक पण्डित ढुण्डिराज ऋषिकेश उपाध्याय, वनारस लेखिएको यो १३० पृष्ठ भएको काव्यमा ६४० श्लोक छन् । १३ पृष्ठ भन्दा अघिको पृष्ठ नभएकोले काव्यको सुरूवात कसरी भयो भन्ने जानकारी पाउन सकिएन । साथै प्रकाशन मिति पनि भेट्न सकिएन ।

**(ङ) गुहसेनोद्वाह (काव्य १९५६)**

गुहसेनोद्वाह कवि कुञ्जविलास गौतमद्वारा रचना गरिएको काव्य हो । यसको प्रकाशन पशुपत प्रेस ठैहिटी आढत बाट वि.सं. १९५६ मा भएको हो । यो काव्यको पृष्ठसंख्या १६ र श्लोक संख्या  ९३ रहेको छ । यस कृतिमा कवि कुञ्जविलास गौतमले सरल ढंगबाट विन्ध्याचल पर्वत नजिक रहेको सहरमा बस्ने निसन्तान महाजनले कसरी पुत्र प्राप्त गरे र त्यो महाजनको पुत्र गुहसेनले कसरी आफ्नो जीवन पिताको कामना नै लगाए भन्ने घटनाको वर्णन गरेको छन् । यस काव्यमा गुहसेनको विवाह धर्मगुप्ता नामका बनियाँकी छोरी देवस्मितासँग भएको व्यापार गर्न घरदेखि टाढा जानलागेका गुहसेनलाई नछोडी केही पर गएर सँगै तपस्था गर्न लागेका देवस्मितालाई गुहसेनलाई एक एक कमलको फूल प्राप्त भएको रोचक कथा छ । व्यापार गरेर पिताको कामलाई निरन्तरता दिन देश गएका गुहसनेले कमलको फूल पनि साथै लगेका थिए र देवस्मिता पनि एउटा कमलको फूल लिएर घर आएकी थिइन् । त्यसै क्रममा घरमा भएकी देवस्मिताले

अनेक कष्ट हण्डर सहदै पतिको प्रतिक्षामा रहिन् भने देश गएका गुहसेनले पनि धन हराउने देखि अनेक दुख पाएका थिए । यस कृतिमा आएका ठग र डाँकाहरूलाई तह लगाउने र सासुको आज्ञा अनुसार पुरूषको भेषमा देश गएका पतिलाई भेट्न पुग्ने देवस्मिताको साहसिक र बुद्धिमतापूर्ण कार्यको राजाबाट समेत प्रशंसा भएको देखाइएको छ । देवस्मिता र गुहसेनको मिलनपछि यस कृतिको कथावस्तु समाप्त भएको छ ।

### (च) शशिमुखी लोहजंघोपाख्यान

शशिमुखी लोहजंघोषख्यान कवि कुञ्जविलास गौतमद्वारा रचना गरिएको काव्य हो । यसको प्रकाशक ढुण्डिराज हुन् र वि.सं. १९५६ तिर ऋषिकेश वनारसबाट प्रकाशित भएको हो । ६८ श्लोकमा रचित यस काव्यको पृष्ठसंख्या १४ रहेको छ । यस कृतिमा कवि कुञ्जविलास गौतमले मथुरापुरी नगरीमा राजा उग्रसेनको राज्यमा रहेकी कुटुनी र उसकी छोरी शशिमुखीको दिनचर्यालाई कविताका माध्यमद्वारा प्रस्तुत गरेका छन् । साथै गरिब ब्रहमाण लोहजङ्घलाई शशिमुखीले मनपराएको र उनैलाई पति मानेर बस्ने प्रतिज्ञा गरेको कथा पनि उल्लेख गरिएको छ । दुष्ट कुटुनीले लोहजङ्गलाई अनेक दुःख दिएर आफ्नी छोरीलाई छुटाउन प्रयन्त गरेको र पछि धन र शक्ति प्राप्त भएपछि लोहजंघले पनि त्यस दुष्ट कुटुनीलाई पनि सजाय दिएर कुकर्मको फल भोग्न बाध्य पारेको घटनाक्रमलाई कविताको रूपमा प्रस्तुत गरिएको यो काव्य सरल छ । शशिमुखी र लोहजंङघको मिलाप पछि काव्य पनि समाप्त भएको छ । यसरी विभिन्न आख्यानहरूलाई सरल कविताका माध्यमद्वारा मौलिक रूपमा प्रस्तुत गर्ने कवि कुञ्जविलास गौतमलाई माध्यमिक कालका सफल कविका रूपमा लिन सकिन्छ ।

### ३.१.३ भवानीप्रसाद खतिवडा र उनका कविता कृति

भवानीप्रसाद खतिवडा माध्यमिक कालका प्रभावशाली कवि मानिन्छन् । यिनको जन्म वि.सं १९३० साल कात्तिक महिनामा काठमाडौको पुने बहाल टोलमा भएको थियो । यिनी पिता टंकनाथ खतिवडा तथा माता महादेवीका कान्छा छोरा हुन् । यिनको पैतृक थलो धादिङ जिल्लाको कल्लेरी गाउँ हो । यिनी आफ्नो जीवनकालमा त्यति परिचित हुन सकेनन् तर यिनको देहावसानको करिव ४४ वर्षपछि वि.सं. २०३१ मा ढ्याङरो कविता संग्रह प्रकाशित गरिएपछि केही मात्रामा भएपनि कविको रूपमा परिचय पाउन सफल भए । उनको साहित्यिक चिन्तन सर्वप्रथम संस्कृतबाट सुरू भएको मानिन्छ तापनि संस्कृतमा लेखिएका उनका कविता देख्न पाइएको छैन । उनी वि.सं. १९६० तिर काशीबाट प्रकाशित भएको 'सुक्तिसुधा' नामक संस्कृत पत्रिकाको प्रथम सम्पादक थिए ।[८]

कवि भवानी प्रसाद खतिवडा संस्कृत पत्रिकाको सम्पादक भएतापनि तत्कालीन नेपाली समाजमा नेपाली समस्यापूर्तिका श्लोकहरू लेख्ने होड चलेकाले उनले विस्तारै नेपाली भाषामा कलम चलाउन थाले । इतिहास प्रसिद्ध ३८ साल पर्वमा यिनका पिता टंकनाथ मुडिएर देशनिकालामा परेपछि यिनी आफ्ना पिताको रेखदेखबाट वञ्चित हुन पुगे । यिनी आठ वर्षको उमेरदेखि १४ वर्ष धादिङ कल्लेरीमा जेठाबाबुको आश्रयमा बसेका थिए । त्यसपछि उनी त्यहाँबाट काशी पुगी आफ्नै बाहुवलले जीविका चलाउँदै विद्याध्ययनमा संलग्न रहेका थिए ।[९] त्यहाँ केही काल विद्याध्ययन गरेपछि 'सुक्तिसुधा' नामको संस्कृत भाषाको पत्रिकाको सम्पादक बनेर २ वर्ष काम गरे । वि.सं. १९६३ तिर उनी यस कार्यमा संलग्न थिए । सूक्तिसुधामा उनका प्रशस्त संस्कृत पद्यहरू छापिएका थिए । यसै पत्रिकाको माध्यमद्वारा उनले कुलचन्द्र गौतम, देवीदत्त पराजुली र सोमनाथ

---

[८] डा. स्वामी प्रपन्नाचार्यः **'सूक्तिसुधाको पहिलो सम्पादक - पं. भवनीप्रसाद खतिवडा',** मधुपर्क २७/३ पूर्णाङ्क ३०२ श्रावण २०५१ ।

[९] रोहिणिप्रसाद भट्टराई, **ढ्याङ्रो,** (कलकत्ताः किरणकुमार शर्मा, पी. २०, डालिम तल्ला लेन २०३१) को भूमिका, च ।

सिग्द्याल जस्ता विद्धानहरूलाई संस्कृतमा कविता लेख्न प्रेरणा दिएका थिए भनिन्छ ।[१०] वि.सं. १९५२ मा काशी पुगेका भवानीप्रसाद खतिवडा केही समय काशीमा विद्याध्ययन गर्दै र पत्रिकाको सम्पादन गर्दे रहेका थिए । केही समयपछि अर्थात दुईवर्ष पत्रिका चली बन्द भएपछि परिवारको भरणपोषणको लागि उनी कलकत्तातिर लागेर अर्डर सप्लायर्सको काम गर्न थाले ।[११] मेहेनतपूर्वक गरिएको र अनुभव पनि प्रशस्तै हुनपुगेकाले व्यवसायपनि राम्रै चल्दै गयो र कविताको आराधना पनि गर्दै रहे । अनेक कठिनाईहरूसँग जुध्दा पाएको अनुभव र संस्कृत साहित्यको सेवाबाट पाएको अनुभव र तत्परताले उनका विचार कार्यकलाप र कविताहरू परिमार्जित बन्दै गए । आफुले र देशवासीले भोगेको यातना व्यक्त गर्न उनी कवितालाई माध्यम बनाउँथे तर निर्भीक रूपले देशभित्र र देशबाहिरका अत्याचारहरूलाई स्पष्ट रूपले जनता समक्ष प्रस्तुत गर्ने लक्ष्य भएका पत्रिकाहरूका अभावले गर्दा उनका कैयन लेख र कविताहरू प्रकाशित हुन पाएनन् । पछि वि.सं. १९८३ मा देहरादूनबाट 'गोर्खा संसार' प्रकाशित हुन थालेपछि उनका लेख एवं कविताहरू प्रकाशित हुन थाले । गोर्खा संसार पछि 'तरूण गोर्खा' मा पनि उनका लेख तथा कविताहरू निरन्तर रूपमै प्रकाशित हुँदै आयो । कवि भवानीप्रसाद खतिवडाले नेपाली कविताको क्षेत्रमा दिएको योगदान महत्वपूर्ण मानिन्छ र उनी धादिङका विशिष्ट साहित्यकारका रूपमा रहेका छन् । उनको देहावसान वि.सं. १९८७ साल पौष शुक्ल अष्टमीका दिन काशी मणि कर्णीकामा भएको थियो ।[१२] उनको एक मात्र प्रकाशित पुस्तकाकार कृति ढ्याङरो । (कविता संग्रह) २०३१ हो ।

---

[१०] तारानाथ शर्मा, **ढ्याङ्रोको भूमिका,** पृ.ण ।

[११] रोहिणिप्रसाद भट्टराई, **ढ्याङ्रोको भूमिका,** पृ.च ।

[१२] पूर्ववत् ।

### ढ्याङरो

वि.सं. २०३१ सालमा प्रकाशित ढ्याङरो कवि भवानीप्रसाद खतिवडारचित कविताहरूको संग्रह हो । किरणकुमार शर्मा प्रकाशक रहेका यस कृतिमा जम्मा १७ वटा फुटकर कविताहरू रहेका छन् । यस संग्रहमा परेका हाम्रो पाताल यात्रा, कुटनीति, मर्म वेदना, देशदशा, सुधार आतंक, सावधान आदि कविता महत्वपूर्ण मानिन्छन् । विभिन्न पत्रिकाहरूमा छापिएका फुटकर कविताहरूलाई ढ्याङरोमा संग्रहीत गरिएको हो । ढ्याङरो कवितासंग्रह भित्रका केही कविताहरूको परिचय तल प्रस्तुत गरिन्छ ।

#### (क) आत्मपरिचय

यो कविता भवानी प्रसाद शर्माकै शब्दमा अपूर्ण आत्मपरिचय हो । कविका पुत्रका स्मृतिबाट उद्घृत यस कवितामा कविको जन्म, बाल्यकाल र अठतीस सालको काण्ड आदिका वर्णन गर्दै वनारस जानुपूर्वको चौध वर्ष कष्टपूर्वक विताएको कुरा लेखिएको छ । वनारसमा रहदा आमाको निधन भएको, विभिन्न कष्टहरू आइपरेको र पछि जीवीकोपार्जनतिर लागेको घटनासम्मको विवरण दिइएको छ । तिनताक कविका पुत्रको उमेर ४/५ वर्षको मात्र भएकोले अरू कविता सम्भन सकिएन भनिएको छ ।

#### (ख) हाम्रो पाताल यात्रा

यो कविता जम्मा १८ श्लोक संरचना गरिएको छ । 'त्रिशुल' उपनामबाट लेखिएको यस कविताको प्रथम प्रकाशन ३ मइ १९२७ मा देहरादूनबाट प्रकाशित 'गोर्खासंसार' मा भएको थियो ।[१३] यस कवितामा नेपाली चेलीबेटीको अस्मिता लुटेर भारतीय बेश्यालयहरूमा लगेर विक्री गर्ने नीच व्यक्तिहरू प्रति धारिलो प्रहार गरिएका छ । तत्कालीन नेपाली समाजमा शासकहरूको आड लिएर

[१३] धरणीधर कोइराला र कृष्णकुमार शर्मा खतिवडा (सम्पादक): **ढ्याङ्रो,** २०३१ पृ. ५, ६ ।

नेपाली चेलीबेटीको बेचविखन गर्नेहरू नै यो देशलाई पाताल पुऱ्याउने कुकर्मीहरू हुन् भन्ने भाव उक्त कवितामा व्यक्त भएको छ। कवितामा यो देश र यस देशमा जनताको दयनीय अवस्थाको चित्रण गर्दै यो दुर्दशाबाट मुक्ति पाउन जनतामा एकताको आवश्यकता छ र सबै मिलेर काम गरेमा यो देशलाई पाताल जानबाट बचाउन सकिन्छ भन्ने भाव व्यक्त भएको पाइन्छ।

### (ग) धनगौरव

यो कविता जम्मा २५ श्लोकमा संरचित छ। 'अघोर चन्द्र तर्क रङ्ग' का उपनामले लिखित यस कविता व्यङ्ग-विद्रुपात्मक शैलीको छ। यसको प्रथम प्रकाशन १६ अगष्ट १९२७ को 'गोर्खा संसार' मा भएको हो।[१४] यस कविताले समाजमा गण्यमान्य कहलाएका गुरुज्यूहरूको अनैतिक क्रियाकलाप र देखावटीपनप्रति व्यङ्ग्य गरिएको छ। वडप्पनमा रम्ने र शक्तिको आडलिएर भ्रष्टचार गर्ने भ्रष्टहरू प्रति चोटिलो व्यङ्ग गरिएको प्रस्तुत कविताले नागरिकमा चेतना आएमा नै राष्ट्रिय स्तरमा नै चेतना फैलने विचार प्रकट गरेको पाइएको छ। धन हुनेलाई सबैले पुज्छन् भन्ने सरल अर्थ एकापट्टि छ भने जुनसुकै कुकर्मद्वारा कमाए पनि धन कमाएर समाजमा आफ्नो बडप्पन देखाएर रवाफ देखाउनेको असली स्वरूपको व्यङ्ग पनि यहाँ गरिएको छ। यस कविताको विषय वस्तु वर्तमान समाजको चरित्रसित ठ्याम्मै मेल खाने खालको छ।

### (घ) कूटनीति

यो कविता १७ श्लोकमा संरचित छ। यस कवितामा राणा शासन कालमा हुने गरेको दमन प्रति प्रतिक्रिया व्यक्त गरिएको छ। यो कविता सामाजिक राजनैतिक चेतनाले भरिएको नेपाली भाषाको दूर्लभ कविता हो। सर्वसाधारण नेपालीले भारतमा समेत नागरिक सेवा गर्न नपाऊन भनी भारतीय

[१४] पूर्ववत् पृ. १३।

शासकलाई राणाशासकहरूद्वारा गरिएको अनुरोधको प्रतिक्रिया यस कवितामा व्यक्त भएको अनुभव हुन्छ ।[१५] आफ्नो देशमा कमाइखाने उपाय नभएका नेपालीहरूले आसाम, बर्मा, गढवाल, देहरादुन आदि भारतीय भूमिमा गई जंगल फडानी गरी उर्वर पारेर जीवकोपार्जन गर्नुपरेको घटनाहरू पनि यस कवितामा वर्णित छन् ।

**(ङ) देशदशा**

यो कविता १७ श्लोकमा संरचित छ । तत्कालीन नेपाली समाजले भोग्नु परेको दुर्दशाको वर्णन यस कवितामा जीवन्त रूपमा गरिएको पाइन्छ । प्रस्तुत कविता सर्वप्रथम ३ जनवरी १९२८ को गोर्खा संसारमा प्रकाशित भएको थियो ।[१६] यस कवितामा तत्कालीन सामाजिक आर्थिक अवस्थाको यथार्थ चित्रण गरिएको पाइन्छ । कविले मुलुकको अर्थ व्यवस्था सुदृढ पार्नका लागि स्वदेशी कच्चा पदार्थको उपयोग गरी आफ्नै मुलुकमा विविध कलकारखाना खोल्नुपर्ने सुझाव दिएका छन् । अठ्तीससाल पर्वमा काठमाडौ छाड्न करै लागेकाले विदेश पस्न बाध्य पारिएका कविले आफूले देखेको समाजको यथार्थ चित्र उतारी नेपालको रचनात्मक विकास कसरी गर्न सकिन्छ र राष्ट्रको अर्थ व्यवस्था कसरी दह्रो पार्न सकिन्छ भन्ने सुझाव दिएका छन् । यस कवितामा कविको अन्तवेदनाको पुकार झल्किएको पाइन्छ ।

**(च) उचित रायः**

उचित राय शीर्षक कविता जम्मा २० श्लोकमा रचना गरिएको छ । यो कविता सर्व प्रथम ६ अप्रिल १९२८ मा 'गोर्खासंसार' मा प्रकाशित भएको थियो ।[१७] यस कवितामा तत्कालीन नेपाली राजनीतिमा घटेका घटना, दरवारिया

---

[१५] पूर्ववत् पृ. १८ ।
[१६] पूर्ववत् पृ. २३ ।
[१७] पूर्ववत् पृ. २९ ।

षडयन्त्र र दाउपेचको चिरफार गरिएको छ । साथै दरवारिया षडयन्त्रबाट सजग र सचेत रहन सम्पूर्ण नेपालीलाई आह्वान पनि गरिएको छ । तत्कालीन शासक वर्गले राजधर्मको मर्म नबुझी आफ्ना अनुचरहरूका लहैलहैमा लागेर काम गरेकाले तिनको पतन अवश्यंभावी छ भन्ने संकते गरिएको छ । निर्भिक, स्पष्ट, उपादेय एवं राजकीय धर्मको सारांश र त्यसको स्पष्टोक्ति नै यस कविताको विशेषता हो । 'समाप्त भो यौवनकाल' पंक्तिले त महाराज चन्द्र शमशेरालाई संबोधन गरेको बुझिन्छ ।[१८] यसरी यस कवितामा तत्कालीन शासक वर्गलाई जनताको मर्म बुझेर शासन गरेका लामो समयसम्म टिक्न सकिने र जनतालाई दःख दिनेको छिट्टै पतन हुने राय दिइएको छ ।

### (छ) मर्मवेदना

यो कविता कवि भवानीप्रसाद खतिवडाको ढ्याङरो संग्रहमा संग्रहित सबैभन्दा ठूलो आकारको कविता हो । यो कविता ४५ श्लोकको छ । यो कविता सर्वप्रथम २२ अगष्ट १९२८ को 'गोर्खा संसार' मा प्रकाशित भएको थियो ।[१९] कविले यस कविता मार्फत आफ्नो मनको अन्तरवेदना र पुकारा व्यक्त गरेको जस्तो देखिए पनि वास्तविक रूपमा त्यो वैयक्तिक नभई तत्कालीन नेपाली समाजकै अन्तवेदना र पुकार व्यक्त भएको संकते पाइन्छ । यस कविता मार्फत कविले विकासात्मक प्रवृतिको झझल्को दिएका छन् । कवितामा नेपाल र नेपाली जनताको उज्ज्वल भविष्यको कामना गरिएको छ यसका साथै आर्थिक स्थिरताका लागि विविध योजनाहरू प्रस्तुत गर्दै यस कवितामा आवश्यक सुझावहरूलाई कवितात्मक अभिव्यक्ति दिइएको पाइन्छ ।

[१८] पूर्ववत् पृ. २९ ।
[१९] पूर्ववत् पृ. ४१ ।

(ज) **प्रबोधन**

भवानी प्रसाद खतिवडारचित यो कविता ११ श्लोकको छ । यस कवितामा कवि खतिवडाले नैतिक चरित्र सुधार्न सबैलाई आह्वान गरेको छन् । हामीले आफ्नो जातिको उन्नतिको लागि सम्पूर्ण आडम्बर संकीर्ण विचार र अकर्मण्यता त्याग्नु पर्दछ भन्ने सन्देश दिइएको पाइन्छ । हामी आफै सजग भएमा मात्र राष्ट्रले प्रतिष्ठा प्राप्त गर्न सक्नेछ भन्ने वास्तविकता कवितामा व्यक्त भएको पाइन्छ । नेपालीहरूलाई वीर बनेर उठ्नु पर्ने आवश्यकता औंल्याउँदै देश विकासको निम्ति आफ्ना पूर्वजको साहस र धर्म सम्झँदै अघि बढ्नु पर्ने राष्ट्र जागरणको आमन्त्रणा नै यस कविताको विषय हो ।

(झ) **के गरौं**

भवानीप्रसाद खतिवडा रचित यो कविता जम्मा चार श्लोकको छ । मनपरी गरी धन कमाउनेहरूलाई व्यङ्ग्य गरिएको यस कवितामा नीच कर्म तथा छल गरेर धन कमाउने आशय नराखेका कारण आफू धनी बन्न नसकेको कविको आत्माभिव्यक्ति प्रकट भएको छ । जसले धर्म तथा समाजको वास्ता नराखी मनपरी गरेर अर्थोपार्जन गरे ती व्यक्ति नै समाजमा प्रतिष्ठित बनेर बस्न सफल भए भन्दै कविले समाजमा रहेका कुरीति र अधर्म प्रति व्याङ्ग्य गरेका छन् ।

(ञ) **सुधार आतंक**

कवि भवानीप्रसाद खतिवडा रचित यस कविता ११ श्लोकमा निर्मित छ । यस कवितामा तत्कालीन राणाशासकहरूले सुधारको नाउँमा देश र जनतालाई आंतकित पारेको विषयवस्तु समेटिएको छ । यो कविता सर्वप्रथम २० फेब्रअरी १९२९ मा 'तरूण गोर्खा' पत्रिकामा प्रकाशित भएको थियो ।[२०]

---

[२०] पूर्ववत् पृ. ४८ ।

### (ट) सावधान

कवि भवानीप्रसाद खतिवडाद्वारा रचना गरिएको यो कविता ७ श्लोकमा निर्मित छ । यो कविता 'आदिनाथ ठाकुर' का छद्म नामले १३ फेबुअरी १९२९ को तरूण गोर्खामा सर्वप्रथम प्रकाशित भएको थियो ।[२१] यस कवितामा तत्कालीन शासक वर्गले देशद्रोही र समाज विरोधी तत्वहरूलाई संरक्षण दिइएका विषयहरू नै कविताको भावभूमि भएर व्यक्त भएको पाइन्छ । कवितामा शासकहरूबाट सिर्जना गरिएका राज्य आतंकप्रति विरोध जनाइएको छ । यसका साथै शासक वर्गका गलत क्रियाकलापप्रति सजग रहन सम्पूर्ण नेपालीलाई आह्वान समेत गरिएको छ ।

### (ठ) स्वर्ग - सोपान

कवि भवानी प्रसाद खतिवडा रचित यो कविता जम्मा सात श्लोकको छ । यस कवितामा समाजमा रहेका असल तथा खराव चरित्रहरूको परिचय प्रस्तुत गरिएको छ । समाजमा असल तथा खराव दुबैखाले चरित्र भएका व्यक्तिहरू हुन्छन् । तिनमा दुष्ट, मूर्ख, नीच आदिले अरूको भलो नचाहने हुँदा तिनको पनि भलो हुँदैन तर सज्जन् महात्मा आदि अरूको भलाइमा आफ्नो ज्यान अर्पन गर्न तम्सन्छन् र तिनको जीवन पनि सुखी बन्दछन् त्यसैले दुष्ट भन्दा सज्जन बनौ भन्ने सल्लाह दिने औपदेशिक यस कवितामा कसैको पनि अपमान नगरौ भन्ने भाव पाइन्छ ।

### (ड) धूर्त वर्णना

कवि भवानीप्रसाद खतिवडाद्वारा रचना गरिएको यो कविता १३ श्लोकको छ । रचनाकाल सम्भवत १९१८ जनाइएको र स्मृतिबाट उद्घृत गरिएको यस कविताका श्लोकहरूमा समाजका जुनसुकै क्षेत्रमा पनि जाली फटाहा र

[२१] पूर्ववत् पृ. ५० ।

धूर्तहरूको बोलवाला रहेको र तिनले अनेक तरहले सोझा साझा मानिसहरूलाई ठगिरहेको कुरा बताइएको छ । चिप्लो व्यवहार गरेर मानिस झुक्याउने धूर्तहरूदेखि सतर्क रहन पर्ने आवश्यकतालाई कवितात्मक रूपमा व्यक्त गरिएको छ ।

**(ढ) अहंकार**

कवि भवानीप्रसाद खतिवडाद्वारा रचित दुई श्लोक भएको यो कविता तत्कालीन शासकहरूले आफूलाई अति पराक्रमी वीर ठानी झ्याली पिटाइ हिड्ने बानीको पर्दाफासको रूपमा १९२८ तिर छापिएको थियो ।[२२] तत्कालीन शासकवर्गले गरेको मनपरीको पर्दाफास गरिएको यस कवितामा अहंकारले गर्दा शक्तिको दुरूपयोग गरिएको देखाइएको छ । शक्तिका कारण अंहकारको जन्म हुने र अहंकारले शक्तिको दुरूपयोग हुन जाने तर्फ यस कविताले सचेत तुल्याएको छ ।

**(ण) बराह वर्णन**

कवि भवानीप्रसाद खतिवडारचित यस कवितालाई अपूर्ण खण्डकाव्यका रूपमा लिइएको पाइन्छ ।[२३] स्मृतिबाट उद्घृत गरिएको सम्भवत १९०७ तिर रचना गरिएको भनिएको यस कवितामा अहिले जम्मा ३५ श्लोकहरू मात्र छन् । यस कवितामा कविको आक्रोश स्पष्ट रूपमा राणा विरोधी भएर प्रकट भएको छ । तुलनात्मक रूपमा अरूभन्दा शिक्षा तथा सुधारप्रेमी देव शमसेरलाई देश निकाला गर्ने चन्द्रशमशेरको पतन र राणाशासनको अन्त्य अवश्यभावी भएको विचार कवितामा व्यक्त भएको पाइन्छ । कंशको विनाशमा कृष्णको जन्म कारण भए जस्तो राजा त्रिभुवनको जन्म नै राणाशासनको विनासको कारण हो भन्ने संकेत यस कवितामा गरिएको छ ।

---

[२२] पूर्ववत् पृ. ५४ ।
[२३] पूर्ववत् पृ. ५५ ।

### (त) हितोपदेश

कवि भवानीप्रसाद खतिवडा रचित यो ३ श्लोक भएको कविता हो । यो कविता मालिनी छन्दमा निर्मित छ । यस कवितामा कविले यो मिथ्या संसारमा रहेर लोभ र मोहमा पर्नुभन्दा दुःखी र असहायको सेवा गर्नुका साथै प्रभुको भजनमा लागेर यो जीवन बिताउनु नै वेश हुन्छ भन्ने उपदेशात्मक भावना व्यक्त गरेका छन् ।

### (थ) विश्वनाथ वर्णन

कवि भवानीप्रसाद खतिवडा रचित यो कविता १२ श्लोक भएको कविता हो । यो कविता ढ्याङ्रो संग्रह भित्रको अन्तिम कविता हो । यस कविताको रचना काशीमा १९०३ मा भएको हो ।[२४] यस कवितामा कविले भारतवर्षमा विभिन्न तीर्थस्थल र विभिन्न प्रसिद्ध नदीहरू रहेका र ती धार्मिक रूपले अति प्रसिद्ध भएको बताएका छन् । भारतीय भूमिमा रहेको विश्वनाथ बाबाको मन्दिर परिसर तथा त्यहाँको वस्तुस्थितिको वर्णन गरिएको यस कवितामा कविले विश्वनाथ बाबाको महिमाको चर्चा गरेका छन् ।

यसरी कवि भवानीप्रसाद खतिवडाले आफ्नो समयमा विविध राजनैतिक सामाजिक साथै धार्मिक भाव झल्कने कविताहरूको सिर्जना गरेर माध्यमिककालीन नेपाली साहित्यको कविता विधामा एक अविश्मरणीय प्रतिभाका रूपमा आफूलाई उभ्याउन सफल भएका छन् ।

## ३.१.४ कुलचन्द्र गौतम र उनका कृतिहरू

नेपाली सहित्यको इतिहासमा माध्यमिक कालका महत्वपूर्ण प्रतिभा पं कुलचन्द्र गौतम आफ्नो समयका नामुद विद्वान हुन् । विद्वच्छिरोमणि उपाधिले

---

[२४] पूर्ववत् पृ. ६२ ।

विभूषित कुलचन्द्र गौतम पिता अग्निहोत्री रमाकान्त गौतम र माता श्रीमती गौतमका पुत्ररत्नका रूपमा वि.सं. १९३२ मा जन्मिएका थिए । उनको जन्मस्थल धादिङ जिल्लाको जीवनपुर भन्ने गाउँ हो । तत्कालीन परम्परा अनुसार उनको ब्रतबन्ध आठै वर्षको उमेरमा भएको थियो । यसपछि उनी काशी गएर ख्यातिप्राप्त विद्वान पं गंगाधर शास्त्री 'तैलङ्ग' सित विद्याध्ययन गर्न थाले । यिनी प्रारम्भिक शिक्षा अध्ययनमा संलग्न रहेदेखि नै पत्रपत्रिकामा भएको अशुद्धिहरू सच्याउन सक्ने क्षमताका थिए । यिनले उनै गुरुसँग पढेर साहित्यचार्य प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए । संस्कृतमा साहित्याचार्य गर्ने उनी नै पहिलो नेपाली थिए ।[२५] साहित्य बाहेक बेदान्तदर्शन, नीतिशास्त्र, आयूर्वेद आदि विषयमा समेत राम्रो ज्ञान भएका गौतम सुरूमा संस्कृत भाषामा कविता लेख्ने गर्थे । सुरूमा संस्कृतमा कविता लेख्ने यिनको कलम पछि विस्तारै नेपाली कविता तर्फ चल्न थाल्यो र थुप्रै नेपाली साहित्यका पुस्तककाकार कृतिहरू रचना गरेर नेपाली साहित्यको भण्डार भर्ने काम यिनीबाट भयो । आफ्नो अध्ययनको समाप्तिपछि कुलचन्द्र गौतमले काठमाडौ, जनकपुर, भारतको विहार तथा काशी आदि ठाउँमा बसेर आफ्नो साहित्य साधनालाई अघि बढाए ।

आफ्नो जीवनकालमा कुलचन्द्रले संस्कृतमा अनेक ग्रन्थ लेखे, नेपालीमा अनेक गद्य पद्यको रचना गरे । उनका संस्कृत र नेपाली दुबै भाषाका साहित्यरचनाको अध्ययन गर्दा उनी भित्रको पाण्डित्यको अनुमान गर्न सकिन्छ । साना तिना विधाताबाट संभव नहुने अमरकोशको टीका, तुलसीकृत रामायणको टीका एवं नेपालीकरण जस्ता कार्यहरू उनीबाट भयो । उनलाई श्रीहर्षको नैषद महाकाव्य कष्ठस्थ थियो । कुनै पनि काव्य वा पुराण एक दुई सर्ग वा अध्याय एकपटक बाँचेर फेरि नहेरी कण्ठस्थै सुनाइदिन सक्थे ।

[२५] घटराज भट्टराई, **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** पृ. ६१ ।

जर्मनबाट एक संस्कृत श्लोकको अर्थ नलागेर संस्कृतका विद्धानहरूलाई सोधी पठाउँदा एक प्रति कुलचन्द्र कहाँ पनि आइपुगेछ । उनले त्यस श्लोकको रस, भङ्गश्लेष, अभङ्गश्लेष, भङ्गाभङ्गश्लेष, गुण, दोष, अलङ्कार आदि झल्काउँदै १३ अर्थ गरेर पठाउँदा जर्मन सरकारबाट संस्कृतका अद्धितीय विद्धान भनेर प्रशंसा पाउने कुलचन्द्रले नेपालबाट पनि गोरखा दक्षिणबाहु, विद्धत्शिरोमणि जस्ता पद प्राप्त गरेका थिए । यिनले श्री ५ त्रिभुवनबाट मासिक रू. ३०० भत्ता पनि प्राप्त गरेका थिए । वनारसबाट आचार्य गरेर काठमाडौ आएपछि श्री ५ पृथ्वी वीर विक्रमबाट ठूलो आदर र सम्मान प्राप्त गर्ने कुलचन्द्रलाई तत्कालीन दरवारिया पण्डितहरूले देखिसहेनन् । दरवारमा दशकुमार चरित्र पढाइरहेको देख्दा रिसाएका चन्द्रशमशेरलाई खुसी पार्न उनले 'अलङ्कार चन्द्रोदय' लेखी पठाए । त्यसपछि चन्द्रशमशेर केही शान्त भए ।[२६]

आफ्ना तीन छोरा र पत्नी समेतको निधन हुनु, आफ्नो देशमा सम्मानपूर्वक बस्न नपाउनु, आफ्नो प्रतिभाको कदर नहुनु जस्ता विविध कारणहरूले गर्दा उनी विरक्तिएर वनारस पुगे । चन्द्रशमशेरको स्तुति गरून्जेल भगवानको भक्ति गरेको भए म कति ठूलो हुने थिएँ भन्ने लागेर प्रायश्चितका लागि 'राधवलङ्कार' लेखे । फलस्वरूप कुलचन्द्रका ग्रहदशा शान्त भए । पछि उनी जनकपुरमा आएर बसे । त्यहाँ उनलाई जीवन निर्वाहका लागि पुग्नेगरी धन सम्पति पनि मिल्यो । संस्कृत एवं नेपालीमा अनेक पुस्तक पनि रचेर उनी जीवनको अन्त सपार्न फेरि वनारस मै रहे । उनको व्यक्तित्व अत्यन्त प्रभावशाली भएर पनि अनेक विध्नवाधा, समस्या र कठिनाईले जेलिएको पाइएको छ । पं कुलचन्द्र गौतम ८३ वर्षको उमेरमा वि.सं. २०१५ मार्ग कृष्णाष्ठमीको दिन साँझ ५:३० बजे काशी रामघाटमा दिवंगत भएका थिए ।

[२६] पूर्ववत् पृ. ६२ ।

कुलचन्द्र गौतमका कृतिहरू भाषाका दृष्टिले नेपाली र संस्कृत भाषामा वर्गीकरण भएपनि विषयका दृष्टिले काव्य, अनुवाद, टीका, लक्षण ग्रन्थ, विविध गरी ५ प्रकारबाट वर्गीकरण गर्न सकिन्छ । उनका पुस्तकाकार प्रकाशित कृतिहरू यस प्रकार छन् ।

ज्ञ। पुरूषार्थ कल्पवली (उपदेश पद्यमा) १९५६

द्द। अमरकोश (टीका) १९५६

घ। स्वयवैद्य (आयुर्वेद) १९७२

毳। अलङ्कार चन्द्रादय (लक्षण ग्रन्थ) १९७८

छ। दत्त चर्या र दत्तचर्यासार संग्रह १९७१

ट। प्रपंचचर्या १९९३

ठ। तुलसीकृत रामायण (अनुवाद) १९९६

ड। महिम्न स्त्रोत्र १९९७

ढ। उन्माद २0१0

ज्ञण। आदर्श दर्म्पात सीतारामौ २०१२ (संस्कृत र नेपालीमा)

ज्ञज्ञ। अलङकार संग्रह २०१४

ज्ञद्द। राघवालङ्गार (लक्षणग्रन्थ) २०१५

ज्ञघ। दुर्गे पाहिमाम्

ज्ञ毳। लोकशिक्षा

ज्ञछ। तत्वबोध (२०२७)

ज्ञट। शिवमहिमा स्त्रोत्र

ज्ञठ। स्वार्णतुलादान आदि

यस्तै भागवत मञ्जरी (१९८४) कृष्णकर्णभर गंगा गौरव, हरिवरिवश्य, बन्दनायुगल, आयुर्वेदिय योग आदि उनका संस्कृतमा लेखिएका कृतिहरू हुन् ।[२७]

**(क) अलङ्कार चन्द्रोदय (लक्षणग्रन्थ) १९७८**

अलङ्कार चन्द्रोदय लक्षणग्रन्थ हो । यस ग्रन्थका व्यवस्थापक आत्माराम शर्माद्वारा 'जार्जप्रिन्टिङ मुद्रणालय कालभैरव (काशी) मा मुद्रित भएर ग्रन्थकारद्वारा नै प्रकाशित भएको देखिन्छ । सरदार पंडित राममणि आचार्य दीक्षितको 'पुराना सम्झना' को पूर्वोक्त शीर्षकको उल्लेख अनुसार श्री ३ चन्द्र शम्शेरको आर्थिक सहयोगबाट यो ग्रन्थ छापिएको अनुमान गर्न सकिन्छ । यसको पृष्ठ संख्या २६० र उदाहरण श्लोक संख्या ३५० छन् । यसमा अलङ्कारका २६६ भेदप्रभेदहरूको लक्षण र उदाहरणको समन्वय गरेर अलङ्कार शास्त्रको स्पष्ट दिशाबोध गरिएको छ । उदाहरण श्लोकबद्ध छन् र लक्षण गद्यबद्ध छन् । यो लक्षणग्रन्थ श्री ३ चन्द्रशमशेरको इच्छाद्वारा लेखिएको तर विषयवस्तु भने जंगबहादुरकी छोरी कान्छीमैयाको जुक्तिद्वारा छानिएको अनुमान गर्न सकिन्छ । ग्रन्थ नामकरणसँगै रहेको एउटा श्लोकमा ग्रन्थमा औधि प्रेम गर्नेको कृपादृष्टिलाई धन्य मानिएको छ । त्यही कृपादृष्टिद्वारा प्रस्तुत सानो लक्षणग्रन्थ पुष्ट हुन गएको अभिव्यक्ति देखिन्छ र समर्पण वाक्यहरूले पनि श्री ३ चन्द्रशमशेरलाई लक्ष्य गर्दा उनकै प्रेम र प्रेरणाद्वारा ग्रन्थरचना भएको देखिन्छ । यसरी कवि कुलचन्द्र गौतमले चन्द्रशमशेरको स्तुति गरेर उनलाई खुसी पार्न तथा नेपाली साहित्यमा भएको लक्षण ग्रन्थको अभावलाई टार्न यस कृतिको रचना गरेको मान्न सकिन्छ ।

**(ख) आदर्श दम्पति सीतारामौ**

संस्कृतमा रचना गरिएका यस कृतिका पद्यहरूलाई सुन्दर नेपाली पद्यमा समेत रूपान्तरण गरिएको छ । यो काव्य राघवालङ्कार (नेपाली लक्षण ग्रन्थ) को

---

[२७] पूर्ववत् पृ. ६३ ।

आंशिक संस्कृत रूपान्तरण हो । राघवालङ्कार कवि गौतमको अन्तिम नेपाली भाषाको कवितामय अभिव्यक्ति हो र यो अलङ्कार चन्द्रोदयको प्रायश्चित हो भनिएको छ । राधवालङ्कारको रामको वनवास प्रस्थान बेलाको अविच्छेद्य ( विभाजन गर्न नसकिने) दाम्पत्यलाई लिएर रचना गरिएको राम र सीताको मधुर संवादलाई नै यस काव्यको नाम दिइएको छ । यस कृतिको मुद्रणकार्य 'हित चिन्तक प्रेस' काशीबाट भएको देखिन्छ । यसका प्रकाशक कविका नाति शुशीलचन्द्र गौतम रहेको देखिन्छ । पुष्ठ संख्या २८ श्लोक संख्या ७८ रहेको यस काव्यको संवाद शैली प्रश्नोत्तरको रूपमा छ । वनवासको आरम्भमा माता कौशल्यासँग विदा भएर राजचिन्ह बिना एक्लै खोपीमा आएका रामसँग सशंकित जानकीले गरेका विविध प्रश्न र भाइ भरतको भलो चाहने रामले दिएको उत्तर नै यस काव्यको संवाद वस्तु हो । काव्यको नामकरण अनुसार यसका पात्र श्री रामचन्द्र र भगवती सीताको दाम्पत्य आदर्श मानिएको छ । यसको मुख्य कारण दुबै पति पत्नीको अविच्छेद्य स्नेह सम्बन्ध हो । राजकुमारी सीतालाई वन नलैजान जोड गर्ने रामका अगाडि तनमन धनले पति सेवा गर्न तत्पर रहदै साथैमा वन जान लागेकी सीताको अटल भक्तिभावको सजीव वर्णन यसमा पाइन्छ । भौतिक र अध्यात्मिक दुबै दृष्टिबाट एकात्मतामा प्राप्त भएका श्री रामचन्द्र र सीताको दाम्पत्यको आधारमा नै यहाँ आदर्शदम्पतिको विशेषण दिइएको छ ।

**(ग) राघवालङ्कार (२०१५)**

यो पुस्तक कवि कुलचन्द्रद्वारा रचित दोस्रो लाक्षणिक ग्रन्थ हो । यो काव्य नेपाली भाषामा रचना गरिएको अलङ्कार शास्त्रको लक्षणग्रन्थ र रामभक्ति प्रधान एउटा स्तुतिकाव्य पनि हो । अलङ्कारका लक्षणहरूका आधारमा लक्षणग्रन्थ र उदाहरणहरूका आधारमा लक्ष्य ग्रन्थ हो । यस काव्यको रचना वि.सं. २०१२ भन्द अघि नै भएको बुझिन्छ । यस काव्यको केही अंश संस्कृतमा अनुवाद गरी आदर्शदम्पति सीतारामौं' नामक काव्य २०१२ मा प्रकाशित भएको हुँदा यो काव्य

त्यसभन्दा अघि नै रचिएको सिद्ध हुन्छ । 'राघवालङ्कार' नामकारणले यसको प्रतिपाद्य र लक्ष्य दुबैको बोध गराउँछ । अलङ्कार' शब्दले अलङ्कारशास्त्र भन्ने बोध गराउँछ भने 'राघव' शब्दले रघुवंशी (राम) भन्ने अर्थ दिन्छ । दुबै शब्दलाई मिलाएर तात्पर्य निकाल्दा रामलाई अंगालेर लेखिएको अलङ्कार सम्बन्धी लक्षणग्रन्थ भन्ने हुन्छ । यस ग्रन्थको 'राधवालङ्कार' नाम राखिएको हुँदा पनि यो 'अलङ्कार चन्द्रोदय' को प्रायश्चित हो भन्न सकिन्छ ।

राघवालङ्कार नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट वि.सं. २०१५ मा प्रकाशित भएको हो । पृष्ठसंख्या २०० र अलङ्कासंख्या १०३ रहेको यस कृतिलाई प्रकाशन संस्थाले 'अलङ्कार चमत्कारपूर्ण नेपालीभाषा स्तवकाव्य' भनेर छापेको हुँदा काव्य होइन भन्न सकिदैन । प्रस्तुत काव्यको कथावस्तु रामचरितसँग सम्बन्धित भएको र यो श्रृङखलाबद्ध नभई वर्णनात्मक भएको स्पष्ट छ । रामपरिवारका विशेषता र रामराज्यका महिमा नै यसका वर्णनीय पक्ष हुन् । विशेष गरेर भगवान रामचन्द्रका अतुलनीय गुणहरूलाई अनेकौं भावभङ्गीमा मोडेर अलङ्कारको उदाहरण घटाउनु नै यस काव्यको आवश्यकता हो । रामको कीर्तिगान र रामकीर्तिकिर्तन नै यस काव्यको वर्णन विषय हो । अन्तत आफ्नो अन्तिम जीवन भगवान राममा समर्पण गर्ने साहित्य साधक साहित्यमणि गौतमका यस काव्य सम्बन्धी प्रत्येक शब्द भक्तिरसले भरिपूर्ण भएको देखिन्छ ।

### (घ) दत्तचर्या र दत्तचर्यासार संग्रह

कुलचन्द्र गौतम रचित यो कृति काव्य हो । श्रीमद्भागवतको एकादशस्कन्धको कथावस्तुलाई आधार बनाएर नेपाली पद्यमा रचना गरिएको यस ग्रन्थमा प्रकृतिको विभिन्न २४ कुराबाट लिनु पर्ने शिक्षाको उल्लेख गरिएको छ ।उनले ती २४ कुरामा आकाश, जल, अग्नि, सूर्य, चन्द्र, परेवा, अजिङ्गर, समुद्र, पुतली, हात्ती, माहुरी, वायु, मृग, महकाढ्ने, माछा, पिंगला, न्याहुली, बालक, पृथ्वी, कुमारी, सर्प, वाण बनाउने, माकुरा र कुमालकोटी भनी उल्लेख गरेका

छन् । यी २४ गुरुबाट पाइने शिक्षा अत्यन्त उपयोगी मान्न सकिन्छ । शिक्षापद विषयलाई मनोहर पद्यमा रचना गरिएको यो कृति प्रत्येक व्यक्तिले पढ्न र बुझ्न लायक पनि छ । जस्तै

वायुबाट पाएको शिक्षाः
फूलमा मल मुत्रमा परी
जसरी वायु भयो थरी थरी
यही संगति दोषले गरी
निजको नाम रहयो दुबै थरी[२८]

यसरी प्रत्येक कुराबाट शिक्षालिएको कुरा दत्रात्रयले बताएको प्रसंगलाई गहिरो रूपमा बुझेर पण्डित कुलचन्द्रले पनि लोकशिक्षाका लागि पारिमार्जित नेपाली पद्यमा प्रस्तुत कृति दिएका छन् ।

### (ङ) तुलसीकृत रामायण

कवि कुलचन्द्र गौतम रचित 'तुलसीकृत रामायण' महाकवि तुलसीदास रचित 'रामचरितमानस' को नेपाली अनुवाद हो । 'रामचरितमानस' एउटा भावगहन काव्य मानिन्छ । हिन्दीमा रचिएको यस कृतिको दोहा, चौपाइहरूको अर्थ सरल नेपाली गद्यमा दिनुका साथै आवश्यकतानुसार विद्धतापूर्ण व्याख्या र टिप्पणीहरू समेत दिएर उनले नेपाली भाषा र साहित्यलाई ठूलो गुन लगाएका छन् । नेपाली पाठकलाई तुलसीकृत रामायणको मर्म र भाव बुझ्न उनको यस कृतिले प्रशस्तै सहयोग पुऱ्याएको छ ।

यो ग्रन्थ 'ज्ञानमण्डल' काशीबाट माघव विष्णु पराडकरको मुद्रणमा लेखकले नै प्रकाशित गरेको देखिन्छ । नेपाली भाषा प्रकाशिनी समितिबाट स्वीकृतिप्राप्त यस ग्रन्थको पृष्ठ संख्या ११२६ छ । गद्यअनुवादका साथसाथै यसमा

---

[२८] पूर्ववत् पृ. ६६ ।

नेपाली भाषामा विभिन्न टिप्पणी, प्रासङ्गिक कथा, तुलसीदासको जीवनी, रामायणमहात्म्य, पारायणविधि र काम्य प्रयोग आदि सम्पूर्ण विषयहरू स्पष्ट देखाइएको हुँदा यो ग्रन्थ उपयोगी सिद्ध भएको छ ।

**(च) उन्माद**

'उन्माद' कुलचन्द्र गौतम रचित काव्यकृति हो । वि.सं. २०१० सालमा प्रकाशित यस कृतिको आकार ज्यादै सानो छ जम्मा ७६ श्लोकमा संरचित यस कृतिको आकार मात्र आठ पृष्ठको छ । यस कृतिका माध्यमबाट कवि गौतमले राणाशासनको पतन पश्चात गठन गरिएको मन्त्रीमण्डलले शुभ कर्म गरोस भन्ने कामना गरेको छन् । राजा त्रिभुवनको शासनकालको माङ्गलिक कामना गरिएको यस काव्यमा सुरूका १३ पद्यहरूमा राणाशासकका उन्मादको वर्णन गरिएको छ । बीचमा ५९ श्लोकले प्रजातन्त्र, राजा त्रिभुवन र नयाँ मन्त्रीमण्डलको वर्णन गरिएको छ । अन्त्यका ४ पद्यहरूले भने भगवानप्रति कृतज्ञता प्रकट गरेको बुझिन्छ । राणाकालमा भएका उपद्रव र उन्मादबारे कविले यस्तो विचार व्यक्त गरेको छन् ।

घनधान्य सुख लुटिए, घर लुटिए, झोपडी लुटिए
पतिलाई घायल गरी गतिला महिला हरे लुटिए ।[२९]

यी उल्लेखित कृति बाहेक कुलचन्द्र गौतमका अन्य महत्वपूर्ण कृतिहरू संस्कृत भाषामा पनि रचना गरिएका छन् ।

## ३.१.५ केदारनाथ खतिवडा र उनका कृतिहरू

केदारनाथ खतिवडा पनि माध्यमिककालीन नेपाली साहित्यका उल्लेख्य प्रतिभा हुन् । माध्यमिककालीन श्रृङ्गारिक धारामा यिनको उल्लेख्य योगदान रहेको छ । विशेषतः कविता लेखनमा लागेका यिनी लेखन तथा प्रकाशक दुबै हुन् ।

[२९] कुलचन्द्र गौतमः **उन्माद,** कुलचन्द्र गौतम, काठ २०१० पृ. २ ।

सुब्बा होमनाथ खतिवडाका छोरा यिनी वि.सं. १९३५ मा काठमाडौमा जन्मिएका हुन् । काठमाडौमा जन्मिए पनि केदारनाथ खतिवडा ३८ साल पर्वमा आफ्ना पिता होमनाथसँगै मुडिएर देश निकालमा परेकाले उनीसँगै केही समय आफ्नै पैतृक थलो कल्लेरीमा बसी पछि वनारसतिर प्रवासिएका थिए । वनारस पुगेपछि यिनले आफ्ना बाबुको लेखन तथा प्रकाशनको कार्यमा सहयोग गर्न थाले । केदारनाथले होमनाथ रचित 'रामाश्वमेघकाण्ड' रामायणमा कतिपय क्षेपक श्लोक थप्ने काम गरेको छन् । त्यसैले कतिपय कृतिमा सुब्बा होमनाथ केदारनाथ भनी संयुक्त नाम उल्लेख गरेको पाइएको छ ।

केदारनाथ खतिवडाले महाभारतका सबै जसो पर्वहरू नेपाली भाषामा पद्यबद्ध गरेका छन् । पौराणिक आख्यानलाई गद्य तथा पद्यबद्ध गरी लोकप्रियता कमाउने क्रममा यिनको पनि महत्वपूर्ण स्थान छ । उनले करिव सातहजार श्लोकहरू रचना गरेका छन् । यिनका थुप्रै रचनाहरूमध्ये गीताको अनुवादलाई अत्यन्त महत्वपूर्ण कृति मानिन्छ । यिनको 'श्रृङ्गार दर्पण' र 'शुभविवाह' नामका कृति श्रृङ्गारकालका उल्लेखनीय कविता कृति मानिन्छन् ।[३०] यिनको बहुसंख्यक कृतिहरू महाभारतका पर्वहरूको अनुवाद हो । आफ्नै प्रकाशन, सस्था मार्फत केदारनाथ खतिवडाले नेपाली पद्यलाई माथि उठाउन महत्वपूर्ण योगदान दिएको देखिन्छ । उनका नाउँमा करिब २४ वटा कृति प्रकाशित भएका छन् तापनि ती सबै होमनाथकै शैलीमा अनूदित छन् । यिनले महाभारतका अनुशासन, अश्वमेघ, आदि, आश्रमबास उद्योग, कर्ण, गदा, द्रोण, नारी, भीष्म, मुसल, शल्व, शान्ति, स्वर्गारोहण र सौप्तिक पर्व रचना गरेको छन् । यी कृति बाहेक उनले चरित्र संग्रह, नलदमयन्ती, शुभ विवाह, श्रृङ्गारदर्पण, श्रीमदभागवत गीता र श्रीमद्भागवत पञ्चरत्न आदि जस्ता ग्रन्थहरू रचना गरेको छन् । यिनको निधन वि.सं. २००३ सालमा भएको थियो ।

---

[३०] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पेज ४३ ।

## ३.१.६ कृष्ण प्रसाद रेग्मी र उनका कृतिहरू

नेपाली साहित्यको माध्यमिक कालका विछट्ट प्रतिभाशाली कवि मध्ये कृष्ण प्रसाद रेग्मीको पनि नाम लिइन्छ । माध्यमिक कालको १९४० देखि १९७४ सम्मको ३४ वर्षे अवधिलाई उत्तर मध्यकाल वा श्रृङ्गारकाल मानिएको छ । श्रृङ्गारकालको रूपमा यस काललाई मान्ने हो भने यस कालका प्रतिनिधि साहित्यकारको रूपमा कृष्णप्रसाद रेग्मीको जन्म वि.सं. १९४० मा धादिङ जिल्लाको धुनिवेशी धार्केमा भएको हो । उनी बाल्यकाल देखिनै भाका मिलाएर श्लोक भन्न रौसिन्थे र छिट्टै शिलोक कथ्न सक्ने पनि भएका थिए । तर घरका ठूलाबडाले उनको यो गुणलाई मान्न तयार भएनन्, बरू उनको यो कविता वा शिलोक कथ्ने प्रवृतिलाई अल्लारेपन वा बरालापन भनियो । परिणामतः घरमा उनलाई प्रोत्साहन होइन, भत्सर्ना मात्र मिल्यो र आजित भएर अठार वर्षको उमेरमा घरछोडी भागे । भरभराउँदी उमेरकी तरूणी प्यारी पत्नीलाई छोड्नुपर्दा उनको मुटुमा गाँठो परेको भएपनि उनी भागेर धर्म र ज्ञानको केन्द्र मानिएको काशी पुगे । त्यहाँ रहेर उनले ज्ञानबृद्धि गर्नाका साथै कविता रच्नमा अभ्यास बढाए ।[३१]

वनारसमा मोतीरामले बसालेको जगमा नेपाली साहित्यिक चहलपहल निकै थियो । नेपाली प्रकाशकहरू पनि त्यहाँ प्रकाशनको काम गरेर जीविकोपार्जन गर्दै थिए । उमेरमा कच्चै भए पनि प्रतिभाका धनी भएका कृष्णप्रसाद रेग्मीलाई त्यहाँ उनको रूचि अनुकुलकै काम मिल्यो । बीस वर्षकै उमेरमा उनले १४६० श्लोकको 'महाभारत आदिपर्व' लेखी सिध्याए । यसपछि प्रकाशक एवं पाठकको प्रोत्साहनले उनको कलमलाई अझै दह्रो बनायो । परिणामत एकपछि अर्को गरी अनेकौ पौराणिक उपदेश, उपाख्यानलाई श्लोकमा ढाल्ने क्रममा उनीबाट महाभारतका वनपर्व, उद्योग पर्व, देवी भागवत,

---

[३१] शरद्चन्द्र शर्मा: **नेपाली साहित्यको इतिहास,** पृ. ३१७ ।

बुद्धिमाला, लक्ष्मण प्रश्नोत्तर आदि नीति उपदेशपरक ग्रन्थहरूको रचना भयो । उनका सबै पौराणिक उपदेश उपाख्यान मिलाउँदा ८,००० श्लोक जति हुन आउँछन् । यसका अतिरिक्त कवि कृष्णप्रसाद रेग्मीबाट श्रृङ्गारिक धाराको सरस एवं सहज मूल फुटेको पाइन्छ । मोतीराम युगको श्रृङ्गारिक प्रवृतिलाई अघि बढाउने कविको रूपमा उनले यस रसमा एक भन्दा बढी पुस्तकको रचना गरेका छन् । चढ्दो उमेर, आफ्नी धर्मपत्नीसँग छुट्टिएर रहनुपर्दा रेग्मीको कवि हृदय स्वभावत श्रृङ्गारिक सतहमा बहन गयो । जस अनुरूप पट्ठापट्ठीको प्रिति प्रबन्ध ( १९१५ इ), रम्भाशुक संवाद (१९२५ इ), बाह्रमासे र प्रभावती चरित्र (१९६३) जस्ता अनेक श्रृङ्गारिक काव्यहरूको रचना हुन पुग्यो ।

कृष्णप्रसाद रेग्मी करिब आठ हजार श्लोक रचेर वनारसबाट प्रकाशित गराएपछि त्यहाँका प्रकाशकलाई धनी बनाउनुभन्दा अथवा विदेशमा रहेर भन्दा स्वदेशमै आफ्नै प्रकाशन संस्था खोलेर पनि केही गर्न सकिएला भन्ने इच्छा र आकांक्षा राखेर काठमार्डौ आए । काठमाडौ आएपछि मखनटोलमा पुस्तक पसल खोलेर प्रकाशको पनि काम गर्न लागे । सर्वप्रथम उनले १९७२ मा आफ्नै मौलिक पुस्तक ‘पट्ठापट्ठीको प्रिति प्रबन्ध’ लाई नै प्रकाशित गरे । यसै बेला उनी गोरखा भाषा प्रकाशिनी समितिमा जागिरे पनि भए । यसरी एकातिर पुस्तक पसल चलाउँदै र अर्कोतिर जागिर पनि धान्दै उनी कविता लेखनमा सक्रिय रहेका थिए यस्ता साहित्यिक प्रतिभाको ४५ वर्षको छोटो उमेरमा वि.सं. १९८५ मा निधन भयो । उनको निधन पश्चात पनि उनलाई जीवित तुल्याइराख्ने उनका प्रकाशित कृतिहरू यस प्रकार छन् ।

१. रम्भा - शुक संवाद (काव्य १९६०)

२. महाभारत आदिपर्व (१९६०) ३. महाभारत उद्योग पर्व (१९६९)

४. महाभारत वनपर्व (१९६३) ५. विरह लहरी र प्रभावती चरित्र (काव्य,। १९६१)

६. श्रृंगारमाला (काव्य १९६०) ७. ठूलो भक्तमाला र लक्ष्मण प्रश्नोतरी (काव्य १९७९)

८. बुद्धिमाला (पद्य) ९. श्री ५ सुत-जन्म महोत्सव वर्णनम् १९६३ (रचना)

१०. पट्टपट्टीको प्रिति प्रबन्ध (१९७२) ११. देवीभागवत (काव्य १९८६)

१२. शिवगीता (२०२१) १३. हरिहरस्तुति (२००६) १४. सत्यहरिश्चन्द्र (काव्य)

१५. कुखुरा कराए (फुटकर, १९७४)

१६. राधामिलन (फुटकर १९७४)

१७. केही गजलहरू (फुटकर १९७२)

**(क) विरह लहरी र प्रभावती चरित्र**

विरह लहरी र प्रभावती चरित्र दुईवटा कृतिहरूको संयुक्त पुस्तक हो । जम्मा ३६ पृष्ठ भएको यो कृति सर्वप्रथम चन्द्र प्रभा प्रेस नक्सालबाट लेथोग्राफ प्रिन्टमा छापिएको पाइन्छ । यो कृतिमा श्रृङ्गारिक प्रकृतिका कविताहरू छन् । यस भित्रको दुईवटा कृतिहरूको छुट्टाछुट्टै परिचय तलका पंक्तिहरूमा दिइएको छ ।

**(अ) विरह लहरी**

यस कृतिमा जम्मा ४२ श्लोकहरू छन् । जसमा कुनै एक नायिकाले आफ्नी संगिनीसँग गरेको विरह विलापलाई काव्यात्मक शैलीमा प्रस्तुत गरिएको छ । वसन्त ऋतुको वर्णन गरेर सुरू भएको यस कृतिमा सबै ऋतुहरूको वर्णन गर्दै शिशिर ऋतुमा टुङ्गिएको छ र ऋतुगत बैशिष्टयको प्रभाव वियोगिनीमा कसरी पर्न सक्छ भन्ने कुरा स्पष्ट पारिएको छ । पति परदेशमा रहँदा घरमा रहेकी युवतीको मनमा रहेको विरहलाई प्रस्तुत गर्न यो काव्य सफल भएको छ । कामवासनाले सताइएकी युवतीले आफ्नो पतिको संभनामा गरेको सुर्ता र विलाप श्रृङ्गारिक तरिकाले प्रस्तुत गरिएको छ ।

### (आ) प्रभावती चरित्र

यस कृतिमा जम्मा ६१ श्लोकहरू छन् । यसमा वाणासुर पुत्री प्रभावतीको चरित्र वर्णन गरिएको छ । यस कृतिमा कृष्णका छोरा प्रद्युम्नले प्रभावती हरण गरेको पुराण प्रसिद्ध कथालाई काव्यात्मक शैलीमा पद्यबद्ध गरिएको छ । जैमिनी मुनिले मार्कण्डेयसित प्रभावतीको जानकारी प्राप्त गर्न सोधेको प्रश्नको उत्तरको रूपमा यो कृति तयार भएको देखिन्छ । बाणासुर पुत्री प्रभावतीले कठोर तपस्या गरेकोले पार्वती खुसी भएको र पार्वतीबाट 'प्रद्युम्न पति पाउने छौ' भनी वरदान दिएको घटना, भावी पति प्रद्युम्नको प्रतिक्षामा चन्द्रगिरीको बगैचामा प्रभावतीका दिनहरू बितेको घटना आदि यसमा प्रस्तुत गरिएका छन् । यी बाहेक पनि नारदले प्रद्युम्न ल्याइदिने आश्वासन दिएको घटना, त्यसबाट प्रभावतीमा उत्पन्न हर्ष, नारदका साथमा प्रद्युम्न प्रभावतीकहाँ पुगेको घटना र उनको हरण भएको घटनाको नालीबेली कवितामा रोचक ढंगले वर्णन गरिएको छ । प्रद्युम्नबाट प्रभावतिको हरण गरिएपछि कृतिको समाप्ति भएको पाइन्छ ।

### (ख) ठूलो भक्तमाला र लक्ष्मण प्रश्नोतरी

यो पुस्तक पनि दुईवटा कृतिहरूको संग्रह हो । यसमा ठूलो भक्तमाला र लक्ष्मण प्रश्नोत्तरी गरी दुईवटा कृतिहरू संग्रहित छन् । यो कृति जम्मा ३२ पेजको छ । यी दुईको छुट्टाछुट्टै परिचय तलका पंक्तिहरूमा प्रस्तुत गरिएको छ ।

### (अ) ठूलो भक्तमाला

जम्मा ४४ श्लोकमा संरचित भक्तिकाव्यको रूपमा ठूलो भक्तमालालाई लिन सकिन्छ । यस कृतिमा कविले रामभक्तको रूपमा एउटा 'म' पात्र उभ्याई उसले गरेको राम भक्तिभाव यहाँ दर्शाइएको छ । यस कृतिमा म पात्रबाट आफ्नो जीवनका सक्रिय अवस्थाका दिनह्रू व्यर्थ विताएको र पछिल्ला दिनहरूमा अघि गरेका कामहरूमा धर्म र सेवाको भाव नभएकोले त्यसबाट माफी माग्न प्रभुको

भक्ति गर्न लागेको कुरा व्यक्त गरिएको छ । त्यसैगरी यसमा म पात्रले जीवनभर धर्म र पूण्यको काम गर्ने कहिल्यै हेक्का नराखेकोले अहिले पछुता भएको पनि बताइएको छ । नराम्रो कार्य गर्नेलाई मरेपछि कठिन नर्कमा लगेर अनेक दु:ख तथा सास्ती दिन्छन् भन्ने सुनेकोले त्यस्तो नर्कमा पर्नु नपरोस्, जानी वा नजानी आजसम्म जस्तो भुलहरू गरेको भए पनि अज्ञानी सम्झी माफी दिनुहोला भन्दै प्रभुकै शरणमा पर्दै कविता कथन गरिएको छ । यसमा नरकको स्वरूप र अवस्थाको वर्णन गर्दै रामभक्तिविना मुक्ति संभव छैन भन्ने भावसमेत व्यक्त गरिएको पाइन्छ । यसमा स्वर्ग, मर्त्य, नर्क, दान, धर्म, परोपकार आदि वर्णन गरिएको छ ।

(आ) **लक्ष्मण प्रश्नोतरी**

जम्मा ५१ श्लोकमा संरचित यो कृतिलाई पनि भक्तिकाव्यकै एउटा नमूनाको रूपमा लिन सकिन्छ । संसारमा गुरु कसलाई बनाउने,राम्रो र नराम्रो काम कसरी छुट्टयाउने, शत्रुमित्र कसरी छुट्टयाउने, यो देह कुन तत्वले बाँधिएको छ जस्ता विविध प्रश्नहरूलाई सात श्लोकमा पद्यवद्ध गरिएको छ । लक्ष्मणबाट सोधिएका जिज्ञासाहरूको जवाफमा रामचन्द्रले उत्तम उपदेश दिने गुरु हो, सांसारिक मोहमा फस्ने मान्छे, दु:खरूपी सागरमा डुब्छ भन्दै सांसारिक मोहबाट टाढा रहदै आफूलाई सत्कर्ममा लगाएमा दु:खरूपी सागरबाट मुक्ति मिल्छ भनेको छन् । यसरी ज्ञान गुनका मानवीय कर्तव्यका कुराहरूलाई श्लोकबद्ध गरिएको यस कृतिमा लक्षमणका जिज्ञासाहरूको निराकरण गर्ने सन्दर्भमा नै कविताले पूर्णता पाएको छ । पछिल्ला सात श्लोकमा एक भक्तले भगवान रामको भक्ति गर्छु भनी आफूलाई भगवानको भक्त ठानी यो अनित्य संसारको मोह त्यागी भगवानकै चरणमा शरण पर्छु भनी गरिएको भक्तिभावलाई श्लोकबद्ध गरी प्रस्तुत गरिएको छ । भक्तिभावपूर्ण प्रश्न र उत्तरको सेरोफेरोमा नै यो कृति टुङ्गिएको छ । संवादको सहायताबाट कविले यस कृतिलाई पूर्णता प्रदान गरेको छन् ।

(ग) **देवी भागवत** (**पुराणकाव्य**)

बाह्र स्कन्धमा विभाजित यस काव्यको प्रकाशक गोपाल चन्द्र, सर्वहितैषी कम्पनी जालपादेवी रोड वनारस लेखिएको छ । २९६ पृष्ठको यस काव्यको प्रकाशन वर्ष वि.सं. १९५६ हो । यस काव्यमा देवीको महिमा वर्णन गरिएको पाइन्छ । देवी भागवतमा वर्णित कथालाई नेपाली कवितामा रचना गरिएको विशालकाय काव्य देवी भागवत प्रश्नोत्तरात्मक शैलीमा रचिएको छ । शौनकादि ऋषिका प्रश्नको उत्तर सूतजीले दिएको घटनाको संगठित रूप नै देवीभागवत काव्य हो । ईश्वर निर्देशात्मक मंगलाचरणबाट सुरू गरिएको यस ग्रन्थको प्रथम स्कन्धमा १०० श्लोक छन् । यसमा पुत्र महिमा, भगवती स्तुति र व्यासको कथा श्लोकबद्ध गरिएको छ । यस कृतिको द्वितीय स्कन्धमा पनि जम्मा १०० श्लोक छन् । यसमा परासर ऋषि र मत्स्यगन्धा बीचको संभोग प्रसङ्ग र सर्पदंशबाट राजा परीक्षितको मृत्यु भएका घटनाहरू पद्यबद्ध गरिएका छन् । जम्मा ६१ श्लोक भएको तेस्रो स्कन्धमा चाँहि ईश्वरको व्यापकताबारे देवीको मुखबाट गरिएको वर्णनलाई पद्यबद्ध गरिएको छ ।

देवी भागवतको चौथो स्कन्धमा ९९ श्लोक छन् । यस स्कन्धमा कृष्ण अवतार, कृष्णलीला, कंसध आदिको वर्णन गरिएको पाइन्छ । पाँचौ स्कन्धमा देवीको चरित्रको विशेषताको साथै महिषासुर बधलीला आदिको पद्यबद्ध वर्णन गरिएको छ । यस स्कन्धमा जम्मा ३३१ पद्य छन् । देवी भागवतको छैटौ स्कन्धमा कविले विश्वरूपद्वारा गरिएको तपस्या वर्णन, उनको तपस्याबाट स्वर्गमा भएको हलचल, त्यसबाट रिसाएका इन्द्रले विश्वरूपको तपस्या भङ्ग गर्न अप्सराहरू पठाएको घटना आदि विषयलाई रोचक ढंगमा प्रस्तुत गरिएको छ । यस बाहेक बृत्रबधको लागि गरिएको भगवती स्तुति पनि यसै स्कन्धमा वर्णित छ ।

देवीभागवतको सातौ स्कन्धमा हरिश्चन्द्र उपाख्यानलाई कविताको रूप प्रदान गरिएको छ । छोरो रोहित सर्पले डसेर मरेपछि मृतकपुत्रको साथ

मसानघाटमा भेटिएका राजा हरिश्चन्द्र र रानी शैव्याको कारूणिक अवस्थाको चित्रण गरिएको छ । भगवतीका १०८ पीठहरूको नाम समेत उल्लेख गरिएको यस स्कन्धमा जम्मा ३५४ श्लोक छन् । देवी भागवतको आठौ स्कन्धमा जम्मा ४४ श्लोक छन् । यस स्कन्धमा मनुले पिता ब्रम्हासित सृष्टि गर्ने उपदेश लिएको र वराह अवतारले पृथ्वी उचालेका कथाहरूलाई पद्यबद्ध गरिएका छन् । दशम स्कन्धमा स्वायंभुव मनुले गरेको भगवती स्तुति श्लोकबद्ध गरिएको पाइन्छ । यस स्कन्धमा २२ पद्य छन् । देवी भागवतको एघारौ स्कन्धमा सदाचारको वर्णन गरिएको छ । यसमा ध्यान, प्राणायम, यम, नियम र गायत्री पुरश्चरण आदि योग साधनाको महिमा वर्णन गरिएको छ । बाह्रौ स्कन्धमा मणिद्धीपको वर्णन गर्दै यो विशालकाय काव्यलाई अन्त गरिएको छ । यस काव्यमा कवि कृष्णप्रसाद रेग्मीको कवित्व निकै उच्च रहेको पाइएको छ ।

### (घ) **रम्भाशुक संवाद, ऋतुमाला र श्रृङगारमाला**

यी तीनवटा कृतिहरूको संयुक्त पुस्तक हो । यसको आकार जम्मा ९६ पृष्ठको छ । यस संग्रहमा संग्रहित सबै कृतिहरू श्रृङ्गारिक प्रकृतिका छन् । यी तीन कृतिहरूको छुट्टाछुट्टै परिचय तल दिइएको छ ।

### (अ) **रम्भा-शुकसंवाद**

रम्भा र शुकदेव बीच भएको वार्तालाप प्रस्तुत गरिएको यस कृतिमा जम्मा ३९ श्लोक छन् । यस श्रृङ्गारिक कृतिमा रम्भा नायिक र शुकदेव नायक हुन् । यौवनले मस्त कामुक रम्भाले आफ्नो यौवन कुनै असल पुरूषले भोग गरोस भन्ने चाहना राखी शुकदेव समक्ष यस्ती यौवनको साथ सांसारिक सुखभोग नगर्ने पुरूषहरूको जन्म व्यर्थ हो भन्छे । साथै शुकदेवले आफ्नो चाहना पूर्ण गरिदिऊन भन्ने चाहन्छे । यसको ठीक विपरित शुकदेव भद्र छ र भगवत भक्ति नै मानव मात्रको साहारा हो भन्दछ र क्षणिक सुखमा भुल्ने व्यक्तिले बाँचेको व्यर्थ हो भन्दछन् । यसरी भद्र शुकदेवसँग कामुक रम्भाले गरेको असल युवती

भोग नगर्ने पुरूषको जीवन व्यर्थ छ भन्ने कथन सहित यस श्रृङ्गारिक कृतिको अन्त्य भएको छ । यस कृतिका १/१ श्लोक यहाँ प्रस्तुत गरिएको छन् ।

**शुक**

आनन्दरूपी बुझिने हरीका
दिव्यै स्वरूपी बहुनाम गुण्का
तप्ले समाधी गरि विष्णु पद्मा
जोनर्भजैनन् बृथ बाँच्नु नर्मा ।[३२]

**रम्भा**

हेर्दा मन्मा मदनबढने अङ्ग चन्चल्परेकी
सर्त्धमैको करमगरनै श्रृष्टि तिन्को गरेकी
यस्ती कामज्वरकि अउषध नारि घर्मानहुने
त्यो नर्नर्ले नरपशु भनी लोक भर्मा कहीर्ने ।[३३]

(आ) **ऋतुमाला**

प्रकृतिमा भएका छ ऋतु र बाह्र महिनाको वर्णनमा सीमित यो रचना काव्य कृति हो । यसमा ऋतु अनुरूपको छन्दको प्रयोग भएको छ । यस कृतिमा खासगरी बसन्ततिलका, उपजाति, मन्दाक्रान्ता, बैतालिका, द्रुतविलम्बित, मालिनी बंशस्थ, शार्दुलविक्रीडित र शिखरिणी छन्दहरूको प्रयोग गरिएको छ । ६ वटा ऋतु र बाह्र महिनाको वर्णन गर्दा कविले श्रृङ्गारिक वर्णन गरेको छन् । वसन्त ऋतुबाट सुरूभएको वर्णनक्रम शिशिरमा गएर टुङ्गिएको पाइन्छ । ऋतुमालामा प्रयुक्त सबै जसो कविताहरू विरह लहरीका कविताका विषयवस्तु जस्तै पति साथमा नभएकी विरही पत्नीको विलौनाको रूपमा आएको छ । यो श्रृङ्गारिक काव्य कृति हो ।

---

[३२] कृष्णप्रसाद रेग्मी, **रम्भा-शुकसंवाद,** पृ. ८, श्लोक १९ ।
[३३] पूर्ववत् पृ. १४, श्लोक ३४ ।

**(इ) श्रृङगारमाला**

यस श्रृंगारमालामा कवि कृष्णप्रसाद रेग्मीका कतिपय असंगठित कविताहरू संकलित छन् । विभिन्न विष र उद्देश्यका विविध श्रृङ्गारिक कविताहरूको यस संग्रहको भाषा पनि विविध रहेको छ । पति परदेशमा भएकी विहरी युवतीले आफ्ना संगीहरूसँग पोखेको विरहलाई प्रस्तुत गरिएको यस कृतिमा पतिको वियोगमा सुर्ताएकी युवतीले आफ्नो पतिसँगको वियोगमा आफूमा पर्न गएको चिन्ता र दुखलाई आफ्नी सखीसँग कसरी व्यक्त गरेकी छे त्यसलाई प्रष्टयाइएको छ । सबै ऋतुहरूमा युवतीका मनमा आएका कामुक भावलाई पनि उतार्ने काम भएको छ ।

**(ङ) पट्ठापट्ठी**

कृष्णप्रसाद रेग्मीद्वारा रचित यो कृतिका युवा युवतीको प्रितिसित सम्बन्धित प्रबन्धात्मक काव्य हो । यस कृतिमा जम्मा पाँच प्रबन्धहरू छन् । यस कृतिमा प्रयोग भएका तीन मुख्य पात्रहरू मदन (नायक) मन्जरी (नायिक) र दुती (संदेशवाहक स्त्री) हुन् । मदन र मन्जरीको चिठ्ठीपत्र आदान प्रदान दुतीले गरिदिएकी छ । पत्रको उत्तर प्रत्युतरको क्रममा मदन र मन्जरी दुबैले आफ्नो मनमा भएको कामबासनालाई छिट्टै पूर्ण गर्ने चाहना राखेको देखिन्छ र यसैलाई कविले रोचक रोमाञ्चक र छेउछाडको शैलीमा प्रस्तुत गरेको छन् । कवि रेग्मीको श्रृङ्गारिक कृतिहरूमध्ये सर्वोत्कृष्ट मानिएको यस कृतिलाई गीति नाटकका रूपमा लिन सकिन्छ ।

**(च) शिवगीता (नेपाली भाषा अनुवाद)**

कवि कृष्ण प्रसाद रेग्मीद्वारा नेपाली भाषामा अनुवाद गरिएको पद्मपुराणको शिव महिमा नै शिव गीता हो । यस कृतिमा जम्मा १८ अध्याय छन् । यसमा पद्मपुराण कै संस्कृत श्लोकलाई नेपालीमा अनुवाद गरिएको छ । बेदान्त दर्शनमा आधारित यस ग्रन्थमा कर्म, उपासना र ज्ञान गरी तीन खण्ड

छन् । यो ग्रन्थ सहज रूपमा बुझ्न सकिने खालको छैन । यस कृतिमा शिव सहस्रनाम स्त्रोत्र, शिव महिम्नस्त्रोत्र, शिव पञ्चाक्षरपुर स्तोत्र, द्वादशज्योतिर्लिङ्ग शिवमानसपूजा आदि समेत समावेश गरिएको पाइन्छ । यो कृति स्तुति काव्य हो ।**(छ) हरिहरस्तुति**

कवि कृष्णप्रसाद रेग्मीको अर्को महत्वपूर्ण कृति हरिहर स्तुति हो । यो भागवत अन्तर्गतको गजेन्द्र स्तुति र शिवापराधक्षमा स्तोत्रको पद्यबद्ध भाषानुवाद हो । यसमा गजेन्द्रस्तुति ५५ श्लोक र शिवापराधक्षमास्तोत्र १३ श्लोक गरी जम्मा ६८ श्लोक छन् । यसरी दुईवटा स्तोत्र संकलित यो कृति स्तुतिकाव्य हो ।

**(ज) महाभारत उद्योग पर्व**

महाभारत उद्योग पर्वको नेपाली भाषामा श्लोकबद्ध यो कृति कवि कृष्णप्रसाद रेग्मीद्वारा रचना गरिएको हो । यस कृतिमा जम्मा २०१० पद्यहरू छन् । यसको आकार ३७८ पृष्ठको छ । यसमा झर्रो नेपाली भाषा प्रयोग गरिएको छ । कतै कतै हिन्दी शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । यस कृतिमा कविले नेपाली ग्राम्य शब्दहरूको पनि प्रयोग गरेका छन् । महाभारतका विषयवस्तुलाई समेटेर कवि कृष्णप्रसाद रेग्मीले महाभारत उद्योगपर्व बाहेक आदि पर्व, वनपर्व र सम्पूर्ण महाभारत समेतको रचना गरेका छन् । यसरी कृष्णप्रसाद रेग्मीका रचनामा श्रृङ्गारिक मात्र नभई पुराण र धार्मिक विषयहरू समेत समावेश भएको पाइएको छ ।

**(झ) कुखुरा कराए (फुटकर)**

कवि कृष्णप्रसाद रेग्मीद्वारा रचित कुखुरा कराए शीर्षकको फुटकर कविता वि.सं. १९७४ को शक्तिसिन्धुमा छापिएको थियो । उनको यो कविता श्रृङ्गारिक अभिव्यक्तिको उत्कृष्ट नमूना हो । यस कवितामा जम्मा १० श्लोक छन् । प्रत्येक श्लोक चार पंक्तिको रहेको छ र अन्तिम पंक्तिका प्यारी उठौ कि अवता कुखुरा कराए भन्ने हरफ सबै श्लोकमा रहेको छ ।

# चौथो परिच्छेद
# माध्यमिककालीन कवितामा धादिङ जिल्लाको योगदान

## ४.१ माध्यमिककालीन कविताका प्रवृत्तिहरू

नेपाली साहित्यको काल विभाजनमा माध्यमिक काल भन्नाले भानुभक्त पछि र लेखनाथ अधिको समयलाई लिन सकिन्छ । सूक्तिसिन्धुको प्रकाशन सम्मको समयलाई माध्यमिककाल मान्ने चलन पनि छ । नेपाली कविताको प्राथमिक काल वीरधारा (१८०१-१८७२) र भक्तिधारा (१८७३-१९३९) सम्म रहयो । मोतीरामको साहित्यिक यात्रा (१९४०) सँगै माध्यमिककालको प्रारम्भ भएको हो ।

माध्यमिक काललाई पनि पूर्व माध्यमिक काल (१९४०-१९६१) र उत्तर माध्यमिक काल (१९६२-१९७४) गरी दुई चरणमा विभाजन गरिएको पाइन्छ ।[३४] पूर्व माध्यमिक कालमा मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मी दत्त पन्त, होमनाथ खतिवडा, कुलचन्द्र गौतम, कुञ्जविलास गौतम आदि प्रतिभाहरूको उदय भएको पाइन्छ भने उत्तर माध्यमिक कालमा सोमनाथ सिग्देल, लेखनाथ पौडेल,लक्ष्मीदत्त पन्त, चक्रपाणि चालिसे, कुलचन्द्र गौतम, कृष्णप्रसाद रेग्मी आदिको नाम लिन सकिन्छ ।

प्राथमिक कालका मूल प्रवृत्ति वीरधारा, कृष्णभक्ति धारा, रामभक्तिधारा, जोसमनी सन्त धारा थियो भने माध्यमिक कालको मूल प्रबृत्तिमा श्रृंगार, हास्य करूण, वीर धर्म, नीति, अनुवाद मनोरञ्जन आदि प्रमुख रहन पुगे ।

### ४.१.१ श्रृङ्गारिक धारा

माध्यमिककालीन कविताका प्रमुख काव्य प्रवृतिहरूमध्ये श्रृङ्गारिकता पहिलो र महत्वपूर्ण धारा हो । नारीलाई अत्यधिक महत्व दिई नारीको रूप लावण्य,

---

[३४] वासुदेव त्रिपाठी र अन्य (सं.पा.) **नेपाली कविता भाग दुई,** पृ. ३३५ ।

शरीरको नख केश आदिको वर्णन गर्नु, नारीपुरूषको रसबस, हाँसो ठट्टा छेडपेच आदि, श्रृंगारका संभोग र विप्रलम्भको वर्णन गर्नु, जस्ता रतिभावहरूको वर्णन गर्नु श्रृङ्गार धाराको प्रमुख प्रवृत्ति हो । संस्कृत साहित्य देखि प्रचलनमा रहेको लोकजीवनमा प्रचलित, नेपाली साहित्यको वीरकाल र भक्तिकालमा समेत गौण रूपमा रहेको श्रृङ्गारिक धाराले फस्टाउने मौका पायो । अत्यन्त भोगविलासमा डुबेका राणा शासक र भारदारले  भारतबाट उस्तादहरू बोलाई नाटक, गीत र गजलको प्रचलन गर्न थालेका थिए । यसै प्रकारको दरवारिया पृष्ठभूमि र युगको चाहना अनुरूप नेपाली कवितामा पनि श्रृङ्गारिक धाराले ज्यादा फस्टाउने अबसर पायो ।

माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । उनको कलमबाट नै श्रृङ्गारिक प्रवृत्तिले हुर्कने, फैलने वातावरण प्राप्त गऱ्यो । गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, पहलमानसिंह स्वाँर, शिखरनाथ सुवेदी, केदारनाथ खतिवडा आदि कविका कवितामा यो धारा व्यापक बनेर झाँगिदै गयो । कृष्ण प्रसाद रेग्मीले त झन् यो धारालाई निकै माथि उठाए । अरू निकै कविहरूले श्रृङ्गारिक कविता लेखेपनि यस धाराको एक प्रकारको पूर्ण रूप भने सूक्तिसिन्धु (१९७४) नै हो । त्यसपछि लेखिएका कविताले सूक्तिसिन्धुलाई उछिन्न सकेनन् । यस धाराका केही कविहरू र उनीहरूका योगदान यस प्रकार छन् ।

**(क) मोतीराम भट्ट**

मोतीराम भट्ट श्रृङ्गारिक धाराका कविताका प्रवर्तन नै हुन् । काठमाडौमा जन्मिएर भारतको वनारसमा आफ्नो बाल्यकाल विताएका भट्टले आफ्नो छोटो जीवनमा धेरै महत्वपूर्ण योगदान दिएका छन् । यिनका संगीत चन्द्रोदयमा छापिएका कविता हेर्दा श्रृङ्गारकालीन कविहरू मध्ये सबभन्दा सशक्त र मार्मिक संवेदनाका कविका रूपमा देखिन्छन् । शिष्ट श्रृङ्गार यिनको निजत्व हो । सुरासुन्दरीलाई दरवारिया विलासी शासकहरूले नैतिकताको रूपमा स्वीकारेको

थियो । यस युग नैतिकताबाट मोतीराम टाढा रह्न सकेनन् । आफ्नी प्यारीको सम्झनामा यिनले थुप्रै गजल कविताहरू लेखेका छन् । प्रेमको चरमोत्कर्ष वर्णन गरिएका यिनका कवितामा प्रेमिका वियोगबाट उत्पन्न भाव पनि प्रकट भएको छ । ३० वर्षको उमेरमा मृत्यु भए तापनि नेपाली साहित्यको फाँटमा यिनले गरेको योगदान ज्यादै उच्चकोटीको रहेको छ । मनोद्वेग प्रवाह (कविता संग्रह), गजेन्द्रमोक्ष (काव्य), पञ्चक प्रपञ्च (काव्य), गफाष्टक (हास्य कविता संग्रह), प्रल्हाद भक्ति कथा (काव्य), प्रियदर्शिका (नाटक), संगीत चन्द्रोदय (गजल संग्रह), उषा चरित्र (काव्य), पिकदूत (काव्य), कमल भ्रमर संवाद (काव्य) भानुभक्ताचार्यको जीवन चरित्र जस्ता विभिन्न काव्य कृतिहरूको रचना गर्ने मोतीराम भट्टको शिष्ट श्रृङ्गारिक कविताहरूमा महत्वपूर्ण स्थान रहेको छ ।

**(ख) लक्ष्मीदत्त पन्त**

मोतीमण्डलीको सदस्य भएर माध्यमिककालीन नेपाली कवितालाई अगाडि बढाउन निकै ठूलो योगदान दिने लक्ष्मीदत्त पन्तको जन्म काठमाडौमा भएको हो । यिनले धेरै पुस्तक नलेखे पनि कविता र गजल निकै लेखेका छन् । साथै यिनका गजलहरू निकै उत्कृष्ठ देखिन्छन् । संगीत चन्द्रोदय, गफाष्टक, मोतीरामको जीवनी पद्य संग्रह आदिमा पनि यिनका गजलहरू छापिएका छन् । यिनले प्रशस्त श्रृङ्गार परम्पराका कविताहरू लेखेको पाइन्छ । यिनको सूक्तिसिन्धुमा छापिएको कविताको एकअंश यहाँ प्रस्तुत गरिएको छ ।

“पोशाकलाई अत्तर गुलाफहरू घसी बैठक विषे डुल्दथिन ।
आए नाएक पान खाइ बीचमा क्यै बात सोद्धि भइन ॥
कसले टोकि दिदा रगतमय भयो मुख तिम्रि जस्सै भनिन् ।
तिम्ले टोकिदिंदा त हो नि कहदा ती नाजवाफ भै गयिन् ॥”

यसरी प्रेम र रोमान्सका घतलाग्दा कविता लेख्ने लक्ष्मीदत्त पन्तले नेपाली कविताको श्रृङ्गारिक धारालाई अघि बढाउनमा महत्वपूर्ण योगदान दिएका छन् ।

**(ग) कृष्णप्रसाद रेग्मी**

कृष्णप्रसाद रेग्मी धादिङ जिल्लामा जन्मेर माध्यमिककालीन नेपाली कविताको विकासमा महत्वपूर्ण योगदानदिने प्रतिभा हुन् । संस्कृतको विशेष अध्ययन गरेको कवि रेग्मीले वनारसमा रहदा निकै पुस्तकहरू लेखेको देखिन्छ । यिनका श्रृङ्गारिक कविताहरू निकै रोचक छन् । यिनले माध्यमिककालीन कविताको श्रृङ्गारिक धारालाई मूर्तरूप प्रदान गर्न महत्वपूर्ण योगदान दिएका छन् । यिनमा श्रृङ्गारिक धाराको सहज एवं, सरस  मूल फुटेको पाइन्छ । मोतीराम युगको श्रृङ्गारी प्रवृतिलाई अघि बढाउने कविको रूपमा यिनले एक भन्दा धेरै पुस्तकहरू रचना गरेका छन् । उनका श्रृङ्गारिक रचनामा रम्भाशुक संवाद, पट्ठापट्ठीको प्रिति प्रबन्ध, बाहमासे र प्रभावती चरित्र आदि प्रसिद्ध छन् । श्रृङ्गारका दुबै रूप (विप्रलम्भ र संयोग) को समुचित निर्वाह उनका रचनामा पाइन्छ । भनाइको सहजता र सौन्दर्य उनका रचनागत गुण  हुन् । 'सूक्तिसिन्धु' भित्रको उनको "प्यारी उठौँ कि अब ता कुखुरा कराए" शीर्षकको कविता श्रृङ्गार रसमा ज्यादै चर्चित कविता हो । यसरी कवि कृष्णप्रसाद रेग्मीले नेपाली कविताको श्रृङ्गारिक धारामा उत्कृष्ठ र चर्चित कविताहरू रचना गरे । माध्यमिककालीन नेपाली कविताको प्रमुख प्रवृतिका रूपमा रहेको श्रृङ्गारिक धारामा कविता लेखन गर्ने विविध कविहरू मध्ये कवि कृष्णप्रसाद रेग्मीको योगदान उल्लेखनीय रहेको देखिन्छ ।

माध्यमिककालीन नेपाली कविताको विकासमा कवि कृष्णप्रसाद रेग्मीको योगदानलाई पन्छयाउने हो भने माध्यमिककालीन नेपाली कविताको श्रृङ्गारिक धाराका महत्वपूर्ण र चर्चित कविताहरूको अभाव हुने देखिन्छ । त्यसैले

माध्यमिककालीन नेपाली कवितालाई चर्चाको शिखरमा पुऱ्याउने काममा लागेका धादिङ जिल्लाका कवि कृष्णप्रसाद रेग्मीको महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

## ४.१.२ भक्तिधारा

नेपाली साहित्यको प्राथमिक कालमै जन्मेर हुर्केको भक्तिधारा माध्यमिक कालमा पनि आफ्ना गतिविधि देखाउन सफल भयो । मोतीराम भट्ट, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल, शिखरनाथ सुबेदी, होमनाथ खतिवडा, केदारनाथ खतिवडा, कुलचन्द्र गौतम, कुञ्जविलास गौतम, बैजनाथ सेढाई आदि थुप्रै कविहरूले भक्तिधारालाई महत्व दिएर कविता लेखे । कसैले भगवानको गुणगान गरेर, कसैले शासकको प्रशंसा गरेर, कसैले भगवतीका अनेक स्वरूपको स्तुति भक्ति गरेर पनि यस धारालाई अगाडि बढाए ।

माध्यमिक कालको मूल प्रवति श्रृङ्गारिक धारा मानिए पनि यस समयमा भक्तिधारामा आधारित प्रशस्तै भक्तिकाव्यहरू रचना भएका छन् । यस धारामा आधारित भएर कविता लेख्ने केही कविहरू र उनका योगदान यस प्रकार रहेका छन् ।

### (क) होमनाथ खतिवडा

होमनाथ खतिवडा माध्यमिककालीन नेपाली कविता क्षेत्रमा महत्वपूर्ण योगदान दिने साहित्यकार मानिन्छन् । माध्यमिककालीन भक्तिधाराको प्रतिनिधित्व गर्नेखालको कविता रच्ने कवि होमनाथ खतिवडाको रामाश्वमेघ काण्ड (१९६०) विराटपर्व (१९६३), सभापर्व (१९६३), कृष्ण चरित्र र नृसिंह चरित्र (१९६३) जस्ता धार्मिक तथा पौराणिक महत्वका ग्रन्थहरू प्रकाशित छन् । उनका काव्यकृतिहरू मूलत रामायण र महाभारतमा आधारित छन् । उनले संस्कृतमा लेखिएका रामायण र महाभारतका अंशहरूलाई नेपाली पद्यमा अनुवाद गरेका छन् ।

संस्कृतबाट अनुवाद गरिएको भएपनि उनका कृतिहरूमा पर्याप्त मौलिकता प्रदर्शन भएको पाइन्छ ।

होमनाथका सबै कृतिहरू शास्त्रीय छन्दमा लेखिएका छन् । उनका कृतिहरू माध्यमिक कालमा भक्तिधाराको प्रतिनिधित्व गर्ने रचना मानिएका छन् । उनका रचनाले भगवान राम, कृष्ण र विष्णुका चमत्कारितालाई झै रोचकता प्रदान गरेको छन् । उनका रचनाहरू सरल, सहस र भावमय शैलीमा लेखिएका छन् । नेपाली समाजको तत्कालीन रूचि अनुसारका रचनाहरूको लेखन र प्रकाशन गरी उनले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । उनको व्यक्तित्व लेखक र प्रकाशकका रूपमा रहेको पाइन्छ ।

यसरी माध्यमिककालीन नेपाली साहित्यलाई भक्तिधाराका कविताहरू मार्फत विशिष्ट योगदान दिने कवि होमनाथ खतिवडा धादिङ जिल्लाका साहित्यकार हुन् ।

**(ख) शिखरनाथ सुवेदी**

काठमाडौंको मत्छेगाउँमा जन्मिएका शिखरनाथ सुवेदी आफ्नै मिहिनेत र परिश्रमले नेपाली साक्षर पाठकलाई रिझाउन सफल भए । माध्यमिककालीन नेपाली साहित्यमा उनका पौराणिक आख्यानमा आधारित कविताहरूले निकै महत्व राखेका छन् । कर्ण पर्व (१९६८), गंगामहात्म्यको सवाइ (१९७७), चौधरत्न दुर्गा कवच, बृहत कृष्ण चरित्र (१९६५ तिर), स्वस्थानी ब्रतकथा (१९६०), रामाश्वमेघराजा (१९७६) जस्ता पौराणिक विषयलाई अंगालेर लेखिएका उनका कविताहरूलाई भक्ति रचनाकै रूपमा लिन सकिन्छ ।

**(ग) कुलचन्द्र गौतम**

साहित्यकार कुलचन्द्र गौतम नेपाली साहित्यको इतिहासमा माध्यमिककालीन साहित्यकार हुन् । उनी त्यस बेलाका महत्वपूर्ण विद्वान हुन् र

उनका रचनाहरूले नव्य कालको प्रतिनिधित्व समेत गरेको पाइन्छ । होमनाथ खतिवडा पछिका विशिष्ट धादिङे साहित्यकारका रूपमा गौतमको नाम उल्लेख गर्न सकिन्छ । उनको विद्वतालाई कदर गर्दै नेपाल सरकारले 'विद्वच्छिरोमणि' को सम्मान दिएको थियो । संस्कृतका विद्वान पण्डित कुलचन्द्र गौतमको पाण्डित्यपूर्ण अभिव्यक्ति माध्यमिककालीन नेपाली साहित्यले पाएको छ । संस्कृत र नेपाली दुबै भाषामा यिनका प्रशस्त पुस्तकहरू प्रकाशित छन् । जसमध्ये अलङ्कार चन्द्रोदय (१९७८) लाई सर्वोत्कृष्ट कृति मानिन्छ । यिनका कृतिहरूलाई विषयका दृष्टिले काव्य, अनुवाद, टीका, लक्षणग्रन्थ, विविध गरी ५ प्रकारबाट वर्गीकरण गर्न सकिन्छ । यिनले पुरूषार्थ कल्पवली, अमरकोष, स्वयंबैद्य, अलङ्कार चन्द्रोदय, राधवालङ्कार, तुलसीकृत रामायण .(अनुवाद) महिम्नस्त्रोत्र, आदर्शदम्पति सीतारामौ, दुर्गे पाहिमाम्, शिवमहिमास्त्रोत्र जस्ता काव्यकृतिको रचना गरे । यिनमा भक्तिधाराका कविता कृतिहरूको नै बाहुल्यता छ । यसरी विविध किसिमका काव्यहरू रचना गर्ने कवि कुलचन्द्र गौतमको भक्ति धारामा नै महत्वपूर्ण योगदान छ ।

### (घ) कुञ्जविलास गौतम

कुञ्जविलास गौतम माध्यमिककालीन साहित्यकार हुन् । उनको योगदान पद्याख्यानमा रहेको छ । उनी आफ्नो समयका राम्रा कवि थिए । उनको रचनामा महाभारतका विभिन्न घटनाहरूको वर्णन गरिएको पाइन्छ । उनका रचनाहरू सरल र बोधगम्य छन् । उनले महाभारतको विभिन्न पर्वहरूको रचना गरे । तिनमा महाभारत (स्त्रीपर्व), (सौप्तिक पर्व), (गदापर्व) र शल्यपर्व छन् । त्यसबाहेक उनका गुहसेनोद्‌वाह र शशीमुखी लोहजगोपाख्यान काव्य पनि प्रकाशित छन् । यसरी पौराणिक र धार्मिक विषयवस्तुलाई आधार बनाई कविता रचना गर्ने कवि कुञ्जविलास गौतमको नेपाली साहित्यको माध्यमिककालीन भक्तिधाराको कवितामा महत्वपुर्ण योगदान रहेको छ ।

### (ङ) केदारनाथ खतिवडा

माध्यमिककालीन कवि होमनाथ खतिवडाका छोरा केदारनाथ खतिवडा पनि माध्यमिक कालमा नाम चलेका व्यक्तित्व हुन् । भक्ति कविताको रचना र अनुवादमा उनको महत्वपूर्ण स्थान छ । यिनले महाभारतका १६ पर्वको अनुवाद गरेको छन् । यिनले पाँच हजार पौराणिक श्लोकहरू पनि रचना गरेको छन् । यसबाहेक यिनका प्रशस्त श्रृङ्गारिक रचनाहरू पनि छन् । यिनले श्रृङ्गारदर्पण नामक ग्रन्थमा श्रृङ्गारिक रचनाहरू संकलन गरेर श्रृङ्गारिक धाराका कविको रूपमा समेत ख्याति आर्जन गरेको छन् । केदारनाथ खतिवडाले गीताको अनुवाद गर्नुका साथै बाबुका रचनाहरूमा छेपक थपेर आफ्नो विशेष क्षमता देखाएका छन् ।

## ४.१.३ अन्य धारा तथा प्रवृत्ति

माध्यमिककालीन नेपाली कविताको विकास क्रममा श्रृङ्गारिक र भक्ति धारासँगै अन्य प्रवृतिहरू पनि देखा परेको थिए । माध्यमिककालमा केही कविहरू सामाजिक सुधार, जातीय जागरणको निम्ति सचेत भएको पाइन्छ । तर यस्ता कार्यहरू देशभित्र गर्न स्वतन्त्र नभएकोले देशबाहिर वनारस, दार्जिलिङ्गमा बसी समाजमा रहेको कुसंगति, अन्धविश्वास, दुर्व्यसन, आदिको पोल खोल्ने र समाजमा शिक्षा राष्ट्रियता, भाषा, साहित्य र विभिन्न सुधारवादी विचारहरू पोख्ने गर्दथे ।

माध्यमिककालीन कविहरूमा पनि कैयौ कविहरूले श्रृङ्गारिक र भक्ति बाहेका अन्य प्रवृतिका कविताहरू लेखेको पाइन्छ । त्यस्ता कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, धरणीघर कोइराला, कुलचन्द्र गौतम, भवानीप्रसाद खतिवडा आदि पर्दछन् । यी कविहरूले आफ्ना कविता मार्फत देशमा चलिरहेको जहाँनिया निरंकुश राणाशासन र त्यसले जनतालाई दिएको दुःख कष्ट र सास्तीका बारेमा प्रकाश पारेका छन् । साथै जनतामा राजनैतिक चेतना आउनुपर्ने कुरालाई

निर्भीकतापूर्वक कविताको रूप प्रदान गरेको छन् । यस प्रकारको प्रबृतिको कविता लेख्ने कवि भवानीप्रसाद खतिवडाको विशेषता र योगदान तल प्रस्तुत गरिएको छ ।

### (क) भवानी प्रसाद खतिवडा

कवि भवानीप्रसाद खतिवडा माध्यमिककालीन साहित्यकार हुन् । उनका पुस्तकाकार कृति धेरै छैनन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका कविताहरू संकलन गरी वि.सं. २०३१ सालमा **'ढ्याङरो'** नामक कृति प्रकाशित भएको छ । उनको यो ढ्याङरो कवितासंग्रह भित्रका कविताहरूमा देशको विग्रिएको अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । समाजमा देखिएका कुरीति, कुसंस्कार विसंगति जुनसुकै तह र ओहदाका व्यक्तिबाट भएपनि कविता मार्फत त्यसको विरोध गरेर सुधारको बाटो देखाइएको छ । उनी स्वतन्त्रता प्रेमी थिए भन्ने कुरा प्रष्ट्याउन उनको यो कविताको अंश प्रस्तुत गरिएको छ ।

बहाउन्या पूर्ण स्वतन्त्रता नदी
निर्मीक यो काल छ बीसवी सदी[३५]

भावकुता र दूरदर्शिता प्रर्दशन भएको कविता लेख्ने भवानीप्रसादले घायल मनको दर्दलाई सम्पूर्ण नेपालीकै दर्दको रूपमा व्यक्त गरेका छन् साथै नेपाली जनतालाई सचेत हुन कविता मार्फत आह्वान गरेको छन् । उनी राजनैतिक चेतना भएका कवि हुनाले उनका कविताहरूमा राजनैतिक दाउपेच, दमन, उत्पीडन देखिन्छ । उनका कवितामा यसका विरूद्ध आवाज बुलन्द गर्ने काम भएको छ । उनमा सामाजिक चेतनाको प्रभाव पनि राम्ररी परेको थियो । नागरिक हक, चेलीबेटीको सुरक्षा देशविदेशमा भैरहेको गतिविधिप्रति सचेत हुँदे आफ्नो सामाजिक पछौटेपन प्रति पश्चाताप भएको भाव उनका कवितामा

[३५] **ढ्याङ्रो**, पृ. १८ ।

पाइन्छ । सामाजिक, राजनैतिक चेतना भएको उनको कविताको एक अंश यहाँ प्रस्तुत छ ।

मिश्र काबुल इरान सब जागे ।
चिनियाँहरू पनि अघि लागे ॥
कर्म भीरू गृहसुर विकामी
छौँ पछि अवत केवल हामी ।[३६]

भवानीप्रसाद खतिवडाले जातीय चेतना भर्ने खालका रचनाहरू प्रकाशित गरेर आम नेपाली पाठकमा नेपाली जाति प्रतिको सद्भाव र प्रेम जगाउने काम गरेका छन् । त्यस्तै उनी व्यङ्ग्य चेतना भएका कवि हुन् । उनका कवितामा राजनैतिक बेइमानी, दुष्टता कुशासन र अन्याय प्रति धारिलो व्यङ्ग्य गरिएको पाइन्छ । उनका कवितामा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रको नाम उच्च पार्नुपर्ने विचार प्रकट भएको पाइन्छ । शास्त्रीय छन्दमा कविता लेख्ने भवानी प्रसादका कविता अध्यात्मिक नैतिक चेतनायुक्त छन् ।

भवानीप्रसाद खतिवडा प्रगतिवादका पृष्ठपोषक कवि हुन् । यिनका सबै जसो कवितामा सामाजिक विसंगति, कुरीति, अन्याय, अत्याचार, भ्रष्टाचार र जनविरोधी गतिविधिको तीब्र आलोचना गरिएको पाइन्छ । औद्योगिक विकास र बैज्ञानिक समुन्नतिबाट नै देशको चौतर्फी विकास हुनसक्छ भन्ने सन्देश उनको कविताबाट पाइन्छ । देश विकासमा लम्कन देशमा वैज्ञानिक उन्नति गर्नुपर्छ भन्ने भावको कविताको एक अंश यहाँ प्रस्तुत गरिएको छ ।

हुँदै गई नित्य अनुर्वरा धरा
    किसानको कष्ट छ के गरून् बरा
देशी युरोपीय दुबै प्रथा मिसी
    बढाउँ वैज्ञानिक रीतिले कृषि ।[३७]

---

[३६] पूर्ववत् पृ. ४२ ।

माध्यमिककालीन कवि भवानीप्रसाद खतिवडाले तत्कालीन समाजको वास्तविक चित्र कविता मार्फत कोर्दै आफू बाँचेको संसारलाई राम्ररी केलाउन सफल भएका छन् । समाजभित्रका विभिन्न गतिविधिहरूलाई कविताको विषयवस्तु बनाउन सक्षम कवि भवानीप्रसाद खतिवडाका रचनाहरू वर्तमान समयमा पनि उत्तिकै सशक्त छन् र उनका कविता आजको सामाजिक, राजनैतिक तथा आर्थिक चरित्र सापेक्ष पनि बन्न पुगेका छन् ।

यसरी धादिङ जिल्लाका कवि भवानी प्रसाद खतिवडाले माध्यमिककालीन नेपाली साहित्यमा कविता मार्फत देशको वास्तविकताको चित्र उतारेका छन् । साथै जनतामा चेतना र जागरणको शंखघोष पनि गरेको छन् । त्यसैले उनी माध्यमिककालका विशिष्ट प्रतिभा हुन् । उनको योगदान अविश्मरणीय रहेको छ ।

## ४.२ निष्कर्ष

माध्यमिककालीन नेपाली साहित्यको महत्वपूर्ण विधा कवितामा थुप्रै कविहरूले कलम चलाए । विभिन्न प्रवृत्तिका कविताहरू यस समयमा लेखिए । श्रृङ्गारिक कविता, भक्ति धाराका कविता पद्याख्यान, गजल, भजन, सवाइ, बालुन, लहरी साहित्य, अड्का र खाँडो तथा उपदेश र समस्यापूर्ति जस्ता विविध विधा मार्फत माध्यमिकालीन कविताले झाँगिने र फैलाउने मौका पाए । यी विभिन्न प्रवृत्तिहरू अंगालेर कविता रचना गर्ने कविहरूमा राजीवलोचन जोशी, होमनाथ खतिवडा, बैयाकरण नेपाल, शिखरनाथ सुवेदी भुवनप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त, मोतीराम भट्ट, कुञ्जविलास गौतम, तीर्थराथ पाण्डे, गोपीनाथ लोहनी, भवानीप्रसाद खतिवडा, कृष्णप्रसाद रेग्मी, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल, शम्भुप्रसाद ढुङ्गेल आदि पर्दछन् ।

[३७] पूर्ववत् पृ. ३५ ।

यी कविहरू मध्ये होमनाथ खतिवडा, केदारनाथ खतिवडा, कुञ्जविलास गौतम, कुलचन्द्र गौतम, भवानीप्रसाद खतिवडा र कृष्णप्रसाद रेग्मी धादिङ जिल्लाबाट प्रतिनिधित्व गर्ने कविहरू हुन् । यी कविहरूले श्रृङ्गारिक धारा, भक्ति धारा तथा अन्य प्रवृत्तिका कविताहरू लेखि माध्यमिककालीन नेपाली कविता विधामा महत्वपूर्ण योगदान दिएका छन् ।

भक्तिधारामा लेखिएका होमनाथ केदारनाथका महाभारतका पर्वहरू नृसिंह चरित्र, रामाश्वमेघ कृष्ण चरित्र जस्ता पौराणिक विषयवस्तु समेटिएका काव्यकृतिहरू तत्कालीन नेपाली पाठकहरू माभ्क अति लोकप्रिय बने । सरल र सरस यी रचनाहरू नेपाली भाषाप्रति प्रेमभाव राख्ने हिन्दूधर्म प्रेमी नेपालीले अति नै रूचाए । संस्कृत तथा नेपाली भाषाका विशिष्ट प्रतिभा कुलचन्द्र गौतमका अलङ्कार चन्द्रोदय, राधवालङ्कार जस्ता काव्यहरू पनि माध्यमिककालको भक्तिकाव्यका रूपमा प्रसिद्ध छन् । त्यसैगरी कुञ्जविलास गौतमका महाभारतका विविध पर्वहरू पनि उल्लेख गर्न योग्य काव्यकृति हुन् । श्रृङ्गारिक धारामा कविता लेख्ने कवि कृष्णप्रसाद रेग्मीको महाभारतका आदिपर्व, उद्योगपर्व, वनपर्व ता देवीभागवत (पद्याख्यान) भक्तिधाराका महत्वपूर्ण कृतिहरू हुन् ।

श्रृङ्गारिक धारामा कविता रचना गर्ने माध्यमिककालीन कविहरूमा कृष्णप्रसाद रेग्मीको नाम अग्रपंक्तिमा आउँछ । उनका पट्ठापट्ठी, श्रृङ्गारमाला बाह्रमासे ऋतुमाला र रम्भा शुकसवाद जस्ता कृतिहरूका साथै सूक्तिसिन्धुमा प्रकाशित ‘कुखुरा कराए’ जस्ता श्रृङ्गार रसले भरिएको कविताहरूले उच्च स्थान प्राप्त गरेको छन् । केदारनाथ खतिवडाले पनि नलदमयन्तीको कथा, शुभविवाह, श्रृङ्गारदर्पण, ऋतुविचार, बाह्रमासे आदि श्रृङ्गारिक कविता रचना गरेको छन् ।

प्रगतिशील किसिमका कविताहरू लेख्ने कवि भवानीप्रसाद खतिवडाले समाजमा राजनैतिक, आर्थिक, नैतिक, चारित्रिक समस्याहरूप्रति सजग रहँदै देशको सामन्ती तथा शोषक वर्गको विरोधमा सशक्त रूपले कलम चलाएका छन्

। उनले समाजमा देखिने यावत् विकृति र आडम्बरको चिरफार कविताको माध्यमबाट गर्नुका साथै ती समस्याहरूको उपचारात्मक सुझाव समेत प्रस्तुत गरेका छन् । ढ्याङरो संग्रहमा संकलित उनका कविताहरूका आधारमा उनलाई राजनैतिक चेतना भएका निर्भीक, प्रगतिशील साहित्यकार मान्न सकिन्छ ।

यसप्रकार माध्यमिककालीन नेपाली कविताको विकासमा धादिङ जिल्लाका कविहरूको योगदान अविश्मरणीय रहेको छ । त्यसैले माध्यमिककालीन नेपाली कविताको विकासमा धादिङ जिल्लाले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

नेपाली साहित्यमा वि.सं. १९४० देखि १९७४ सम्मको समयावधीलाई माध्यमिककाल मानिएको छ । माध्यमिककालका कविहरूमा परम्परागत र संस्कारका रूपमा विकसित भएको भक्तिभाव, युवावस्थामा उद्‌भव् हुने श्रृङ्गारिक मनोभाव, धार्मिक र अध्यात्मिक चेतना सामाजिक स्थिति र अनुभूति छन्दोबद्ध रचनामा आबद्ध गरेर अभिव्यक्ति दिनु संस्कृत शास्त्रमा पाइने अनेक आख्यानलाई पद्यबद्ध गरी रोचक बनाउनु मध्यमिककालीन काव्य प्रवृति हुन् ।

माध्यमिककालका काव्यप्रवृतिहरू मोटामोटी रूपमा लिंदा पनि अनेक धारामा विभाजित पाइन्छन् । शैली र अभिव्यक्ति, विषयवस्तु र प्रस्तुतका आधारमा यस कालको काव्यधारा केलाउनु पर्ने हुन्छ । माध्यमिककालका काव्यप्रवृत्तिहरू बारे अध्ययन गर्ने साधारणत श्रृंगारधारा, भक्तिधारा, पद्याख्यान, भजन, गजल, बालुन सवाई आदिको प्रयोग, झ्याउरे छन्दको उपयोग, उपदेश समस्यापूर्ति, कूट, खाडो, अड्का आदि विषयमा अभिव्यक्ति दिने कुशलता यस समयका मूल प्रवृत्ति हुन् । यस समयका कविहरूका बीच स्वस्थ प्रतिस्पर्धा, भेटघाट, छलफलका आधारमा पनि कविता लेखिन्थ्यो ।

माध्यमिककालका प्रमुख काव्य प्रबृत्ति श्रृंगारिक अभिव्यक्ति हो । मोतीराम भट्टका कविता मार्फत यस प्रवृत्तिले हुर्कने मौलाउने वातावरण प्राप् गऱ्यो । गोपीनाथ लोहनी, लक्ष्मीदत्तपन्त, शम्भुप्रसाद ढुङ्गेल,पहलमान सिंह स्वाँर, शिखरनाथ सुवेदी, केदारनाथ खतिवडा आदि कविका कवितामा यो धारा व्यापक र विस्तृत बनेर झाँगियो । कवि कृष्णप्रसाद रेग्मीले यस धारामा निकै चर्चित कविताहरू लेखे । अरू निकै कविहरूले श्रृङ्गारिक कविता लेखेपनि यस धाराको एक प्रकारको पूर्ण रूप भने सूक्तिसिन्धु नै हो । यस अघि नै प्रकाशित भएका गफाष्टक, कविता कल्पद्रुम, मनोद्धेगप्रवाह, श्लोक संग्रह जस्ता संग्रहले केही न

केही योगदान गरे पनि व्यापक र विशेष योगदान चाँहि श्रृंगारधारामा सूक्तिसिन्धुले नै दिएको छ ।

माध्यमिक कालको अर्को प्रवृत्ति भक्तिधारा प्राथमिककालमै जन्मेर हुर्केको र माध्यमिक कालमा पनि सफल गतिविधि देखाएको धारा हो । यस धारालाई महत्व दिएर कविता लेख्ने कविहरूमा मोतीराम भट्ट, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल, शिखरनाथ सुवेदी, होमनाथ खतिवडा, केदारनाथ खतिवडा कुञ्जविलास गौतम, कुलचन्द्र गौतम, बैजनाथ सेढाई आदि रहेका छन् । यी कविहरूले भगवानको गुणगान गरेर, शासकको प्रशंसा गरेर, भगवतीको अनेक रूपको स्तुतिभक्ति गरेर पनि भक्ति धारालाई अगाडि बढाए ।

पुराणमहाभारत रामायण संहिता आदि हिन्दू संस्कृतिका ग्रन्थहरूमा वर्णित रोचक कथाहरूलाई श्लोकबद्ध गर्ने काम यस कालमा निकै नै भयो । नेपाली श्लोक पढ्न र कष्ठस्थ गर्न सुगम भएकाले यस्ता पद्यरचनालाई नेपाली पाठकहरूले निकै रूचाए । मोतीरामको प्रल्हादभक्ति कथा, गोपीनाथको नलदमयन्ती, होमनाथ, केदारनाथको महाभारत, शम्भु प्रसादका महाभारत र कृष्ण चरित्र, कृष्णप्रसाद रेग्मीको देवीभागवत, शिखरनाथको रामाश्वमेघ राजा, रेवतीरमणको विश्वजीतलीला जस्ता कृतिहरूको पुराना गौरवमय प्रंसग बुझ्न चाहने तर संस्कृतका ग्रन्थ पढ्न नसक्ने पाठकहरूका बीच राम्रो प्रभाव पाऱ्यो ।

झ्याउरे लयमा सरल रूपमा श्रृङ्गारिक भाव व्यक्त भएका रचना लहरी साहित्यमा पर्दछन् । उदय लहरी, मनलहरी, मदनलहरी, समुद्रलहरी, प्रेमलहरी आदि थुप्रै लहरी साहित्यका पुस्तकहरूले पनि नेपाली रचना प्रति पाठकवर्गको रूचि बढाए ।

माध्यमिक कालको काव्य प्रवृतिलाई अघि बढाउने काममा उपदेश समस्यापूर्ति, अड्का खाँडो जस्ता विविध किसिमका रचनाहरू पनि रचिए । त्यस

समयमा प्रकाशित विविध कवितासंग्रहरूले पनि माध्यमिकालीन कविता क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् ।

माध्यमिककालीन कविताको विकासमा योगदान दिने विभिन्न कविहरू छन् । यी कविहरूमा राजीवलोचन जोशी, होमनाथ खतिवडा, बैयाकरण नेपाल, शिखरनाथ सुवेदी, भुवन प्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त, मोतीराम भट्ट, कुञ्जविलास गौतम, तीर्थराज पाण्डे, गोपीनाथ लोहनी, भवानी प्रसाद खतिवडा, कुलचन्द्र गौतम, केदारनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल, शम्भुप्रसाद ढुङ्गेल, बैजनाथ सेढाई आदि पर्दछन् ।

यी कविहरूमध्ये होमनाथ खतिवडा, केदारनाथ खतिवडा, कुञ्जविलास गौतम, कुलचन्द्र गौतम भवानीप्रसाद खतिवडा र कृष्णप्रसाद रेग्मी धादिङ जिल्लाबाट प्रतिनिधित्व गर्ने कविहरू हुन् । यी कविहरूले माध्यमिक कालमा प्रचलित श्रृङ्गारिक धारा, भक्ति धारा तथा अन्य धाराहरूमा कविता रचना गरेर माध्यमिककालीन कविता विधामा महत्वपूर्ण योगदान दिएका छन् ।

होमनाथ केदारनाथका महाभारतका पर्वहरू नृसिंह चरित्र, रामाश्वमेघ, कृष्णचरित्र जस्ता काव्यहरूले तत्कालीन समाजमा नेपाली पाठकहरू बीच लोक प्रियता हाँसिल गरे भने कुञ्जविलास गौतमका महाभारतका शल्यपर्व, स्त्रीपर्व, गदापर्व र सौप्तिक पर्व जस्ता कृतिहरूले पनि तत्कालीन अवस्थामा राम्रो प्रभाव पाऱ्यो । संस्कृत तथा नेपाली भाषाका विशिष्ट प्रतिभा पं कुलचन्द्र गौतम धेरै काव्यकृतिहरू प्रकाशन गर्न सफल साहित्यकार मानिन्छन् । उनका अलङकार चन्द्रोदय र राघवालङ्कार जस्ता काव्यहरू महत्वपूर्ण काव्यकृति हुन् । श्रृङ्गारिक कविका रूपमा परिचित कवि कृष्णप्रसाद रेग्मीको पनि महाभारतका आदिपर्व, उद्योगपर्व, वनपर्व तथा देवी भागवत आदि उल्लेख्य काव्यकृतिहरू भक्तिधारा अन्तर्गत पर्न आउँछन् ।

श्रृङ्गाधारामा कलम चलाउने माध्यमिककालीन कवि कृष्णप्रसाद रेग्मी अविस्मरणीय प्रतिभा हुन् । उनका पट्ठापट्ठी, श्रृङ्गारमाला, बाह्रमासे, ऋतुमाला, विरहलहरी, रम्भा शुकसंवाद जस्ता काव्यकृतिका साथै सूक्तिसिन्धुमा छापिएको 'कुखुरा कराए' जस्ता श्रृङ्गारिक कविताहरूले अग्रस्थान हाँसिल गर्न सफल भएका छन् । त्यसैगरी वनारसमा प्रकाशन संस्था खोलेर पुस्तक प्रकाशन गर्ने काममा लागेका केदारनाथ खतिवडाले पनि पुस्तक प्रकाशनका साथै नलदमयन्तीको कथा, शुभविवाह, श्रृंगारदर्पण, ऋतुविचार जस्ता श्रृङ्गारिक कविता रचना गरेका छन् ।

कवि भवानीप्रसाद खतिवडाले तत्कालीन नेपाली समाजमा व्याप्त विकृति र आडम्बरहरूका विरूद्ध वनारसमा रहेर कलम चलाए । उनले समाजका राजनैतिक, सामाजिक, आर्थिक, नैतिक चारित्रिक समस्याहरू प्रति सजग रहदै देशका सामन्ती शोषक र अत्याचारी वर्गको विरोधमा सशक्त रूपले कलम चलाएका छन् । उनका राजनैतिक चेतनायुक्त कविताहरू वनारसबाट प्रकाशित हुने विभिन्न पत्रिकाहरूमा विभिन्न उपनामहरू राखेर छापिएको थियो । त्यसैलाई संकलन गरी २०३१ मा ढयाङरो कविता संग्रह प्रकाशित भयो । उनका कविताहरू हेर्दा उनलाई राजनैतिक चेतनाभउका निर्भीक प्रगतिशील कवि मान्न सकिन्छ ।

यसरी माध्यमिककालीन कवितागत प्रमुख प्रवृत्तिहरूलाई स्थापित गराउन विभिन्न धाराहरूमा कविता रचना गर्ने माध्यमिककालीन कविताहरूमा धादिङ जिल्लाका यी कविहरूको महत्वपूर्ण योगदान छ ।

माध्यमिककालीन नेपाली कविताको भक्तिधाराका केन्द्रीय प्रतिभाहरू होमनाथ खतिवडा, केदारनाथ खतिवडा कुञ्जविलास गौतम कुलचन्द्र गौतम, कृष्णप्रसाद रेग्मी आदि कविहरूका भक्तिधाराका कविताहरूले धादिङ जिल्लाको मात्र नभई सम्पूर्ण राष्ट्रकै प्रतिनिधित्वि गरेको छन् अर्थात माध्यमिककालीन भक्ति

धाराका प्रतिनिधिमूलक कविताहरू यिनै कविहरूका कलमबाट रचना भएका छन् । भक्तिधारामा धादिङ जिल्लाको योगदानलाई पन्छयाउने हो भने यो धारा अपूर्ण बन्ने देखिन्छ । त्यसैले भक्तिधारामा धादिङ जिल्लाको महत्वपूर्ण योगदान रहेको पाइन्छ ।

त्यसैगरी माध्यमिककालीन नेपाली कविताको प्रमुख प्रवृतिका रूपमा रहेको श्रृङ्गारिक धारामा पनि कवि कृष्णप्रसाद रेग्मीलाई उनको कवित्वको आधारमा केन्द्रीय प्रतिभा मान्न सकिन्छ । उनका कविताले माध्यमिक कालको श्रृङ्गारिक कविताको प्रतिनिधित्व गरेको छन् । माध्यमिक कालमा चर्चित श्रृङ्गारिक कविताहरूबाट कृष्णप्रसाद रेग्मीका कविताहरूलाई हटाउने हो भने श्रृङ्गारिक कविताको क्षेत्रमा ठूलो अभाव खड्कन्छ । त्यसैले श्रृङ्गारिक कविता लेखनमा पनि धादिङ जिल्लाको योगदान महत्वपूर्ण रहेको पाइन्छ ।

यस प्रकार माध्यमिककालीन नेपाली कविताको विकासमा धादिङका कविहरूले धादिङ जिल्लाको मात्र नभई सम्पूर्ण राष्ट्रकै प्रतिनिधित्व गरेको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत शोधपत्रमा माध्यमिककालीन काव्य प्रवृत्ति र केही माध्यमिकालीन कविहरू, धादिङ जिल्लाका माध्यमिककालीन कविहरू र तिनका प्रमुख कृतिहरूको परिचय तथा ती कविहरूका कविताको आधारमा माध्यमिककालीन नेपाली कविता विधामा धादिङ जिल्लाको योगदान प्रस्तुत गरिएको छ । यस शोधपत्रले माध्यमिक कालका धादिङका कविहरूको परिचय र योगदानको सन्दर्भमा जानकारी राख्न चाहनेहरूका लागि केही सहयोग अवश्य पुग्ला भन्ने आशा गरिएको छ । यस शोधपत्रले प्रस्तुत गर्न नसकेको विषयहरूलाई यस

क्षेत्रमा रूचि राख्नेहरूले शोध अध्ययन गर्न सक्ने ठाउँ प्रशस्त रहेको छ । त्यस्ता संभावित शोधका विषय र शीर्षकहरू तल प्रस्तुत गरिएको छ ।

१. महत्वपूर्ण कृतिका विशिष्ट अध्ययन अन्तर्गत महत्वपूर्ण साहित्यिक कृतिहरू देवीभागवत, राधवालङकार कृष्ण चरित्र, ढ्याङ्रो आदिको विशिष्ट अध्ययन गर्न सकिने सम्भावना रहेको छ ।

२. तुलनात्मक अध्ययन अन्तर्गत माध्यमिक कालका भक्तिधाराका कविहरूको तुलनात्मक अध्ययन गर्न सकिने छ ।

३. त्यसैगरी जिल्लामै रहेर साहित्यमा संलग्न साहित्यकारहरू र जिल्ला बाहिर रहेर साहित्यमा संलग्न सहित्यकारहरूले व्यक्तित्व कृतित्वको साथै तुलनात्मक अध्ययन पनि गर्न सकिनेछ ।

# सन्दर्भग्रन्थ सूची


खतिवडा, भवानीप्रसाद, **:ढ्याङ्ग्रो,** (कलकत्ताः किरणकुमार शर्मा, पी. २० डालिम तल्ला लेन २०३१) ।

खतिवडा, होमनाथ, **:रामाश्वमेध काण्ड (रामायण)** (वनारसः विश्वराज - हरिहर शर्मा १९८६) ।

**:महाभारत विराट पर्वः** (वनारसः विश्वराज - हरिहर शर्मा १९६३) ।

**:महाभारत सभा पर्व** (वनारसः विश्वराज - हरिहर शर्मा, गोर्खा पुस्तकालय रामघाट, १९०७ ई.) ।

**श्रीमद्भागवत कृष्णचरित्र (प्रेम सागर),** (वनारसः विश्वराज - हरिहर शर्मा, ........) ।

**नृसिंह चरित्र,** (शिवप्रसाद उर्फ राधोराम, गोर्खा पुस्तकालय, रामघाट काशी ..........) ।

गौतम, कुञ्जविलास, **:महाभारत (गदापर्व, स्त्रीपर्व, सौप्तिक पर्व)** श्री मुरलीधर शर्मा, (प्रभाकारी कम्पनी वनारस सं. १९६०) ।

**गुहसेनोद्वाहः** पशुपत-प्रेस ठैहिटी आढत, (वि.सं. १९५६) ।

**शशिमुखी लोहजंघोपाख्यानः** ढुण्डिराज, ऋषिकेश वनारस (वि.सं. १९५६) ।

गौतम, कुलचन्द्र, :**पुरूषार्थ कल्पवल्ली (प्रथम भाग),** (वनारसः पं. ढुण्डिराज ऋषिकेश, वि.सं. १९५६ तिर)

:**अमरकोश,** (वनारसः पं. ढुण्डिराज ऋषिकेश शर्मा, वि.सं. १९५७/५८ तिर)

:**दत्तचर्या र दत्तचर्या सारसंग्रह** (वनारसः पं.आत्मराम शर्मा, १९७१) ।

:**स्वयं वैद्यः** कुलचन्द्र गौतम, (काठमाडौः भगवती प्रेश नक्साल, १९७२) ।

:**अलङ्कार चन्द्रोदय,** (काशीः मैनेजर पं. आत्माराम शर्मा, वि.सं. १९७८) ।

:**तुलसीकृत रामायण,** (कुलचन्द्र गौतम, वनारस, १९९६)

:**उन्माद,** (कुलचन्द्र गौतम २०१०) ।

:**आदर्श दम्पति सीतारामौ,** (कुलचन्द्र गौतम, वि.सं. २०१२) ।

:**राघवालङ्कार,** (काठमाडौः नेपाल एकेडेमी, २०१५) ।

तिम्सिना, डिल्लीराम र भंडारी, माधव : **हाम्रा साहित्य र साहित्यकारहरु** पा.सं. (वाराणासीः नभसंगम २०४१)

दीक्षित, कमल, :**कालो अक्षर** ते.सं. (काठः साभ्का प्रकाशन, २०२८) पृष्ठ ५४ 'कुखुरा कराये'

प्रधान कृष्णचन्द्र सिंह, : **सिर्जनाको सेरोफेरो** (का. ने.रा.प्र.प्र., २०४०)

प्रधान, प्रतापचन्द्र, : **माध्यमिककालीन नेपाली कवितामा श्रृङ्गार** ( अन्वेषणात्मक कृति वाराणासी, नाथ पब्लिसिङ हाउस, २०३७)

भट्टराई, घटराज, :**प्रतिभै प्रतिभा र नेपाली साहित्य,** (नेपाल रिसर्च एसोसियट्स, २०४०) ।

:**माध्यमिककालीन कवि र कविता,** (सम्पादकः) ( काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी २०४५) ।

रेग्मी, कृष्णप्रसाद, :**ठूलो भक्तमाला र लक्ष्मण प्रश्नोत्तरी,** (वनारसः पं. पुण्यप्रसाद उपाध्याय) ।

:**देवी भागवत** (वनारसः गोपाल चन्द्र, सर्वहितैषी कम्पनी, वीसौ संस्करण १९५६) ।

:**पट्ठापट्ठी,** (प्रथम भाग) (पं. भैरवप्रसाद शर्मा, १९१५ ई.) ।

**बाह्रमासे, रम्भा-शुक संवाद, ऋतुमाला र श्रृंङ्गार माला,** (वनारसः पं. विश्वराज शर्मा, १९२५ ई.) ।

**विरह लहरी र प्रभावती चरित्र,** (काठमाडौः चन्द्रप्रभा प्रेस, नक्साल, १९६३) ।

**हरिहरस्तुति,** (मी.सु. गोविन्दप्रसाद ढुङ्गाना बौद्ध, २००६)

**शिवगीता** (द्वि.सं.) (खडेश्वर बाबा, श्री पशुपति मन्दिर, २०२१) ।

शर्मा, तारानाथ, :**नेपाली साहित्यको इतिहास** (दो.स.) काठमाडौ संकल्प प्रकाशन, (२०३९)

शर्मा, शरद्चन्द्र, :**नेपाली साहित्यको इतिहास, (माध्यमिककाल)** (पा.वि.के.त्रि.वि.वि. प्रथम संस्करण २०३७)

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराजः **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (प्रथम संस्करण, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३४) ।

सुवेदी, देवीप्रसाद, :**नेपाली साहित्यको इतिहास,** त्रि.वि. पा.वि.के. वि.सं. (२०३७) ।

त्रिपाठी, वासुदेव, र अन्य :(सम्पादक) **नेपाली कविता भाग चार** (पुल्चोक साझा प्रकाशन, २०४६) ।

## अप्रकाशित शोध

लम्साल, रामहरि, धादिङ जिल्लाका साहित्यकारहरुको परिचय र मूल्याङ्कन (त्रि.वि. २०५३) ।

श्रेष्ठ, रत्न कुमारी, :माध्यमिककालीन नेपाली साहित्यमा लक्ष्मीदत्त पन्तको योगदान (त्रि.वि.२०५५) ।